पोखरा दर्पण त्रैमासिक बुलेटिन
वर्ष १३, । अंक २१ । २०७५ चैत

• संरक्षक
**मानबहादुर जिसी**
प्रमुख
**मञ्जुदेवी गुरुङ**
उपप्रमुख
**शेषनारायण पौडेल**
प्रमुख प्रशासकीय अधिकृत

• सम्पादक मण्डल
संयोजक
**माधवप्रसाद बराल**

• सदस्य
**नवराज सापकोटा**
**एकराज गिरी**
**सोमनाथ लम्साल**
**मीनबहादुर क्षेत्री 'मन'**

• प्रकाशक
**पोखरा महानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
न्यूरोड, पोखरा

**फोन नं.**
**+९७७ ६१ ५२५३४०, ५२११०४, ५२११०५**
**फ्याक्स नं. +९७७ ६१ ५२०६००**
Email: info@pokharamun.gov.np
website : www.pkharamun.gov.np
www.facebook.com/pokharamun

## सम्पादकीय

# विधिको जग

पोखरा महानगरपालिकामा जनप्रतिनिधिहरु निर्वाचित भएको २ वर्ष पुग्दैछ । यस अवधिमा नागरिकहरुमा आशाको सञ्चार गराउन महानगरपालिका सफल भएको विश्वास हामीले गरेका छौं । संविधानले दिएका अधिकार अनुसारका कानुनहरु निर्माण भएका छन् । विधिको मजबुद जग निर्माण भएको छ । महानगरपालिकाको व्यवस्थित विकास र नागरिकलाई सुशासन दिनु जनप्रतिनिधिका अर्जुनदृष्टि हुन् । वडावडामा अधिकार प्रत्यायोजन गरी नागरिकका साढे २ तलासम्मका घर निर्माणका लागि आवश्यक नक्सापासको व्यवस्था वडाहरुबाटै भइरहेको छ । कर तिर्ने सजिलो व्यवस्था वडामै भइसकेको छ । वडा केन्द्रहरुलाई महानगरपालिका केन्द्रसम्म पक्की सडकले जोड्ने क्रम तीव्र गतिमा अघि बढेको छ । अरु थुप्रै कनेक्टिङ रोडहरु महानगपालिकाको प्राथमिकतामा छन् । ती सडकहरुको काम युद्धगतिमा भइरहेको छ ।

अनावश्यक र फजुल खर्चबाट महानगरपालिका मुक्त छ । वैदेशिक भ्रमणमा महानगरपालिकाले खर्च गरेको छैन । अनावश्यक सवारी साधन खरिदमा लगानी गरेको छैन । जनप्रतिनिधिले तजबिजका भरमा पैसा बाँडेका छैनन् । योजना र प्रस्तावका आधारमा सम्बन्धित समितिले निर्णय गरी मात्रै खर्च गरिएको छ । पारदर्शिता जनप्रतिनिधिहरुको मूलमर्म र कर्म भएको छ । नागरिकका हरेक गुनासा सम्बोधन गर्न जनप्रतिनिधि अहोरात्र खटिएका छन् । जनताका सेवक बनेका छन् । सार्वजनिक जमिन र सम्पदाको संक्षरणमा महानगरपालिकाले उल्लेख्य प्रगति गर्न सकेको छ । फेवाताल संरक्षणका लागि यसको मुहानमा सिल्टेसन बाँध निर्माणको प्रक्रिया अघि बढिसकेको छ । अरु तालहरु संरक्षणका प्रक्रिया अघि बढेका छन् । पोखराको सार्वजनिक यातायात व्यवस्था चुस्त बनाउन बृहत् परियोजना सञ्चालन गर्ने गृहकार्यमा महानगरपालिका छ । पार्किङ व्यवस्थित बनाउन अत्याधुनिक प्रविधिको खोजीमा महानगरपालिका लागिपरेको छ । लोकतन्त्रका आधार पारदर्शिता र सुशासन हुन् । तिनैको मर्ममा महानगरपालिका आफ्ना नागरिकहरुको सेवामा दत्तचित्त भइरहन कटिबद्ध छ । महानगरको समुन्नतिका लागि नागरिक समाज, बुद्धिजीवी, सञ्चार जगत, विभिन्न पेसाकर्मी र विद्वानहरुको अमूल्य सुझाव र सल्लाहलाई महानगरपालिका सधैं खुला हृदयले स्वागत गर्छ । आऔं हामी सबै मिलेर हाम्रो महानगरलाई अझै समृद्ध र सभ्य सहर बनाऔं ।

# पोखरा महानगरपालिकाको अपील

- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुषणको न्यूनीकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्री वितरण र प्रयोग नगरौं ।
- पशु चौंपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुने गरी निर्माण लगायत कुनैपनि सामग्री नराखौं ।
- छतको पानीलाई सार्वजनिक बाटोमा नखसालौं । स्वयं घरधनीले उचित व्यवस्थापन गरौं ।
- १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- पोलिथिनझोला (४० माइक्रोन भन्दाकम ) र गिलास प्रयोग नगरौं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहर पानी प्रयोग गरिएका, झिंगाभन्केका माछा मासु खरिद बिक्री नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका घटनादर्ताहरु समयमै गरौं ।

**पोखरा महानगरपालिका कार्यालय**
**पोखरा**
**फोन- ०६१, ५२११०५**

# सार्वजनिक जग्गाः संरक्षणको सवाल




- **धनबहादुर नेपाली**
**प्रवक्ता**
पोखरा महानगरपालिका


सरोकारको एक विषय सार्वजनिक जग्गा संरक्षण हो । यो विषय संघीय सरकार, प्रदेश र स्थानीय सरकारको लागि ध्यान दिनै पर्ने विषय भित्र पर्छ । वास्तवमा तीन वटै सरकारले सार्वजनिक महत्व दिएको र सुशासन महत्वपूर्ण पाटोको रुपमा यो सवाल उठेको देखिन्छ । सरकारको काम व्यक्तिको सम्पत्तिलाई सुरक्षा दिने र सरकारको आफ्नो सम्पत्ति संरक्षण गर्ने अधिकार दुबै हो । चरनचौर, पाटन, नदी, खोला, फिर्के, भीर पहरा, गल्छेडा, मैदान, पहरा, मठ मन्दिर, बाटो जस्ता चिनारी सार्वजनिक सम्पत्तिको रुपमा बुझिन्छ ।

अर्थात व्यक्तिको स्वामित्व भन्दा बाहिरको भौतिक भूगोल मात्रै सार्वजनिक जग्गाको परिभाषा भित्र पर्दछ । खास गरी स्थानीय सरकारलाई सार्वजनिक जग्गा संरक्षण गर्ने त्यसको उपयोग गर्ने र त्यसबाट जनतालाई बढी भन्दा बढी लाभ पुऱ्याउने चासोको कार्यभार हुन्छ । त्यस्ता जग्गालाई संरक्षण गरेर बालबालिका, शिक्षा, खेलकुद, ज्येष्ठ नागरिक, पार्क, उद्यान, बाटिका, प्रतीक्षालय, पुस्तकालय निर्माण, गर्न सकिन्छ । जसको विकासले राष्ट्रको गरिमा, जनताको सुरक्षामा सरकारको भूमिका देखिन्छ ।

दृश्यावलोकनका लागि टावर, धरहरा बनाउन सकिन्छ । भूकम्प, पहिरो जस्ता आपतकालीन अवस्थामा अस्थायी बसोबास गराउन सकिन्छ। व्यक्तिमा स्वार्थ भाव रहदै, सरकारको अनुगमन नपुग्दा, जग्गा मिचेर पाप भन्दा पहुँच भएको ठानिने संस्कार भएको हाम्रो देशमा अझै पनि सार्वजनिक जग्गा संरक्षण कठिन र दुस्साहसको विषय हुने परिस्थिति छ। तर असल सरकार र सचेत नागरिकले यो मान्यतालाई मेटाउन साहसिक कामलाई योजनाबद्ध रुपमा अघि बढाउनु पर्दछ । सार्वजनिक जग्गा नापी मालपोतबाट स्पस्ट छुट्याउने, रेखांकन कार्य र तारबार गर्ने कार्यलाई प्राथमिकता दिने, सार्वजनिक जग्गा अतिक्रमण गरेको पहिचान गर्ने, सच्याउनलाई पत्राचार गर्ने, गलत गर्दै सरकारको निर्णय नमान्नेलाई कडा कारबाही गर्ने काम गर्नुपर्दछ । व्यक्ति समुदाय, राजनीति, पदीय पहुँचसँग जोडेर गरिएका जग्गा मिचाहाका कामलाई तत्काल कारबाही गरिएन भने भूमाफिया र दादागिरी बढन सक्छ । यस्तो भए अराजकता बढन जान्छ । यस्ता विकृतिले धनी र गरिबको खाडल मात्र बनाउदैन नियम मान्ने र नमान्ने जनताको तह छुट्टिने अवस्था आउँछ । प्रहरीको जनप्रतिधि, नागरिकको भूमिका माथि प्रश्न चिन्ह उठन सक्छ । सरकार कमजोर भन्ने सन्देश जादा पार्टी र जनप्रतिनिधि माथि अविश्वास बढन सक्छ । त्यस्तो हुँदा संविधानको भावनामा चोट पुग्ने र संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रश्न चिन्ह खडा हुन्छ । तसर्थ सरकारको भूमिका देखिने र परिणामदायी हुनुपर्छ ।

पोखरा महानगरले सार्वजनिक जग्गा संरक्षणलाई जोड दिँदै २०७५ लाई संरक्षण वर्षको रुपमा अघि बढायो । यस बीचमा पोखरा महानगर वडा नम्बर १४, वडा नम्बर १८ र वडा नम्बर ५ र अरु केही वडामा जर्वजस्त घर टहरा बनाउनेहरुलाई कारबाही अघि बढायो । जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नगर प्रहरी एवं सचेत नागरिकले यसलाई महत्वपूर्ण साथ दिएका छन् । आम नागरिकले यो अभियान निरन्तर कार्यान्वयनमा सञ्चालन गर्न सुझाव र समर्थन दिएका छन् ।

खासगरी जग्गा अतिक्रमणले थाहा नपाएको जस्तो भान पार्ने, सूचनाको अवज्ञा गर्ने, पत्र नबुझ्ने विभिन्न पद र शक्तिको दुहाइ दिने, विभिन्न उल्टै लाल्छना लगाउने र आफूलाई चोखो बनाउँदै सबैको यस्तो छ मलाई मात्र किन कारबाही गर्ने भन्न समेत सक्ने र अदालतमा उल्टै उजुरी गर्ने परिपाटी बढ्दै गएको छ । केही मान्छेहरुलाई भ्रममा लोभ्याउँदै लुकेर छेलिएर चोखो बन्ने खेल खेल्ने गरिएको छ ।

वास्तवमा अब जनता धेरै सचेत भइसकेका छन् । तथ्यांक प्रमाणित गर्दै यस्ता गलत कार्यका विरुद्ध सुशासनका लागि अब संरक्षणको कार्यलाई कारबाही तहमा पुऱ्याउनै पर्छ। स्थानीय तह आफैमा सरकार हो । सरकार यो सवालमा सफल हुनैपर्छ । असल सरकारको दायित्व निभाउ नै पर्छ । जनप्रतिनिधि, कर्मचारी, नगर प्रहरी बेलैमा सचेत हुनुपर्छ। जग्गा मिचेको सूचना प्राप्त हुने वित्तिकै कारबाही चलाउनु अनिवार्य छ ।

सार्वजनिक जग्गा मिच्ने सरकारलाई छल्नु होइन, शक्तिको प्रतिष्ठा होइन यो त सामाजिक अपराधि हो । परिवार, इष्टमित्रको बेइज्जत हो भन्ने मानसिकता स्थापित गराउनु पर्दछ । बदलिँदो परिवेशमा नीति बनाउने, अनुगमन गर्ने र कार्यान्वयन गर्ने ३ वटै निकाय बीचको समन्वयले परिणाम निकाल्न सक्दछ । वास्तवमा सामान्य विषय त समयले पार लाग्दा जो विषय चुनौतीपूर्ण छ त्यसलाई पार लगाए मात्र वास्तविक विजय प्राप्त हुन्छ । स्मरण रहोस् संघीय सरकारले देशभरका मिचिएका जग्गालाई यो वर्षभित्र सरकारका नाममा ल्याइसकेको निर्णय सर्वजनिक गरिको छ ।

*(नेपाली पोखरा महानगरपालिकाका प्रवक्ता हुनुहुन्छ)*

# पोखरामा पर्यटन विगत र वर्तमान



• श्रीकान्त खतिवडा

सन् १९५० दशकको पूर्वाद्धदेखि नै हिमाल आरोहणको साहसिक गतिविधि मार्फत् नेपालमा पर्यटन विकासको ढोका खुलेको हो । त्यसमा पनि पोखरा उपत्यकाको शीरमा रहेका अन्नपूर्ण हिमशृंखलाको हिमचुचुराहरुले उच्च शिखर चुम्ने आरोहीहरुको सपनालाई पहिलो पटक साथ दिएको हो । अर्थात फ्रान्सेली नागरिक मौरिस् हर्जोगले १९५० को जुन ५ तारिखका दिनमा ८० ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिम शिखरको सफल आरोहण मार्फत् रचेका थिए। यो विश्वको पर्वतारोहण इतिहासमा ८ हजार मिटरभन्दा अग्लो हिमाल आरोहण गरिएको पहिलो घटना थियो । हिमाल आरोहीहरुको यस साहसिक एवं ऐतिहासिक कार्यबाट अन्नपूर्ण हिमाल मार्फत् नेपालको पर्वतारोहणका बारेमा अन्तर्राष्ट्रिय जगतमा प्रचारप्रसार हुन पुग्यो । यस सफल आरोहणको ३ वर्ष पछि सन् १९५३ मे २९ तारिखमा तेन्जिङ नोर्गे र सर एडमन्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका थिए । तत्पश्चात नेपालको हिमशृंखलाका बारेमा अन्तर्राष्ट्रिय जगतको ध्यान राम्रैसँग आकर्षित हुन थाल्यो । यस अर्थमा पोखराको मात्रै नभएर समग्र नेपालकै पर्यटन विकासका आधार तथा स्रोत एवं सम्पदा भनेका नेपालका विभिन्न पर्वतमालामा रहेका हिमशृंखलाहरु नै हुन् । यसर्थमा कीर्तिमानी हिमाल आरोही एवं साहसिक पदयात्रीहरुले नेपालमा पर्यटन विकासका लागि अग्रणी भूमिका खेलेको देखिन्छ । पर्यटनको पूर्वाधार विकास र पर्यटकीय सम्पदालाई बजारीकरण गर्ने अभियानलाईपछि पार्दै आरोहाण र पदयात्रा जस्ता साहसिक पर्यटन गतिविधि मार्फत् अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपाल आकर्षित एवं रोमाञ्चित गन्तव्यको रुपमा परिचित भएको हो ।

जहाँसम्म पोखराको पर्यटन विकासको सन्दर्भ छ यो समग्र नेपालकै सन्दर्भमा अग्रस्थान हासिल गर्दै अन्नपूर्ण हिमालको सफल आरोहणसँगै यस क्षेत्रको पहिचान अन्तर्राष्ट्रिय जगतमा फैलिएको हो । अन्नपूर्ण हिमाल आरोहणको लगभग दुई दशकपछि मात्र पोखरामा व्यवसायिक पर्यटनको सुरुवात भएको हो । सन् १९५० को दशकमा यस क्षेत्रका ८ हजार मिटर भन्दा अग्ला हिमशिखरहरुको क्रमश: अन्नपूर्णको सन् १९५० मा, मनास्लुको सन् १९५६ मा र धौलागिरीको सन् १९६० मा साहसी एवं कीर्तिमानी हिमाल आरोहीहरुले सफल आरोहण गरेका थिए । यिनै हिमशिखरहरुको सफल आरोहण पश्चात यस क्षेत्रमा हिमाल आरोहण एवं हिमशृंखलाका आधार क्षेत्रसम्मको पदयात्रा गर्ने साहसिक पर्यटकहरुले पोखरालाई आफ्नो रोजाइको गन्तव्य बनाउँदै आएको देखिन्छ । सन् १९६० को दशकसम्म पोखरा विशेष गरी तिनै साहसिक पर्वतारोही एवं पदयात्रीहरुको विश्रामस्थल वा यात्रा आरम्भस्थलको



रुपमा परिचित रह्यो । भूगोलविद् डा.हर्क गुरुङका अनुसार पोखरा उपत्यकासँगै रहेका अन्नपूर्ण हिमालका आधार क्षेत्रमा पदयात्रा प्रवर्द्धन गर्नमा बेलायती सेनामा कार्यरत तत्कालीन गोर्खाहरुको पनि महत्वपूर्ण भूमिका छ । बेलायती सेनामा कार्यरत गोर्खाहरु पल्टनबाट घर छुट्टीमा आउँदा वा पेन्सनमा आउँदा कतिपय बेलायती सेनाका उच्च पदस्थ व्यक्तिहरु पनि गोर्खाहरुसँगै नेपाल आएर पदयात्रामा जाने गरेको सन्दर्भ उल्लेख गरिएको छ ।

सन् १९६० को दशकमा पदयात्री र हिमाल आरोहीहरुको साहसिक गतिविधिका लागि ध्यान खिचेको भएपनि पोखरामा पर्यटनको व्यवसायिक सुरुवात भने सन् १९७० को दशकसँगै सुरु भएको पाइन्छ । पोखरा लेकसाइडको वसुन्धरा पार्क पारिपट्टी रहेको होटल फिस्टेल र विमानास्थल नजिकै नागढुंगामा रहेको क्रिस्टल होटल (हाल संचालनमा छैन) पोखरामा व्यवसायिक पर्यटनको सुरुवात गर्ने अग्रणी होटलहरु हुन् । त्यसो त स्थानीय व्यवसायहरुको हकमा बैदाम वाराहीचोकस्थित हालको होटल स्नोल्यान्डको सानो लज लगायत अन्य तीन वटा साना लजहरुले पर्यटकहरुलाई सामान्यस्तरको सुविधा उपलब्ध गराउँदै व्यवसायिक पर्यटनको सुरुवातमा साथ दिएको पाइन्छ ।

पोखरा क्षेत्रको भौगोलिक बनावट तथा प्राकृतिक सुन्दरताका कारणले नै विश्व पर्यटन बजारमा लोकप्रिय छ । सुन्दर तालतलैयाहरु, नदीनाला एवं गुफा र ओडारहरुसहितको पहाडी उपत्यकासँगै आँखा सामुन्ने सामीप्यमा रहेका अन्नपूर्ण हिमशृंखलाले गर्दा यसको मनमोहक दृश्य लोभ लाग्दो छ । यिनै सुन्दर प्राकृतिक सम्पदाका कारण पोखरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारमा लोकप्रिय छ भने विभिन्न समयमा भ्रमण गर्ने पर्यटकहरुदेखि भूगर्ववित्रसम्मले पोखराको प्राकृति सौन्दर्यको बारे दिल खोलेर प्रशंसा गरेका छन् । पोखरा क्षेत्रको भ्रमण गर्ने सम्भवत प्रथम विदेशी पर्यटक जापानी बौद्ध भिक्षु इकाइ कावागुची हुन जसले दार्जीलिङबाट काठमाडौं, पोखरा, मुस्ताङहुँदै तिब्बत जाने क्रममा सन् १८९९ मा पोखरामा केही दिन बसेका थिए । उनको शब्दमा 'सुन्दरता तथा प्राकृतिक दृश्यको ठाउँ, बाँसले छोपेको खोल्सी, फूलले सिंगारेको हरिया थुम्का, अग्ला पर्वत माझमा रहेको यो स्थान मेरो हिमाली भ्रमणमा यस्तो आकर्षक दृश्य कहिँ पाइएन जुन मनमोहक सुन्दर दृश्य पोखरामा पाएँ' भनी उल्लेख गरेका छन् । यस्तैगरी युरोपिय महादेशमा रहेका पहाडी भूधरातलीय मुलुक स्विटजरल्यान्ड निवासी नेपाललाई माया गर्ने एक विदेशी भूगर्वविद टोनी हेगनका शब्दमा 'विश्वमा कुनै त्यस्तो ठाउँ छैन जहाँ ८ हजार मिटरका अग्ला पर्वतको आनन्दपन नजिकबाट होचो डाँडाहरुले नछेकिएको औलीय बेसीबाट देखिन्छ । पोखरा वास्तवमै अति विशिष्ट तथा विश्वभरिमा सुन्दर ठाउँहरु मध्येमा पर्दछ । उपरोक्त दुई भनाइलाई मात्र ध्यान दिने हो भने पोखरा क्षेत्रमा पर्यटन विकासका मूल आधार भनेको नै यहाँ रहेका सुन्दर प्राकृतिक सम्पदाहरु हुन् । यिनै सम्पदाको मनमोहक दृश्यलाई नियाल्न आउने पाहुनाहरुको घुँइचोले पोखरा पर्यटकीय सहरको रुपमा परिचित हुन पुग्यो । त्यसमा पनि पोखरा उपत्यकाको उत्तरतिर रहेका आकर्षक एवं सुन्दर सेता हिमशैलाहरुको आकृति फेवाताल, बेगनासताल तथा रुपाताल जस्ता तालतलैयामा देखिँदा हुने अलौकिक आनन्दको दृश्यले पोखरालाई पर्यटकीय सहर बनाएको हो । पोखराको पर्यटनका बारेमा गरिएको एक अध्ययन अनुसार सन् १९५७ मा पोखरा आउने पर्यटकको संख्या केवल १ सय १९ रहेको थियो भने सन् १९६२ मा ४९४ र सन् १९७० मा ३ हजार १८ रहेको थियो । सन् १९७० को दशकमा व्यवसायिक पर्यटक गतिविधि सुरु हुने वित्तिकै पर्यटकहरुको संख्यामा द्रुत वृद्धि हुने क्रम रहेको देखिन्छ । पर्यटन विकाससँगै हिप्पी संस्कृति र समूहगत पर्यटनका सामाजिक एवं वातावरणीय असरले पोखरा प्रभावित बन्न थाल्यो । पर्यटकको संख्यामा आएको अस्वभाविक वृद्धिले आर्थिक तथा सामाजीकरणमा विभिन्न अवसर प्रदान गरेपनि समूहगत पर्यटन गतिविधिको चपेटामा वातावरणीय पक्ष सम्वेदनशील बन्न पुग्यो । पर्यटक आगमनका हिसाबले सन् १९७७ मा २७४१५ रहेको पोखरामा १९९० मा आउँदा ५९ हजार ४ सय ८८ त्यस्तै १९९९ मा १ लाख ५ हजार ५ सय ४६ हुँदै सन् २००८ मा १ लाख ८७ हजार पर्यटकहरु पोखरा आएका छन् । पछिल्ला वर्षहरुमा पोखराको पर्यटक आवगमन सम्बन्धी आधिकारिक तथ्यांक उपलब्ध छैन । तर पनि व्यावसायिक क्षेत्रको चलहपहल र विगतको बढ्ने क्रमलाई देशमा आएका पर्यटक संख्यासँग दाँजेर प्रक्षेपण गर्ने हो भने सन् २०१२ मा करिब २ लाख ५० हजार र सन् २०१८ मा ३ लाख ६० हजार पर्यटकहरुले पोखरा भ्रमण गरेको पाइन्छ । यसरी विगत ३० वर्षमा पोखराको पर्यटन आवगनमा १० गुनाले वृद्धि भएको देखिन्छ ।

पर्यटक आगमनको संख्यात्मक वृद्धिका साथै उनीहरुलाई सेवा प्रदान गर्ने होटल, रेस्टुरा, ट्राभल्स तथा ट्रेकिङ एजेन्सी लगायतका पर्यटन उद्योग र व्यवसायमा पनि उल्लेख्य वृद्धि भएको छ । पोखराको पर्यटनमा गरिएको एक अर्को अध्ययन अनुसार पोखरामा स्थापना भएका पर्यटन स्तरका होटलहरु मध्ये ७० प्रतिशत होटल सन् १९९० को दशक पछि मात्र स्थापना भएका हुन् । प्राप्त पछिल्लो आकाँडा अनुसार पोखरामा १६ तारे होटलसहित करिब ४५० पर्यटकीय स्तरका होटलहरु, करिब १३० रेस्टुराहरु, १२० संख्यामा दर्ता कायम भएका ट्रेकिङ एजेन्सिहरु र लगभग त्यति नै संख्यामा ट्राभल्स एजेन्सिजहरु संचालनमा छन् । यसका अलवा हवाइ खेलकुद संचालन गर्ने संस्थाहरु, ट्रेकिङ तथा ट्राभल्सलाई आवश्यक सर सामग्री बेच बिखन गर्ने पसलहरु, पुस्तक तथा क्युरियो सामग्री र उपहारजन्य सामग्री बेचबिखन गर्ने पसलहरुको राम्रो उपस्थिति छ । यसरी छोटो समयमा नै तीव्र प्रतिस्पर्धाका रुपमा स्थापना भएका पर्यटन उद्योग एवं व्यवसायहरु पोखराको प्रमुख पर्यटकीय सम्पदा फेवातालको पूर्वी किनारामा अवस्थित खहरे बैदामदेखि पार्दी बिरौटासम्म नै केन्द्रिकृत भइरहेका छन् । पर्यटकको संख्या र व्यवसायमा

आएको वृद्धिको साथसाथै बढेको सहरीकरण, जनसंख्या वृद्धिको चाप, फोहोर मैला व्यवस्थापनको समस्या, अस्वस्थ तथा अति व्यवसायीकरणको सोचले पोखरामा रहेको अलौकिक प्राकृतिक सम्पदा फेवाताल माथिको प्रदुषण र अतिक्रमण बढ्दै आएको छ । एकातर्फ अतिवृष्टिबाट सृजित बाढीपैह्रो, भू–क्षय, अव्यवस्थित घर निर्माण, बाटो निर्माणका लागि डोजर परिचालन जस्ता कार्यले ताल पुरिने एवं सतह घट्ने क्रममा तिव्रता भइरहेको छ भने अर्कातर्फ बढ्दो व्यवसायी गतिविधिले फेवातालको अस्तित्व नै संकटमा पर्दै गएको छ । विगतमा जे जस्तो शैली र तरिकाबाट पर्यटकीय गतिविधि संचालन भए त्यसले वर्तमानमा राम्रो संकेत देखाएको छैन । विशेषगरी प्राकृतिक सम्पदाको सुन्दरतामा निर्भर रहेको पोखराको पर्यटनलाई वर्तमानमा यथोचित व्यवस्थापन गर्दै अगाडि बढ्न सकिएन भने भविष्यको मार्गचित्र सुन्दर देखिँदैन ।

जुन सुन्दरताको मनमोहकता लिन पर्यटकहरु पोखरा आउँछन्, ती सम्पदा नै संकटापन्न अवस्थाबाट गुज्रिन थालेपछि पर्यटकीय सहर पोखराको दीगो पर्यटन विकासको सोचले पूर्णत पाउन सक्ने देखिँदैन । यसर्थमा विगतको प्राकृतिक सुन्दरतालाई बचाइराख्न नसके पनि वर्तमानको अवस्थाबाट खराब हुन नदिन समग्र पोखरेली जनसमूह व्यवसायी उद्यमी तथा सरकारको सम्बन्धित निकायहरु समेतको सहभागितामा यहाँका प्राकृतिक सम्पदाहरुको यथोचित व्यवस्थापन गर्न अति जरुरी र सान्दर्भिक भएको छ । पोखराको प्राकृतिक सम्पदालाई बचाएर दीगो पर्यटन विकास मार्फत यहाँको आर्थिक तथा सामाजिक रुपान्तरणको सकारात्मक मार्गचित्र बनाउन आवश्यक रणनीतिक योजनाको तर्जुमा आजको पहिलो आवश्यकता हो ।

पोखराको पर्यटन विकास तथा प्राकृतिक सम्पदाहरुको संरक्षणमा विगतमा जुनजुन निकायबाट जेजस्तो सकारात्मक भूमिकाको निर्वाह भएको छ ती सबै सह्रानीय कार्यहरुको प्रशंसा गर्नुपर्दछ । काम गर्ने सन्दर्भ कहिँकतै कमजोरी देखिएका छन् भने समीक्षा गर्दै स्वस्थ आलोचना गरौं र भविष्यमा त्यस किसिमको कमजोरी नगर्ने प्रतिबद्धता व्यक्त गरौं । विभिन्न कालखण्डमा यहाँका स्थानीय सामुदायिक संघ संस्था, स्थानीय प्रशासन तथा सरकारी निकाय, पश्चिमान्चल होटल संघ, पोखरा पर्यटन परिषद् लगायतका पर्यटन व्यवसायी संघसंस्थाहरु एवं नागरिक समाज, आम सञ्चार क्षेत्र तथा स्थानीय बुद्धिजीवी वर्गबाट पोखराको प्राकृतिक सम्पदा सेती नदी, गुफाहरु र तालतलैयाहरुको संरक्षणमा भइरहेका कार्यहरु सह्रानीय छन् । गुफा संरक्षण मार्फत् प्राप्त आम्दानीबाट सामुदायिक विद्यालय संचालन गर्ने, ताल तलैयाको सिमांकन, सिमसार क्षेत्रको संरक्षण, सामूहिक तथा सहकारी मार्फत् व्यवसायिक माछापालन, जलकुम्भी लगायतका झार फालेर ताल सफा गर्ने देखि ताल सिमांकन गर्ने सन्दर्भमा जे जति राम्रा कार्यहरु भइरहेका छन् त्यस्ता कार्यहरुप्रति आ–आफ्नो ठाउँबाट सहयोग गर्दै पोखरालाई सुन्दर रमणीय पर्यटकीय सहर बनाइ राख्न सामूहिक प्रयासको आवश्यकता छ । अझै पनि उल्लेखित प्राकृतिक सम्पदाहरु मानव अतिक्रमणका चपेटामा परिरहेका छन् ।

अति व्यवसायीकरण र नाफाखोरी प्रवृत्तिका भू माफियाहरु, व्यवसायीहरु र राजनीतिक बर्को ओढ्ने सम्मका व्यक्तिहरुबाट हुन सक्ने गलत हर्कतलाई सामूहिक रुपमा प्रतिकार गर्दै प्रशासनिक कारबाहीको दायरामा ल्याउनु आवश्यक देखिन्छ । यस किसिमको कार्यक्रम एवं गतिविधिबाट नै हामी पोखरामा दीगो पर्यटन विकासमार्फत् यहाँको आर्थिक तथा सामाजिक रुपान्तरणमा अगाडि बढ्न सक्दछौं ।

यसै सन्दर्भमा पोखराको पर्यटनलाई दीगो विकास एवं व्यवस्थित गर्न सम्बन्धित सबै सरोकारवालाहरुबाट ' जिम्मेवारी पर्यटन' को अवधारणा अनुरुप आवश्यक रणनीतिक योजना सहितको कार्यक्रम एवं गतिविधि सञ्चालन गर्नु आवश्यक देखिएको छ ।

*(खतिवडा वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसको उपप्राध्यापक हुनुहुन्छ)*

# नगरबासीमा अनुरोध

महानगरबासीहरुले घरायसी सुरक्षा एव सोखका लागि पालेका कुकुरहरुलाई सार्वजनिक स्थल, सडक, एवं खाली जग्गामा लगेर दिसा, पिसाब गराउने जस्तो अशोभनीय कार्यले मानव स्वास्थ्यमा एवं वातावरवरणीय सरसफाइमा प्रतिकूल असर पर्ने भएकाले आफूले पालेका कुकुरहरुको शौंच कार्यको व्यवस्थापन आफ्नै घरमा कमाउन्डमा मिलाउन हुन अनुरोध गरिन्छ । यदि सार्वजनिक स्थलमा दिसा, पिसाब गराएकोपाइएमा फोहोरमैला व्यवस्थापन नियमावली बमोजिम कारबाही गरिने व्यहोरा सम्बन्धित सबैलाई सूचीत गरिन्छ । यो सम्बन्धी कुनै जानकारी दिनुलिनु परेमा पोखरा महानगरको सरसफाइ शाखाको फोन नम्बर ०६१५२८५८५ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

पोखरा महानगरपालिका

# भवन तथा संरचना निर्माणका लागि
# पोखरा महानगरपालिकाको मापदण्ड

**पोखरा महानगरपालिका भित्र भवन तथा संरचना निर्माण गर्दा देखिएको अस्पटता तथा असहजतालाइ थप सहजीकरण गर्नको लागि महानगरकार्यपालिकाको मिति २०७५/०९/०६ मा बसेको २५ औं बैठकले निम्न नियमहरु बनाइ लागू गरेको छ।**

१. **दोहोरो तेहोरो मापदण्ड सम्बन्धमा :**
दोहोरो तेहोरो मापदण्ड भएको खण्डमा सुरुको घडेरीलाई मुख्य सडकतर्फ पोखरा महानगरपालिकाको प्रचलित मापदण्ड तथा वस्ती विकास निर्देशिका अनुसार गर्ने र मुख्य सडकबाट खोलिएको १०० मिटरसम्म लम्बा कायम भई टुंगिएका सडकहरु र शाखा बाटोको हकमा नापी नक्शामा काटिएको बाटोको किनाराबाट टपसम्म एक (१) मिटर कायम गर्ने । नोटः नक्सामा १०० मिटर भएता पनि फिल्डमा १०० मिटर भन्दा लामो र निकास खुलेको सडक र शाखा बाटोको हकमा नियमानुसार मापदण्ड लाग्नेछ ।

२. **सेती नदिको मापदण्डको सम्बन्धमा:**
पोखरा उपत्यका नगर विकास समितिको मिति २०६१ साल मंसिर ३० गतेको बैठकको निर्णय साथै सहरी विकास मन्त्रालयको मिति २०७३/१२/०८ को सेती नदीको मापदण्ड सम्बन्धमा प्राप्त सिफारिस पत्र समेतका आधारमा तपशिल बमोजिमको स्थानहरुमा निर्माण भइसकेका तथा नयाँ बन्ने संरचनाको हकमा निम्न अनुसारको मापदण्ड कायम गर्ने भन्ने निर्णय भएकोले पोखरा महानगरपालिका कार्यपालिकाको बैठकबाट समेत उक्त मापदण्डहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल :**

२.१ जौवारी वाँधदेखि केआइसिंह पुलसम्म नदी किनाराबाट १० मिटर ।

२.२ वस्ती नभएको काली खोलाको साँधदेखि नारायणस्थानको पुल सम्म २५ मिटर ।

२.३ नारायणस्थान पुलदेखि पुरानो बाक्लो बस्ती भएको क्षेत्र (महेन्द्रपुल) हुँदै राममन्दिर तुलसीघाट पुलसम्म निर्माण भइसकेका संरचनाको हकमा ५ मिटर कायम गर्ने साथै उक्त स्थानको मापदण्डभित्र बनेका सेप्टिक ट्यांकी, सोकपिट लगायतका अन्य भौतिक संरचना सम्बन्धित घर धनीलाई एक (१) महिना भित्र अनिवार्य हटाउन लगाउने र सो स्थानमा फुटपाथको ट्र्याक खोल्ने निर्णय गरियो ।

२.४ अन्य बाँकी सबै स्थानहरुमा बस्ती विकास निर्देशिका २०७२ को बुँदा नं. १४.१.३. अनुसार नदी किनारबाट ३० मिटर कायम गर्ने निर्णय गरियो ।

२.५ बुँदा न २.१, २.२, २.३ मा जुन सुकै कुरा लेखिएको भएता पनि माथि उल्लेखित स्थानहरुमा नयाँ संरचना निर्माण गर्दा २.४ मा उल्लेख गरिएको मापदण्ड लगाइनेछ ।

३. **पृथ्वी राजमार्गको मापदण्ड सम्बन्धमा :**
पृथ्वी राजमार्गको पृथ्वीचोक देखि विजयपुरसम्म सर्वोच्च अदालतबाट निर्णय भए बमोजिम ७५'०"+२ मिटर सेटब्याक र विजयपुरखोला देखि महानगरपालिका सिमाना (कोत्रे खोलासम्म) ८२'०" मापदण्ड कायम गर्ने निर्णय गरियो ।

४. **महेन्द्र गुफा तथा चमेरे गुफा सम्बन्धमा :**
महेन्द्रगुफा र चमेरे गुफाको हकमा सार्वजनिक जग्गा नमिची आफ्नै हकभोगको जग्गामा सडक किनाराबाट घटीमा (१५'०"+सेटब्याक) कायम गर्ने निर्णय गरियो ।

५. सर्वोच्च अदालतको फैसलाबाट निर्णय भए बमोजिम फेवातालको मापदण्ड कायम गर्ने निर्णय गरियो ।

६. फिर्के, बुलौंदी र बगादीको खोलाको मापदण्ड खोला किनारबाट १० मिटर कायम गर्ने निर्णय गरियो ।

७. महानगरपालिकाभित्र रहेको विभिन्न नहरहरु सम्बन्धमा :

७.१ विजयपुर र बेगनास सिँचा नहरहरुको हकमा आफूतिरको डिलको किनारबाट ROW ७ मिटर+२ मिटर सेटब्याक कायम गर्ने निर्णय गरियो ।

७.२ साना नहरहरुको हकमा पक्की नहरमा नहरको क्षेत्राधिकारबाट २ मिटर कायम गर्ने निर्णय गरियो ।

७.३ कच्ची कुलो किनारबाट १.५ मिटर कायम गर्ने निर्णय गरियो ।

८. **पूर्व निर्मित भवनहरुलाई नियमित गर्ने सम्बन्धमा :**

क) नक्शापास नगरेको वा आंशिक रुपमा नक्शापास गरेको र १७ मिटर भन्दा कम उचा भएका भवनको हकमा, भवन मापदण्ड अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा यो भवन मापदण्ड लागु भएको मितिले ३५ दिनको सूचना प्रकाशित गरी बस्ती विकास निर्देशिका २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिमको प्रक्रिया पुऱ्याइ क्सापास गरिदिने र यो व्यवस्था अनुसार नक्शापास गर्दा प्रचलित दस्तुरको तेब्बर दस्तुर राजस्व वापत बुझाउनु पर्ने ।

ख) नक्शापास नगरेका वा आंशिक रुपमा नक्शा पास गरेको र निर्माण भइसकेका १७ मिटरभन्दा अग्ला भवनलाई यो भवन निर्माण मापदण्ड लागूभएको मितिले ३५ दिनको सूचना प्रकाशित गरी बस्ती विकास निर्देशिका २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नक्शा पास गर्न

आह्वान गर्दा भवन स्वामित्वकर्ताले उक्त भवनको नाप नक्सासहितको प्राविधिक प्रतिवेदन तयार गरी माटो परीक्षण तथा स्टक्चरल डिजाइन प्रतिवेदनहरु संलग्न गरी निवेदन दिएमा महानगरपालिकाले तोकेको प्रकृया पुऱ्याइ नक्सा पास गरी दिने र यो व्यवस्था अनुसार नक्शापास गर्दा प्रचलित दस्तुरको तेब्बर दस्तुर राजश्व वापत ब'झाउनु पर्ने ।

**९. सार्वजनिक जग्गा बाटो बनाउन नपाइने सम्बन्धमा :**

नापी नक्सा तथा स्रेष्तामा बाटो कायम नभएको सार्वजनिक जग्गालाई बाटो कायम गरी भवन निर्माण स्वीकृति दिइने छैन । साथै बाटो सहितको सार्वजनिक जग्गाको हकमा बाटोमा प्रचलित मापदण्डको किनारबाट घटीमा १.५ मिटर सेटब्याकमा टप रहनेछ ।

**१०. नयाँ बाटो खोल्दा स्वीकृति लिनुपर्ने :**

मुख्य बाटोबाट भित्री बाटो खोल्दा बाटो खोल्ने पक्षले साध सधियारको समेत स्वीकृतिमा वडा कार्यालयमा निवेदन दिनुपर्नेछ । सो निवेदनको आधारमा वडा कार्यालयले त्यस्तो बाटो खोल्नको लागि सिफारिस गर्न सक्नेछ । समबन्धित वडाको सिफारिसको आधारमा महानगरपालिकाले त्यस्तो बाटोलाइ स्वीकृति दिन सक्नेछ । यस्तो बाटो खोल्दा खोल्ने पक्षले नै सधियाराको सेटब्याक र ROW पुऱ्याउनु पर्नेछ ।

**११. निकासा टुंगिएका साना सडकहरु सम्बन्धमा :**

पचास (५०) मिटरसम्म लम्बा भएका सडकहरुको बाटोको केन्द्र बिन्दुबाट छाड्नु पर्ने दुरी टपमा १०'०" र एक सय (१००) मिटरसम्म लम्बा भएका सडकको मापदण्ड बाटोको केन्द्र बिन्दुबाट टपमा १३'३" कायम गरिएको छ ।

**१२. झ्याल,ढोका तथा भेन्टिलेटर सम्बन्धमा :**

क) दश (१०) मिटरसम्म अग्ला भवनहरुको सधियार तर्फको न्युनतम सेटब्याक ५ फिट हुनु पर्नेछ । तर घरको दुई, तिन वा चार साइडमा झ्याल तथा भेन्टिलेटर राख्दा न्युनतम सेटब्याक तीन फिट कायम गरिएको छ । यदि उक्त स्थानमा समेत ढोका राख्नु पर्ने भएमा सेटब्याक ५ फिट नै कायम गरिनेछ ।

ख) बुँदा न १२ (क) मा जुन सुकै कुरा लेखिएको भएता पनि झ्याल, ढोका तथा भेन्लिटेर नराख्ने भए सधियारतर्फ तथा एउटै कित्ताको जग्गामा स्वीकृत प्राप्त गरी बनिसकेका घर भए टाँसिएको भवन बनाउन दिइनेछ ।

**१३. व्यापारीक सुपरमार्केटहरु वा मलहरु सम्बन्धमा :**

सहर विकाससँगै व्यापारीक केन्द्रहरु स्थापना हुँदै जान्छन र सुपरमार्केट तथा मलहरु एकल स्वामित्व लगानी वा संयुक्त लगानीमा स्थापना र विकास हुने भएकोले एकल वा संयुक्त लगानीमा स्थापना भएका सुपरमार्केट तथा मलहरुको हकमा निम्नानुसार हुनेछ ।

क) सहरका केन्द्रहरु तथा अन्य क्षेत्रहरुमा एकल वा संयुक्त लगानीमा सुपरमार्केट तथा मलहरु स्थापना हुन सक्नेछन् ।

ख) एकल वा संयुक्त लगानीमा स्थापना भएका सुपरमार्केट तथा मलहरुमा जमिनको खण्डीकरण ७० वर्ग मिटर भन्दा कम हुन सक्नेछैन र सोही बमोजिम जमिनको कित्ताकाट हुनेछ ।

ग) सुपरमार्केट तथा मलहरुमा पसल तथा सटरहरुको स्वामित्व हस्तान्तरण संयुक्त आवास सम्बन्धी मापदण्डको आधारमा हुनेछ ।

घ) महानगरपालिकाले क वर्ग र ख वर्गका ५ तलाभन्दा बढी उचाइ भएका भवन निर्माणको अनुमति दिँदा तोकिएको प्राविधिक समितिको सिफारिसमा तोकिएको प्रक्रिया पूरा गरेपछि मात्र स्वीकृति दिनेछ ।

**१४. प्राविधिक समिति गठन सम्बन्धमा :**

भवन वर्गीकरण अनुसार 'क' वर्ग तथा 'ख' वर्गका भवनहरु तथा सामुहिक आवास, संयुक्त आवास अन्तर्गत निर्माण हुने भवनहरुको अध्ययन परीक्षण र अनुमति प्रदान गर्ने तथा भवन मापदण्ड लागु गर्दा आपर्ने बाधाहरु फुकाउनको लागि महानगरपालिकाका प्रमुख (Mayor) को अध्यक्षतामा तपसिल बमोजिमको प्राविधिक समिति रहनेछ ।

१) महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य
२) महानगरपालिकाका प्राविधिक महाशाखा प्रमुख - सदस्य
३) महानगरपालिका नापी शाखा प्रमुख - सदस्य
४) महानगरपालिका प्रमुखबाट मनोनीत दुई जना विशेषज्ञ - सदस्य
५) महानगरपालिका भूकम्प सुरक्षा तथा घर नक्सा शाखा प्रमुख - सदस्य सचिव

१५. सत्र (१७) मिटर भन्दा अग्ला जुनसुकै भवनहरुको उचा र सधियारतर्फको सेटब्याक ५ मिटर भन्दा कम नहुने गरी प्राविधिक समितिको निर्णय बमोजिम स्वीकृत दिइनेछ ।

यस क्षेत्रमा भवनको अधिकतम GCR अधिकतम् FAR र अधिकतम् उचा निम्न बमोजिम हुनेछ ।

| क्र.सं. | भवनको किसिम | अधिकतम् ग्राउन्ड | अधिकतम FAR |
|---|---|---|---|
| १ | आवासीय भवन | ७० | ३.५ |
| २ | व्यापारीक तथा आवासीय भवन | ७० | ३.५ |
| ३ | संयुक्त आवास भवन | ५० | ४ |
| ४ | व्यापारीक भवन (सुपरमार्केट) | ५० | ३ |
| ५ | शैक्षिक संस्था | ५० | २.५ |
| ६ | अस्पताल, नर्सिङमोम, पोलिक्लिनिक आदि | ५० | २.५ |

संयुक्त आवास स्थलसँग जोडिने प्रवेश मार्गको चौडाइ

| क्र.सं. | आवास इकाइ संख्या | सडकको न्युनतम चौडाइ |
|---|---|---|
| १ | १० आवास इकाइसम्म | ४ मिटर |
| २ | २० आवास इकाइसम्म | ४.५ मिटर |
| ३ | ५० आवास इकाइसम्म | ६ मिटर |
| ४ | १०० आवास इकाइ भन्दा माथि | ८ मिटर |

**१६. मापदण्ड छाडी पर्खाल लगाउनुपर्ने सम्बन्धमा :**

पोखरा महानगरपालिका क्षेत्र भित्र निर्माण हुने संरचनाहरुले अनिवार्य रुपमा मापदण्ड (ROW) छाडेर कम्पाउन्ड वाल (सुरक्षा पर्खाल) निर्माण गरे पश्चात मात्र सम्पन्न प्रमाणपत्र प्रदान गरिनेछ। सडक मापदण्ड भित्र सेफ्टिक ट्यांकी, सोक्पिट, पानी ट्यांकी जस्ता संरचना बनाउन पाइने छैन ।

# महानगरको नयाँ लोगो

पोखरा महानगरपालिकाले नयाँ लोगो बनाएको छ । महानगरको नयाँ लोगो पोखरा महानगरपालिका वडा नं. १० निवासी रिक गुरुङले निर्माण गरेका हुन् । देश संघीय संरचनामा गएसँगै तीन तहका सरकार गठन भएका छन् । स्थानीय, प्रदेश र सघं । उनीहरुले आ–आफ्नै लोगो प्रयोग गर्न पाउने छन् । महागनरकार्यपालिकाले लोगो समेत स्वीकृत गरिसकेको छ । सार्वजनिक प्रश्ताव आह्वान गरेपछि परेका लोगोहरुबाट छनोट गरिएको हो । महानगरले माछापुच्छ्रे हिमाल, ताल, लालुपाते, सारंगी र माछाको प्रयोग गरिएको लोगोलाई स्वीकृत गरेको छ । गुरुङद्वारा तयार भएको लोगोलाई महानगरको २९ औं कार्यपालिका बैठकले अनुमोदन गरेको हो । नयाँ लोगोमा पोखराको फेवाताल, माछापुच्छ्रेलाई महत्वका साथ झल्काइएको छ ।

पोखराका विस्तृत आकृति झल्कने गरी लोगो निर्माण गरेर महानगरमा बुझाउने मध्येबाट छनोट भएको लोगोका डिजाईनकर्तालाई रु. ५० हजार पुरस्कार प्रदानसमेत गर्नेछ । पोखराको प्राकृतिक, सांस्कृतिक तथा लोकसंस्कृति झल्कने गरी डिजाइन गरिएको सरल लोगोलाई प्राथमिकता दिएको महानगरका प्रवक्ता धनबहादुर नेपालीले बताउनुभयो ।

# जनप्रतिनिधिको एउटै पोसाक

पोखरा महानगरपालिकाले जनप्रतिनिधिका लागि पोसाकको व्यवस्था गरेको छ । कर्मचारी र जनप्रतिनिधि छुट्याउन कठिन भएपछि महानगरले जनप्रतिनिधिको लागि पोसाकको व्यवस्था गरेको हो । पोखराभित्रका सबै जनप्रतिनिधिको अब एउटै पोसाक हुनेछ ।

पुरुष जनप्रतिनिधिले दौरा, सुरुवाल, कोट पाइन्ट र सर्ट तथा महिला जनप्रतिनिधिलाई सारी, चौबन्दी चोली र कोट हुनेछ । सर्वसाधारण तथा सरकारी कर्मचारीलाई जनप्रतिनिधि भनेर चिनारीका लागि एकरुपता ल्याउन एवं महानगरको प्रतिष्ठा बढाउन पोसाकको व्यवस्था गरिएको महानगरका प्रवक्ता धनबहादुर नेपालीले बताए । 'पोसाकमा एक रुपता नहुँदा समस्या हुने गरेको पाइयो', उनले भने, 'झट्ट हेर्दा नै चिन्न सजिलो होस भनेर कार्यालय समय र औपचारिक कार्यक्रममा पोशाक लगाउने निर्णय गरिएको हो ।'

# फोहर वर्गीकरण गरेर व्यवस्थापन गरौं ।

## 'फोहोर स्रोत हो, समस्या होइन'

**मल बनाउन सकिने फोहर** : तरकारी तथा फलफूलका बोक्राहरु,उब्रेको खानेकुरा, धुलो कसिंगर, सडेगलेका सागसब्जी, कृषि कार्य गर्दा निस्केको झारपात, रुखका पात स–साना हागाबिगा लगायत कुहिने फोहर मलखादमा राखि मल बनाउन सकिन्छ ।

**बिक्री गरी आम्दानी गर्न सकिने फोहोर** : कागज, कार्टुन, प्लास्टिकजन्य बस्तु -प्लास्टिकको झोला, दुध, घ्यु तथा तेलको प्याकेट र वट्टा) सिसा, फुटेको सिसा, मसीको बोटल, कलम, फलाम ,टिना, तामा, पित्तल, आल्मुनियम, जुट तथा प्लास्टिकका बोरा, स्याम्पुका वट्टाहरु, टुथपेस्ट तथा टुथब्रस, फुटेका बाटा तथा बाल्टिन, मिनरल वाटरको बोतल पुराना चप्पल, काम नलाग्ने कपडा आदि वस्तुहरु संकलन गरी बिक्री गरेर आय आर्जन गर्न सकिन्छ ।

**पुनः पयोगमा ल्याउन सकिने फोहोर** : चकलेटको खोलबाट माला वा तोरन बनाउन सकिन्छ । चाउचाउका खोलहरु चकटी बुन्ने, टि म्याट वा अन्य सामान बनाउन प्रयोगमा ल्याउन सकिन्छ ।

**ल्यान्डफिलमा पठाउनुपर्ने फोहोर** : मल बनाउन नसकिने, बिक्री पनि नहुने र पुनः प्रयोगमा आउन नसक्ने फोहोर मात्र ल्यान्डफिलमा पठाउने फोहोर हो ।

**फोहोरमैला व्यवस्थापन सम्बन्धमा सहयोग लिनु परेमा थप कुरा बुझ्नु परेमा वा केही गुनासो भएमा पोखरा महानगरपालिकाको सरसफाइ शाखाको टेलिफोन नं. ०६१–५२८५८५ मा सम्पर्क गर्न अनुरोध छ।**

**पोखरा महानगरपालिका**

# गन्तव्यहीन संघीय प्रणाली



• शंकर बास्तोला

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था दर्ज गऱ्यो । नेता मात्रै होइन, राजनीतिक पार्टीका कार्यकर्ता र सर्वसाधारण जनता समेतले बडो उत्साहका साथ स्वागत गरे । तीनै तहका चुनावपछि जनताले आफ्नै गाउँमा राजधानी पाए । सिंह दरबार त गाउँमा आयो आएन यसै भन्न सकिन्न तर सत्ता चाँहीपक्कै आएको छ । स्थानीय निर्वाचनको २ वर्ष पुग्दैछ । अनुभव थपियो तर जनतामा उत्साह भर्न सकिरहेका छैनौं हामीले पनि ।

संविधान जारी हुँदादेखि चुनाव अघि सम्मको सोंचलाई पूरै विस्थापित गरी अहिले जनतामा सरकारप्रति निराशा छ । कारण, हाम्रो शासन शैली हो । जनताले कति कानुन बनायौं, कति कार्यविधि तयार भो भनेर सोध्दैनन् । उनीहरुको प्रश्न सिधै नाफा घाटामा जोडिन्छ । हामीले जिताएर के विकास आयो र मेरो जीवनमा के परिवर्तन भयो र आदी-इत्यादि । किनकी जनप्रतिनिधिहरु विधायीका हुन् भन्ने जनताले बुझ्दैनन् र बुझाइएन पनि । नेताहरुले कानुन बनाउँछु भनेर भोट मागेनन् । धारा, बिजुली, सडक, भवन बनाइदिन्छु भनेर मागे । जवकी जनप्रतिनिधिलाई पैसा चलाउने अधिकार नै छैन भने जनताको अपेक्षा पूरा हुने कुरै भएन र नेताले चुनावमा दिएको नारा पनि । आफ्नो दायित्वभन्दा एक्स्ट्रा बन्न खोजे नेताहरु चुनाव जित्ने दाउमा नचाहिँदो पासा फाल्दा व्यवस्थाप्रति जनताको वितृष्णा कसरी बढ्दो रहेछ भन्ने कुरा प्रत्यक्ष अनुभव गरेको छु मैले पनि ।

बनेका कानुन अनुसार देश चलेको भए, कानुन निर्माणलाई पनि जनताले महत्वपूर्ण ठान्दा हुन् तर कानुन कार्यान्वयन नभएकै कारण जनतामा हाम्रो काम चित्त बुझिरहेको छैन । देशमा स्थिर सरकार छ । प्रतिपक्ष मौन छ । चाहेको निर्णय गर्न पाउने बहुमत सरकारले बटुलेको छ । यति सहज अवस्थामा सरकार के मा अलमलिरहेको छ र म आफै पनि प्रश्न गर्नुपर्ने अवस्थामा छु । आफै जनप्रतिनिधि भएर व्यवस्थाप्रति असन्तुष्टि देखाउनु शोभनीय नहुन सक्छ । तपाईंहरुले सकारात्मक रुपमा नहेर्न पनि सक्नुहुन्छ ।

तर यथार्थ जनतालाई बुझाउनै पर्छ कि यही शैलीको व्यवस्था देशलाई चाहिएको होइन र यसले जनअपेक्षा पूरा गर्न सक्दैन । म ठोकुवा गरेर भन्न सक्छु-अहिलेको व्यवस्था राणा, पञ्च र राजतन्त्रभन्दा फरक छैन । पहिले काठमाडौंबाट जनता शासित हुन्थे, अहिले गाउँगाउँमा पुगेका छन्, कुरा त्यत्ति मात्रै हो । जनप्रतिनिधि जनताको आवाज हो, जनताको मन र सुखदुखको सारथी हो नकी कुनै शासक । तर संविधानको परिकल्पना र जनताको अपेक्षा भन्दा बिल्कुल फरक बाटोबाट हिँडिरहेको छ, हाम्रो सरकार । आफूलाई जनप्रतिनिधि भन्छ, व्यवहार शासक जस्तो देखाउँछ । विगतकै निरन्तरतामा मस्त भएपछि जनताले आफ्ना अधिकारको भरपुर उपभोग गर्न पाउँदैनन्, यो हामीले बुझ्नुपर्छ । यति भनिरहँदा संघीयतामा त्यति धेरै हतोत्साही हुनुपर्ने अवस्था पनि छैन । उत्साहका पाटाहरु पनि छन् । हिजोसम्म सरकार नदेखेका नागरिकहरुले कमसेकम आफ्ना समस्या वडामा पुगेर भन्न पाएका छन् । यो भित्र पनि राम्रा सम्भावनाहरु छन्, जुन हामीले शिलशिलावद्ध रुपमा प्रस्तुत गर्न नसकेको मात्रै हो ।

पोखराको कुरा गरौं । त्यस भित्र पनि सिधै ४ नम्बर वडामा पस्छु म । ४ दशकदेखि खुम्चिएको साँधुमुख (पालिखेचोक) फराकिलो भएको छ । जनप्रतिनिधि भएपछि जनता र सरकारबीच सरल वार्ता हुन्छ, वार्ताबाटै समस्या समाधान हुन्छन् । यसको मुख्य उदाहरण हो, यो सडक फराकिलो पार्ने काम । यसमा साथ दिने जनप्रतिनिधि साथीहरु र विशेषत: स्थानीय जनताहरुलाई धन्यवाद नदिइरहन सक्दिन । वातावरण र पर्यावरणलाई ध्यानमा राखेर ४ नम्बर वडाले ग्रिन सिटी क्लिन सिटीको अवधारणा अघि सारेको छ । यो विस्तारै कार्यान्वयन पनि सुरु भइसकेको छ ।

हाम्रै वडाले सुरु गरेको बिजुलीका तार अन्डरग्राउन्ड गर्ने एजेन्डा महानगरको मुख्य एजेन्डाको रुपमा दर्ज भएको छ । आशा छ, यो पनि छिटै पूरा हुनेछ । त्यो भन्दा पहिले विद्युत पोलमा रहेका तारलाई व्यवस्थित गर्ने काम हामीले सकेका छौं । वडा भवन व्यवस्थित बनेको छ । सीमित स्रोत साधनबाट असीमित सेवा प्रवाह गर्नुपर्ने हाम्रो बाध्यता हो । सकेसम्म धेरै सेवा दिने प्रयास गरिरहेका छौं ।

अन्तमा: जनताको सन्तुष्टिमा राज्य व्यवस्थाको आयु कोरिन्छ । हामी यही व्यवस्था भित्र रहेर जनतालाई अधिकतम सेवा प्रवाह गर्ने र लामो समय सम्म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था नेपालमा टिकाइ राख्ने बाटोमा अघि बढ्न सकौं । सबैलाई शुभकामना । जय नेपाल ।

*(बास्तोला पोखरा वडा नं. ४ को वडाध्यक्ष हुनुहुन्छ)*

# विकासले गति लिँदै छ



• जीवनप्रसाद आचार्य

स्थानीय तहको निर्वाचनमा हामी निर्वाचित भएर सपथ ग्रहण गरी जिम्मेवारी लिएको दुई वर्ष पूरा हुन लागेको छ । २०७४ वैशाख ३१ मा भएको निर्वाचनपछि हामीले जिम्मेवारी लिइरहँदा वर्षाको सिजन रहेकोले वर्षाको समय भएकोले कतै बाढी र कतै पहिरोको कारण जनजीवनलाई प्रभावित बनाइ रहेको थियो । पहिरो पन्छाउने बजेट वडामा केही थिएन भत्केका नाला बनाउने बजेट नहुँदा पनि हामीले जमानतमा बसेर डोजर प्रयोग गरी नाला बनाइ तत्कालको विपतलाई टारेका थियौं । त्यस बेला खर्च भएको रकम भाद्र महिनामा मात्र नगरपालिका बाट प्राप्त गरी चुक्ता गरिएको थियो । यसरी हामीहरु निर्वाचित हुने वित्तिकै हाम्रो एक प्रकारको परीक्षण भएको थियो । हामीहरुलाई जनताको बीचमा निखारिने अवसर प्राप्त भएको थियो ।

२०७४ असार २९ मा भएको पहिलो नगरसभाले वडा स्तरीय बजेटको रुपमा १ करोड २० लाख, नगर स्तरमा २ करोड र कनेक्टिङ रोड अन्तर्गत घार्मीखोला अर्मलाकोट आँटीघर मौजा सडकको १ करोड ५० लाख र घार्मीखोला जुम्लेटी ढिकीडाँडा सुडाको मुखहुँदै तितेपानी सडकको लागि १ करोड ५० लाख विनियोजन भएको थियो ।

खानेपानी, चौतारा निर्माण र ५० प्रतिशत जनसहभागिताको रकम जोड्दा झण्डै ८ करोड बराबरको काम नगरपालिकाको बजेट बाट मात्रै वडाको विकास भएको छ भने ०७५/०७६ को सम्पन्न नगर सभाले वडा स्तरीय, नगरस्तरीय, कनेक्टिङ रोड, खानेपानी, पक्की मोटरेबलपुल गरी झण्डै ८ करोड बराबरको विकासको काम भइरहेको छ भने संघ र प्रदेशको चुनाव भई तिनै तहमा सरकार निर्माण भइसकेको हुदाँ यो वर्ष संघबाट र प्रदेशबाट पनि केही बजेट हाम्रो वडामा परी यो वर्ष काम भइरहेको छ । विशेष गरी केन्द्रीय रुपमा पर्यटन मन्त्री स्वर्गीय रवीन्द्र अधिकारी यसै क्षेत्रबाट निर्वाचित भएकोले पनि पर्यटन मन्त्रालय मार्फत यो वर्ष झण्डै ४ करोड बराबरको बजेट परी विकासको कामले तीव्र रुपमा गति लिइरहेको छ । प्रदेशबाट पनि झण्डै २ करोड बराबरको विकास निर्माणको काम जारी अवस्थामा छ ।

केन्द्रीय योजनामा थुप्रै योजनाहरु स्वर्गीय पर्यटन मन्त्री रवीन्द्र अधिकारीले पारेको हुदाँ ती योजना पाइप लाइनमा छन । रवीन्द्रको भौतिक शरीर हाम्रो बीचमा नभए पनि ती योजना फलो गरी हाम्रो क्षेत्रको विकासमा तीव्र गतिका साथ लाग्नु आजको आवश्यकता हो । विकासमा पछाडि परेको हाम्रो क्षेत्रले उज्ज्वल नक्षेत्र रवीन्द्र अधिकारीलाई गुमाउँदा आम जनतालाई नै ठूलो पिडा भइरहेको छ । तर हामी अब समालिँदै वडाको विकासमा लागि रहनुपर्छ र जनताले हामीलाई दिएको जिम्मेवारी इमान्दारीका साथ पूरा गर्नु पर्छ ।

हाम्रो अन्तर आत्मादेखि गरिएका निर्वाचनका वाचा अर्थात अठोटहरु जसलाई पूरा गर्न हामी मनैदेखि वा दिलै देखि समर्पित छौं । हामीले गरेका कुनै संकल्पहरु छिट्टै पूरा गर्‍यौ होला त कुनै संकल्पहरु पूराहुने क्रममा होलान । हामीले गरेका दृढ संकल्पहरुका कारण मानव जीवनलाई साकार र सफल बनाउन सकियोस, अरुका लागि पनि प्रेरणाका स्रोत बन्न सकोस् यसैले हामीले निर्वाचनका बेलामा गरेका हरेक प्रतिबद्धताहरु पूरा गर्नुपर्ने हिसाबले लाग्नु अहिलेको प्रमुख आवश्यकता हो । हामीहरुले सबै काम एकै चोटी गर्न सक्दैनौ तर समय सिमा तय गरेर अगाडि बढाउन सकेमा व्यवस्थित तरिकाले उक्त काम पूरा गर्न सकिन्छ । आज हरेक कुरामा अविश्वासको नजरले हेर्ने प्रवृत्तिको विकास भएको छ । आज हाम्रो समाजलाई सकारात्मक बाटोतर्फ अग्रसर गराउन प्रत्येक व्यक्ति अग्रसर भई निश्चित नियम र परिधिमा सञ्चालित हुनु पर्दछ । त्यसैले हामीले समाज र राष्ट्रलाई उज्यालो बनाउन व्यक्ति ,व्यक्तिहरु बाट नै संकल्पको थालनी हुनुपर्छ । हरेक कुरामा आफै उदाहरण बन्नु पर्दछ । ठूला मानिसका लागि जेल बनाउनु भन्दा साना नानीका लागि विद्यालय बनाउनु वेश भन्ने एलिजा कुकको भनाइलाई हामीले हरदम दिमागमा राख्नु पर्छ ।

गरिब र असाहयको घाउमा मल्हम पट्टी लगाउन सक्नुपर्छ । पूर्व प्रधानमन्त्री स्वर्गीय मनमोहन अधिकारीले ठूलो मानिस भन्दा असल मानिस बन्नुपर्छ भनेको कुरालाई सधै ध्यानमा राखेर हिड्नु पर्छ । जनताको हृदयमा उत्साह भरी राखौ जसले गर्दा हामीले गरेका उपलब्धीहरुमा खुसी प्रकट गरौं र आत्माविश्वास र आत्मा सम्मानका साथ अगाडि बढिरहौं हामी जनप्रतिनिधीहरुको

जीवन किताबको खुला पाना जस्तै बन्नु पर्दछ । आवश्यक पर्दा सबैले हामीलाई जुनसुकै बेला पनि अध्ययन गर्न पाउनुपर्छ र हामीले थालेका विकासका पाइलाहरु दीगो विकासको लक्ष्य अनुसार हुनुपर्छ । हामी जनप्रतिनिधीहरुले आफूले लिएको जिम्मेवारीमा प्रतिबद्धता, व्यवहारमा इमान्दारिता, सोंचाइमा समझदारीता र काममा साझेदारिता आजको अपरिहार्यता हो । आज हामी जनप्रतिनिधिहरु केही नै केही फरक र दीगो काम गरौं केही फरक बनौ र कसै न कसैलाई फरक बनाऔ अर्थात I Make a difference म फरक बनाउँछु भनेर लाग्नुपर्छ । काम गर्नु पर्छ तर फलको आशा नगरी जनसेवामा रात दिन लाग्नु पर्छ तव मात्रै हामी सच्चा जनप्रतिनिधि बन्न सक्छौ ।

हामीले अघिल्लो वर्ष साँघुरो भएको सुन्दर फिडको बाटो चक्ल्याउने, विपत् बाट वर्षा याममा कहिले मोटरसाइकल त कहिले मानिस र चौंपाया नै बगाउने लामाचौरको नालीमा गोर्खा स्कुलदेखि इन्जिनियर अध्ययन संस्थान सम्मको दाँयातर्फ गहिरो नालामा स्ल्याब निर्माण गरेका छौं भने महेन्द्र गुफाको ओरालोमा वर्षाको समयमा पानी आउँदा आवत जावत गर्न समस्या भई अर्मला जाने गाडीहरु नै चल्न नसक्ने अवस्थाको अन्त्य गरी त्यहाँ ओरालोमा ढलान गरेका छौं । घार्मीखोलामा कलबर्ट निर्माण गरेका छौं । इन्जिनियरिङ अध्ययन संस्थानबाट सेती नदीमा ओभरफ्लो भएको पानी डाइबर्ट गरी फालेका छौं । वडाको २० ठाँउहरुमा सोलार बत्ती जडान गरेका छौं । अर्मला कोट र गर्लाङमा होमस्टे सञ्चालन गरी पर्यटन तर्फको यात्रा तय गरेका छौं ।

महेन्द्र गुफा, चमेरी गुफा, जाने बाटोको स्तरोन्नतिको काम अगाडि बढाएका छौं । र आत्मा ज्ञान अगाडि बसपार्क निर्माण कार्य गर्दैछौं । बाटुलेचौर र लामाचौरका सम्पूर्ण भित्रीबाटोहरु आगामी वर्षमा पिच तथा ढलान गर्ने गरी कार्य अगाडि बढाएका छौं । काली खोलामा चेकड्यामको निर्माण गरी तटबन्धन गर्ने कार्य अगाडि बढाएका छौ । अर्मलाका सबै बस्तीहरुमा कच्ची बाटो पुर्याइसकेका छौं । खानेपानीको समस्या हल गर्न योजनावद्ध रुपमा प्रक्रिया अगाडि बढाएका छौं । विद्युतीकरणको लागि निरन्तर फ्लो गरी सयौं पोलहरु विस्तार गरेका छौं । अर्मलामा प्राथमिक स्वास्थ्य केन्द्रको नयाँ ३ वटा बिल्डिङ पूर्णताको अन्तिम बिन्दुमा पुगेको छ भने मातृशिशु मितेरी अस्पतालको स्तरोन्नति गरी थप सेवा प्राप्त भइरहेको छ । हाम्रो वडालाई पर्यटकीय रुपमा अगाडि बढाउने गरी हामीहरुले काम सुरु गरेका छौं ।

ढिकीडाँडामा प्याराग्लाइडिङ केन्द्रको विकास गराउने गरी संरचना बनाउँदै छौं र ढिकीडाँडालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गराउँदै छौं । गर्ल्याङदेखि झुप्राङ्गकोटसम्म फुट ट्र्याक बनाउने कार्यको निजी स्तरबाट पहल भइरहेको छ भने पर्यटन मन्त्रालय बाट रु. १० लाख विनियोजन भई काम सुरु भइरहेको छ । झुप्राङकोटबाट अर्मला कोट सम्म फुटट्र्याक बनाइ ट्रेकिङ रुटको गन्तव्य बनाउने लक्ष्यका साथ काम अगाडि बढिरहेको छ । अर्मलाकोट देखि चोकोडाँडासम्म फुटट्र्याक बनाइ चोकोडाँडालाई पर्यटन प्रवर्द्धन गर्ने कामलाई अगाडि बढाउने योजना बनाइएको छ ।


अर्मलाको दमाहा ढुंगा, सिद्ध मन्दिर लगायतका ठाँउहरुलाई आकर्षण बनाइ सिक्लेस सम्मको मोटर बाटोको ट्र्याक जोडी बाटोको स्तरोन्नति गर्ने कामलाई दीर्घकालीन रुपमा लैजाने गरी अगाडि बढ्नु पर्छ ।आज धान खेतीको रुपमा प्रख्यात ठाँउ ठूली बेसी फाँटको सिँचाइलाई व्यवस्थित बनाउने प्रक्रिया प्रदेश सरकार मार्फत् अगाडि बढाइएको छ भने खानेपानीको समस्या हल गर्ने गरी हरिपाँउ, छहरेपानी र जुम्लेटीमा एक घर एक धारा बनाउने गरी डिपिआर तयार गर्ने काम प्रदेशको तर्फबाट भइसकेको छ । आगामी वर्षको बजेटमा रकम छुट्टीने छ ।

त्यसैगरी अर्मला कोट देखि न्याले,पात्ले, डिही, कुर, पिप्लको लागि विस्तृत खानेपानी योजनाको आवश्यकता भएकोले आगामी वर्षको बजेटमा व्यवस्था गर्ने गरी लाग्नु पर्नेछ । अर्मलाको बीच भाग खरिकुना मेकेडाँडा, खुर्कोट, माझकुना, राहुलडाँडा, घट्टेकुना, जोगिमणी, तुम्के, गैरी, सुकाले, घार्मीखोलासम्म एक धारा अन्तर्गतको काम महानगरपालिकाको बजेटमा राखि प्रक्रिया अगाडि बढाइएको छ । कालीखोलाको तटबन्ध गरी नदीलाई व्यवस्थित गरी नदीकटान र भू क्षयलाई रोक्ने गरी योजना अगाडि बढाइएको छ । महेन्द्र गुफादेखि चमेरी गुफासम्म फुटट्र्याक निर्माण भइरहेको छ । महेन्द्रगुफा, चमेरीगुफा, कुमारीगुफा, क्रेजीगुफालाई एउटै प्याकेजमा जोडी पर्यटकको आकर्षण बढाउनु पर्नेछ । शिक्षा र स्वास्थ्यमा १६ नं वडा लाई केन्द्रको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भाव्यता छन् । पश्चिमाञ्चल इन्जिनियरिङ कलेज मणिपाल शिक्षण कलेज, विन्ध्यवासिनी क्याम्पस यही वडामा छन् भने गण्डकी आवासीय विद्यालयसहित ७ वटा निजी विद्यालय र सरकारी विद्यालय ५ वटा माध्यमिक तहका र ९ वटा आधारभूत तहका हुनुले पनि शैक्षिक केन्द्रको रुपमा वडा स्थापित भएको छ । प्रदेशकै नमुना अस्पतालको रुपमा मातृशिशु मितेरी अस्पताल अगाडि बढ्नु र अर्मलामा प्राथमिक स्वास्थ्य केन्द्र हुनु स्वास्थ्यको क्षेत्रमा पनि महत्वपूर्ण उपलब्धि हो ।


वडा नं १६ पोखराको उत्तरीबेल्टमा चिसो स्वच्छ हावापानी रहेको वडा महानगरको महत्वपूर्ण वडा भएकोले उत्तरी बेल्टको विकास गर्ने गरी महानगरले महत्वपूर्ण योजनाका साथ अगाडि बढ्नु पर्ने देखिन्छ भने कालीलेकको घना जंगलमा रहेको प्राकृतिक स्रोत साधन र जडिबुटीको उपयोग गर्न सकेमा महानगरको अर्थतन्त्रमा टेवा पुग्ने देखिन्छ । सेती नदी र कालीखोलाको बीच भागमा रहेको वडा नं १६ लाई कृषि, पर्यटन र शैक्षिक क्षेत्रमा अगाडि बढ्ने प्रशस्त सम्भावना छन र वडाको तर्फबाट यो वर्ष हामीले वडाको प्रोफाइल बनाइ व्यविस्थत विकासको अभियानलाई अगाडि बढाउने सोंचमा रहेका छौं । अन्त्यमा संघ, प्रदेश र स्थानीय तहको बीचमा सहकार्य, सहअस्तित्व र समन्वयका आधारमो देशको विकास र संमृद्धिको यात्रामा अगाडि बढौं ।

*(आचार्य पोखरा १६ का वडाध्यक्ष हुनुहुन्छ)*

# पोखरा १७ मा पर्यटनको सम्भावना



• तीर्थराज अधिकारी



पातले छागो

पोखरा महानगरपालिका ३३ मध्य १७ नम्बर वडा पर्यटकीय दृष्टिले महत्वपूर्ण वडामा पर्दछ । जहाँ वार्षिक रुपमा आन्तरिक तथा बाह्य पर्यटक गरी ११ लाखले वडा नं. १७ मा रहेका विभिन्न पर्यटकीय गन्तव्यको अवलोकन गर्ने गरेका छन् । यो वडालाई एउटा पर्यटकीय सम्भावना बोकेको वडाको रुपमा हेरिएको छ । खास गरी भौगोलिक, सांस्कृतिक, एवं पर्यटकीय हिसाब र राष्ट्रिय सम्पदा सूचीमा सूचिकृत पातलो छाँगो (Davis Fal), गुप्तेश्वर महादेव गुफा, अन्तर्राष्ट्रिय पर्वतीय संग्राहलय, समेतमा गरी वर्षेनी आन्तरिक तथा वाह्य पर्यटक गरी लाख पर्यटकले अवलोकन गरेको पाइयो । यी बाहेक प्राकृतिका ढुंगेसाँघु सीतापाइला, सेती नदी, फुस्रेखोला, रानीवन, ओशो उपवन, फेवाताल तिब्बतीयन क्याम्प, एसओएस बालगृह, गुम्बाहरु, राममन्दिर, संदाशिवजी हरिहर मन्दिर लगायत मठमन्दिर निर्माणाधीन माछापुच्छ्रे प्रतिबिम्ब पार्क र पातलो छाँगोमा सिसाको पुल निर्माण प्रस्ताव समेत आइसकेको हुँदा पर्यटकको लागि विश्वकै महत्वपूर्ण आर्कषणको केन्द्र बन्न पुग्ने कुरामा दुईमत छैन ।

भौगोलिक रुपमा वडा नं.-६, ७, १५, ३३, २१ र २२ वडासँग सिमाना जोडिएको छ भने सिद्धार्थराजमार्ग यस वडाहुँदै गएको छ । शैक्षिक अवस्था सामुदायिक विद्यालय ३, जानकी आधारधूत विद्यालय, पार्दी मावि र छोरेपाटन मावि, एउटा गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस गरी ४ छन् । यसै गरी संस्थागत बोडिङ-१६, मन्टेश्वरी-७, सहरी स्वाथ्य केन्द्र-१, नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित हिमालय आँखा अस्पताल-१, प्राइभेट हस्पिटल नमस्ते र विभूति गरी ३ हस्पिटल, ठूला होटल-२ पोखरा ग्रान्ड, सांग्रिला होटल छन् । यस वडामा विकास र कर्मसियल बैंक समेत गरी-२८, सहकारी-३५,

आवास क्षेत्र-३,फिस्टेल हाउजिङ, पोखरा होम्स, सञ्चयकोष, मठमन्दिर-९ राममन्दिर, सदाशिवजि हरिहर मन्दिर, ओमकारेश्वर, कृष्ण मन्दिर, नवगुम्बा हरिहर मन्दिर सीतापाइला छन् । सहारा क्लबले सञ्चालन गरेको सहारा फुटबल एकेडेमी पनि यसै वडामा पर्दछ ।

**जनप्रतिनिधि निर्वाचित भएपछिका कार्यहरु**

हाम्रो देशमा जुन राजनीतिक अन्योलले गर्दा जुन गतिमा विकास र सम्मृद्धि हुनुपर्ने हो त्यो नभएर ५० औं वर्ष पछि धकेलिएको छ । १५ वर्षसम्म जनताको प्रतिनिधि नहुँदा जनताले प्रत्यक्ष रुपमा पाउने विकासका अनुभव आफ्ना समस्या र कार्य राख्न र गर्न नपाउँदा अति नै पीडादायी जीवन विताउनु परेको अनुभव हामीसँग छ । जुन देश राजनीतिक परिर्वतनले आमूल परिर्वतनसँगै सार्वभौम सम्पन्न जनतामा निहीत संविधान प्राप्त गरिसकेपछि देश संघीयतामा गयो पहिलो पटक हामी संघीयता कायम गर्ने स्थानीय तहमा निर्वाचन भई निर्वाचित हुन पाउँदा अति नै हर्ष र उमंगसँगै ठूलो जिम्मेवारी आएको छ । संघीयताको कार्यान्वयनसँग सिहंदरबारको अधिकार वडा वडामा प्रत्यक्ष जनताले अनुभूति गर्न पाएका छन । जनताहरु सबै हर्षित भएका छन् । पहिला एउटा वडामा निर्वाचनको क्षेत्रको ्बजेटसँगै नगरपालिकाले १० देखि १५ लाखसम्म बजेट वडामा विनियोजित गर्थ्यो । अहिले स्थानीय साधन स्रोत स्थानीय सरकारले नै सञ्चालन र रेखदेख गर्न पाउने भएको कारणले पनि जनतामा खुसियाली छाएको छ । जनतामा देखिएको उमंग र खुसीलाई साथमा लिएर समृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार पार्न हामी पनि लागि परेका छौं । जनताको साथ बिना विकास सम्भव छैन भन्ने हामीले बुझेका छौं । जनताको साथ र सहयोगमा वडालाई नमुना वडा बनाउन हामी प्रतिबद्ध छौं ।

**विगत २ वर्षमा भएका महत्वपूर्ण काम**

- आर्थिक वर्ष २०७४।२०७५ दामोदर कुनाको भलपानी निकास सम्पन्न, दोबिल्लाको पुलको संरक्षण, मानव बस्ती संरक्षण, दोबिल्ला प्रगति टोलमा पिकनिक स्थल निर्माण, नगर सहरी स्वाथ्य जाने बाटो ढलान, रातो पैह्रा नाला निर्माण, बस्ती जोखिम न्यूनीकरण, सांग्रिला होटलदेखि पावर हाउस पिच बाटो, नमुना टोल बाटो ढलान, शीतल चौतारी बाटो पिच, सार्वजनिक शौंचालय निर्माण हिमालय आँखा हस्पिटल परीसर भित्र, घारीपाटन आँखा हस्पिटल, एसओएस म्युजियमहुँदै हनुमान टोल नाला निर्माण तथा बाटो पिच, मुस्ताङचोक भलपानी निकास सम्पन्न लगायत सबै गरी १५ करोड ३१ लाखको काम भएको छ ।
- वडाबाटै सम्पूर्ण कर लिने कार्यको सुरुवात वडा नम्बर १७ बाट भएको हो ।
- सामुदायिक विद्यालयहरुमा फर्निचर तथा शैक्षिक सामग्री वितरण, श्रमिक बालबालिकाहरुलाई झोला, स्विइटर,स्टेसनरी वितरण गरिएको छ ।
- सीपमूलक सिलाइ केन्द्र २ ठाउँमा सञ्चालन गरी ४० जनालाई तालिम दिएको, कानुनी सचेतना, उद्घोषक तथा नेत्रृत्व विकास, कम्प्युटर तालिम ४० जनालाई प्रदान गरिएको, गर्भवती महिलालाई पोषक सम्बन्धी तालिम, एकल महिला अभिमुखीकरण, फरक क्षमता भएकालाई सिप विकास तालिम प्रदान गरिएको छ ।
- फोहोरमैला लगायत सचेतनात्मक कायक्रम, जैविक मल बनाउने तालिम, कफीखेती तालिम, कृषकलाई तरकारी खेती गर्न टनेल, खेलकुद कराँते प्रतियोगिता, भलिबल प्रतियोगितामा सहभागिता


गुप्तेश्वर गुफा

**२०७५।०७६ को कार्य**

महतगौंडा पिच बाटो, म्युजियम लेन बाटो ढलान, भयरथान नाला निर्माण, विद्या निकेतनदेखि मुसेटुँडा बाटो ढलान, पिच बाटो, खानेपानी फुटट्रेल, फास्ट्रयाक पर्यटन पूर्वाधार लगायत वा विविध गरी करिब १३ करोडको काम हुने अनुमान गरिएको छ । यसमा संघीय सरकार र प्रदेश सरकारको बजेटका साथै उपभोक्ता जनसहभागिता पनि समावेश छ । अब महानगरपालिकाले, कार्ययोजना बनाउँदा दीर्घकालीन योजनामा जोड दिन पर्दछ । वार्षिक योजना, ऋमागत योजना, २ वर्षीय, त्रीवर्षीय र पञ्चवर्षीय योजना बनाउँदा मात्र जनताले सोचेको जस्तो, हामीले भनेको जस्तो र हाम्रो पोखरा महानगरको भूगोलमा आधारित विकासको मोडेल आवश्यक छ । जनताले चाहे अनुसार वडाको सेवा प्रवाहलाई चुस्त,दुरुस्त बनाउँदै विकासलाई अगाडि बढाउन हामाी जनप्रतिनिध कटिवद्ध छौं त्यसका लागि जनताको सहयोग अपरिहार्य छ ।

*(अधिकारी वडा नं. १७ को वडाध्यक्ष हुनुहुन्छ)*

# विकासका लागि राजनीति



• श्रीराम पोखरेल

विश्वकै सुन्दर नगरको रुपमा पोखरा महानगर पर्दछ। यो महानगर क्षेत्रफलका हिसाबले नेपालकै ठूलो महानगर पनि हो । प्राकृतिक रुपमा सुन्दर नगर पोखराको पूर्वतर्फ वडा नं. ३० पर्दछ । यस वडाको पूर्वमा रुपाताल र पोखरा जुलोजिकल पार्क, पश्चिममा पृथ्वी राजमार्ग भण्डारढिक, उत्तरतर्फ बेगनासताल, मैदी ताल, दिपाङ ताल र दक्षिणतर्फ सेती नदी छन् । वडाको केही भाग समथर, केही पहाडी भू–भागका साथै वन जंगलले ओगटेको पनि छ ।

यहाँको भूभाग चट्टानी भएकोले भासिने, बाढी पैरो आउने लगायतको दैवी प्रकोपको अतिक्रमण न्युन छ । यो वरपरबाट बसाइसराइको कारण बनेको छ। फेरि पनि यो वडा आफैंमा नगरोन्मुख छ । सहरी विकासका संभावनाहरु प्रशस्त बोकेको यो वडामा प्रमुख रुपमा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, नेवार, कुवँर, कुमाल लगायत दलितको बसोबास छ । यी जातिहरु एकापसमा आ–आफ्नै संस्कार र संस्कृतिमा रमाएका छन् ।

यस वडाको बरालथरबाट धौलागिरीको र अन्नपूर्ण लगायतका सबै हिम शृंखला देख्न सकिन्छ । यस क्षेत्रमा तीनवटा सामुदायिक वन क्षेत्र पर्दछन् । मनकामना टप्पु यस क्षेत्रकै अत्यन्त मनमोहक र सुन्दर स्थान हो । यहाँबाट पोखरा क्षेत्रका धेरै भाग लगायत तालहरु देखिन्छन् । यस क्षेत्रलाई पर्यटकीय क्षेत्र निर्माणका लागि आकर्षक सिस महल सहितको सुन्दर टावर निर्माण गर्ने योजना छ ।

आफ्नो भवन नभएकोले हाल वडाको केन्द्रमा पर्ने गरी पोखरा विश्वविद्यालय नजिकै वडा कार्यालयको भवन निर्माण भइरहेको छ । यसको वरिपरि प्राय: सरकारी कार्यालयहरु जस्तै: लेखनाथ इलाका प्रशासन कार्यालय, पशु तथा कृषि सेवा केन्द्र, हुलाक सेवा कार्यालय लगायतका अन्य कार्यालयहरु छन् । प्रदेश स्तरीय कार्यालयहरुमा ट्राफिक प्रहरी कार्यालय पनि स्थापना भइसकेको छ भने यहाँ इलाका स्तरीय वन कार्यालयको लागि जग्गा व्यवस्थापन भइसकेको छ । त्यस्तै खुला विश्वविद्यालय स्थापनाको लागि अध्ययन अनुसन्धान कार्य भइरहेको छ भने पोखरा विश्वविद्यालयको मातहतमा शिक्षण अस्पताल शिलान्यास कार्य वडाकै पहलमा निकट भविष्यमा हुँदैछ ।

यस वडामा प्रदेशकै एक मात्र पोखरा विश्वविद्यालय छ भने नमुना माध्यमिक विद्यालय समेत ४ वटा सामुदायिक विद्यालय सञ्चालित छन् एवं ५ वटा संस्थागत माध्यमिक विद्यालय छन् । स्वास्थ्य क्षेत्रमा २ वटा अस्पताल, एउटा सहरी स्वास्थ्य केन्द्र र एउटा आयुर्वेदिक औषधालय सञ्चालित छन् ।

वडावासीलाई मात्र नभई साविक लेखनाथवासीलाई नै पिउने पानीको आपूर्ति लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले गर्दै आएको छ । यसको विकास र व्यवस्थापनको लागि गण्डकी प्रदेश स्तरीय खानेपानी तालिम भवन निर्माणाधीन रुपमा छ । सिँचाइको हकमा विजयपूर नहर, बेगनास नहर गरी दुईवटा ठूला सिँचाइ आयोजना छन् भने दिपाङ तालबाट सिँचाइ गर्न मिल्ने मझौला नहर पनि यस क्षेत्रमा छ । यस क्षेत्रका सबै स्थानमा विद्युत सेवा पुगेको छ भने धेरै स्थानमा सोलार बत्ति पनि जडान भई वडावासीहरु उज्यालोबाट लाभान्वित छन् । चायपानी चिसाकुना सामुदायीक वन क्षेत्रभित्र पर्ने झण्डागाँडे र पोखरा जुलोजिकल पार्क लगायतका क्षेत्रहरु पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।

यस वडामा ६ वटा कनेक्टिभिटी मार्ग लगायतका प्रशस्त मार्गहरु छन् । वडाभित्र रहेका आन्तरिक मार्गहरुमध्ये निर्वाचित जनप्रतिनिधिको पहिलो आर्थिक वर्षमा करिब ६० प्रतिशत मार्ग कालोपत्रे आ.व. २०७४।०७५ मै सकिएको छ भने बाँकी मार्ग निर्माणाधीन र बनाउने योजनामा छन् । तालचोकबाट बेगनासताल मार्गको सडक खण्ड गौरवको योजनामा समेत परेको छ ।

त्यसैगरी यहाँ मूख्य रुपमा तीन वटा कृषियोग्य फाँटहरु छन्, जसमा त्रिकाङ फाँट, खुदी फाँट र खनालको फाँट छन् जसमा बाह्रै महिना खेती गर्न सकिन्छ । भोलिका दिनहरुमा यस्ता फाँटहरुले कृषि योजनाहरु सञ्चालन गर्न प्रशस्त संभावनाहरु बोकेका छन् । त्यसैगीर रेयाले ठाडडाँडा साउनेपानी वनको केही भागलाई कृषि वनमा परिणत गर्ने योजना रहेको छ जसलाई कृषि क्षेत्रमा विकास गरिनेछ ।

यस क्षेत्रमा विभिन्न पार्क निर्माणको लागि योजना बनेको छ भने खेलकुद मैदान, ज्येष्ठ नागरिक स्नेह मिलन केन्द्र स्थापनाको प्रयास र पहल भइरहेको छ । महानगरको **'ग्रिन सिटी क्लिन सिटी'** को अवधारणा अनुसार यो वडामा वृक्षरोपणको कार्यलाई अगाडि बढाइएको



पोखरा ३० ढुंगेपाटनमा रहेको पोखरा विश्वविद्यालयको केन्द्रीय कार्यालय

छ। यस वडामा १७ वटा महिला समूह र ४१ वटा टोल विकास संस्थाहरु लगायत युवा क्लबहरु, बाल क्लबहरु पनि क्रियाशील रुपमा छन् । यी संस्थाहरुसँग वडा कार्यालयले सहकार्य र समन्वय गर्दै भौतिक पूर्वाधार लगायत सामाजिक विकासका लागि अगाडि बढिरहेको छ । यसको ज्वलन्त उदाहरण वडाको प्रोफाइल निर्माणलाई लिन सकिन्छ, जुन अन्तिम चरणमा पुगेको छ ।

मनोरञ्जनको लागि मन्दीप मिलन चलचित्र मन्दिर लगायत पार्कहरु जस्तै, भूगोल पार्क, जनता पार्क, नमुना आदर्श चिल्ड्रेन पार्क, शिव पार्क लगायतका स्थानहरु अवस्थित छन्। यी पार्कहरुलाई अझ व्यवस्थित र सुविधायुक्त बनाउनको लागि वडाले योजना बनाइरहेको छ । यसका अतिरिक्त वडा कार्यालय नजिक रहेको करिब १२ रोपनीमा सुन्दर र रमणीय पार्क निर्माणको लागि योजनावद्ध रुपमा अगाडि बढाइएको छ ।

अन्तमा, पोखरा महानगरको वडा नं ३० वास्तवमै सुन्दर र शान्त छ। विकास र व्यवस्थित हुँदै रहेको यो वडामा प्रशस्त विकासका सम्भावनाहरु छन् । विकासका आशा र विश्वासमा यहाँका वासिन्दा निकै उत्साहित देखिन्छन्। यही खुसी र उत्साहलाई कायम राखिराख्नु चुनौतीको रुपमा लिइएको छ । वास्तवमा विकासका लागि राजनीति पनि यसैलाई भनिन्छ । संघीय शासन प्रणालीसँगै जनतामा देखिएको उत्साह र खुसीलाई जोगाउँदै विकासलाई अगाडि बढाउन हामी प्रयासरत छौं ।

*(पोखरेल वडा नं. ३० का वडाध्यक्ष हुनुहुन्छ)*

# निर्माण सामग्री हटाउने सूचना

**पोखरा महानगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानहरुमा जथाभावी रुपमा निर्माण सामग्री राख्ने कार्य गरेको देखिएकोले त्यस्ता सामग्रीहरुबाट पैदलयात्री तथा सवारी आवगमनमा समेत वाधा पुग्न गएको, सहरी सौन्र्दयतामा प्रतिकुल असर पर्नुका साथै वातावरण प्रदुर्षण बढ्न गएको र यसले मानव स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएकोले त्यस्ता प्रकृतिका कुनै पनि निर्माण सामग्रीहरु यथाशीघ्र हटाइ सरसफाइ समेत गर्नुहुन अनुरोध गरिन्छ।**

**यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले निर्माण सामग्री राखिएको पाइएमा महानगरबाट खटिइ आएका नगर प्रहरीहरुले त्यस्ता सामग्रीहरु जफत गर्ने र त्यस्ता सामग्रीहरु उठाउँदा र लैजाँदा लाग्ने खर्च समेत सम्बन्धित व्यक्तिबाट नै असुल उपर गरिनेछ। यसरी जफत भएका सामग्रीहरु उपरपछि कोही कसैको दाबी विरोध नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ।**

**पोखरा महानगरपालिका**

# कृषि महाशाखाबाट उपलब्ध सेवा सुविधा

**पोखरा महानगरपालिकामा कृषि क्षेत्रको समग्र विकास, विस्तार तथा प्रवर्द्धनको लागि कृषि क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण गर्दै प्रतिस्पर्धी क्षमताको विकास गर्न, स्थानीय स्रोत साधनको सदुपयोग गरी वातावरण मैत्री दीगो कृषि विकासमा जोड दिन तपशिल अनुसारको कार्यक्रम सञ्चालन गर्ने।**



१. **कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि**

- कृषि उत्पादनको लागि आवश्यक सामग्रीहरु (मल, बिउ, जैविक विषादी, मौरी घार, च्याउ, यन्त्र उपकरण, प्लास्टिक घर आदिमा) अनुदानमा उपलब्ध गराउने
- साना सिँचाइ, प्लास्टिक पोखरी, लिफ्ट सिँचाइ तथा थोपा सिँचाइ कार्यक्रम सञ्चालन गर्ने

२. **बिउ उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने**

- फलफूल नर्सरी स्थापना तथा बगैंचा स्थापना गर्ने
- उच्च मूल्य बस्तुको प्रवर्द्धन गर्ने
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गर्ने
- कृषि बिमाको लागि सहजीकरण गर्ने
- जलवायु मैत्री कृषि प्रविधि, जैविक विविधता संरक्षण प्रवर्द्धन

३. **बजार क्षेत्रमा कौसी खेती प्रवर्द्धनात्मक कार्यक्रम**

- आधुनिक कृषि प्रविधि बारे तालिम तथा प्रदर्शन कार्यक्रम सञ्चालन गर्ने
- कृषिजन्य बस्तुहरुको व्यावसायीकरण र बजारीकरण
- मेयर प्रविधि मैत्री कृषि परियोजना कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने
- स्पस्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली र बस्तु उत्पादनमा आधुनिकीकरण, यान्त्रीकरण, प्रशोधन, स्थानीय उत्पादनको ब्रान्डिङ तथा बजारीकरण मार्फत् दीगो तथा आत्मनिर्भर उन्मुख कृषिको विकास
- कृषि जन्यबस्तु भण्डारणको लागि सहयोग गर्ने
- कृषि ऋणको सहजीकरण तथा परियोजना धितो राखी उपलब्ध गराउने
- व्यावसायिक योजनाहरुलाई प्रतिस्पर्धी अनुदान सहयोग गर्ने
- लागत र उत्पादनर आम्दानीको आधारमा अनुदान दिने
- सार्वजनिक निजी साझेदारीमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण गर्ने
- प्रांगारिक बस्तु उत्पादन, प्रमाणीकरण तथा ब्राण्डिङ गर्ने
- सुविधायुक्त कृषि संकलन केन्द्र, कृषि हाट बजार तथा कृषि थोक बजार स्थापना तथा सञ्चालन गर्ने

४. **कृषि अनुसन्धान तथा प्रसार**

- सहभागितात्मक नतिजा उन्मुख अनुसन्धानमा जोड दिने, आधुनिक खेती प्रविधिमा जोड दिने
- एकीकृत सामुदायिक कृषि प्रसार

तथा सूचना केन्द्र मार्फत् आधुनिक कृषि प्रविधि कृषकको घर दैलोमा पुऱ्याउने कृषि सञ्जाल मार्फत् सूचना प्रवाह तथा एकद्वार प्रणाली अनुसार कार्यक्रम सञ्चालन गर्ने
- कृषि सूचनाको लागि आधुनिक प्रविधि को प्रयोग गर्ने

५. **कृषि तथ्यांक अध्यावधि**
- नियमित रुपमा कृषि तथ्यांक संकलन, प्रशोधन तथा अपडेट गर्ने
- खाद्य वासलत तथा खाद्य सुरक्षा अवस्था तयार गर्ने
- मुख्य बालीको व्यावसायिक योजना तयार गर्ने
- कृषि फर्म, समूह, सहकारी, संघ संस्थाको सूचीकरण गर्ने, विवरण अध्यावधिक गर्ने काम
- गुणस्तर नियमन, विपद् व्यवस्थापन तथा सचेतना
- प्राकृतिक प्रकोप विवरण संकलन, राहत तथा जोखिम न्यूनीकरण
- विषादी न्यूनीकरण, बालीको विषादी अवशेष विश्लेषणकृषि बजार, सामाग्री वितरक, उत्पादन सामग्री, संघ संस्थाको नियमन गर्ने

६. **समन्वय, कार्यान्वयन तथा अनुगमन**
- स्थानीय सरोकारवाला संघ संस्था तथा प्रादेशिक र संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने संचालित क्रियाकलापको नियमित रुपमा अनुगमन गर्ने

७. **कृषि महाशाखामा सूचिकृतको लागि पेश गर्नुपर्ने कागजातहरु**
- संस्था दर्ता प्रमाणपत्र, प्यान दर्ता, नवीकरणको विवरण
- कृषि संजाल तथा वडा कार्यालयको सिफारिस

८. **कृषि फर्म दर्ता प्रक्रिया**

सम्बन्धित वडा कार्यालयमा गई व्यवसाय दर्ता प्रामाणपत्र लिने र सोको आधारमा प्यान न प्राप्त गर्न सकिने

९. **कृषि समूह दर्ता प्रक्रिया**
- महानगर कृषि महाशाखामा दर्ता गर्न सकिनेछ,
- कम्तिमा १५ जना सदस्य रहने गरी साझा उद्देश्य राखेर गठन गर्न सकिने
- महाशाखाबाट उपलब्ध हुने विधान २ प्रति, ७ जना कार्यसमितिको फोटोसहित नागरिकता प्रमाणपत्र
- उपलब्ध भएको प्रमाणपत्रको आधारमा प्यान न लिन सकिने

१०. **कृषि सहकारी को लागि**
- पोखरा महानगरपालिका सहकारी शाखाबाट दर्ता हुनेछ

११. **पोखरा महानगरबाट कृषि कार्यक्रम प्राप्त गर्न चाहिने कागजातहरु**
- कार्यालयबाट प्रकाशन गरिने सूचना अनुसारको विवरण
- निवेदन संकलन साथमा वडाको सिफारिस सहित
- सूचिकृत हुनुपर्ने (गत वर्ष सूचिकृत भएकाले नपर्ने)
- कार्यक्रमको स्रोत अनुसार उपयुक्तताको आधारमा (फिल्ड निरीक्षण, गत वर्ष प्राप्त गरेको योजना) महानगर कृषि विकास कार्यदलको बैठकबाट अनुमोदन गर्ने
- कार्यक्रम मा सहभागी हुनको लागि फर्म दर्ता भएको वा कृषि समूह, सहकारीमा आवद्ध हुनुपर्नेछ
- थप जानकारी र सूचनाको लागि वडा स्तरमा रहेका कृषि सञ्जाल वा www.pokharakrishi.com मार्फत अनलाइन कार्यक्रम माग तथा विवरण बुझाउन सकिनेछ ।

*(पोखरा महानगरपालिका कृषि महाशाखा)*

# सार्वजनिक हितमा जारी सूचनाहरू

- **पेट्रोल, डिजेल मट्टितेलजस्ता अत्याधिक प्रज्वलनशील पदार्थ घरमा नराखौं।**
- **सुख्खायाममा आगलागीको जोखिम अधिक हुन्छ। बालबच्चाहरुले भेट्ने ठाउँमा सलाइ, लाइटर जस्ता चिजहरु नराखौं। वन जंगल प्रवेशमा सलाइ लाइटरलाई निषेध गरौं।**
- **प्रयोग गरिसकेपछि ग्याँस रेगुलेटर बन्द गरौं। विद्युतीय स्विच अफ गरौं।**

**तपाईहरुको बस्ति, टोल छिमेकमा आगलागीजन्य घटना घटेको अवस्थामा तपाईले १०१ वा ५२०२२२ मा सम्पर्क गरि दमकललाई खबर गर्न सक्नुहुनेछ।**

**पोखरा महानगरपालिका**




# चौथो नगर सभाबाट

## ८ विधेयक पारित

पोखरा महानगरपालिकाको चौंथो नगरसभाले आठ वटा ऐन तथा जनप्रतिनिधि र कर्मचारीसँग सम्बन्धित दुई वटा आचारसंहिता पारित गरेको छ । गत माघ ११ गतेदेखि ३ दिनसम्म भएको थियो । सभामा प्रस्तुत विधेयक र आचारसंहितामाथि व्यापक छलफल गरी पारित गरिएको हो । सभाले महानगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, नगर खेलकुद विकास, नगर प्रहरी व्यवस्थापन, पर्यटन विकास, पूर्वाधार विकास, सुशासन, आर्थिक ऐन र सहकारी विधेयकको मस्यौदालाई सर्वसम्मत पारित गरेको हो । सभामा आठ विधेयक र दुई आचारसंहिताका बारेमा ६० जना सभासदले आ-आफ्नो भनाइ राखेका थिए ।

नगर सभाले महानगरीय लेखा समिति गठन गरेको छ । पोखरा वडा नम्बर २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङको संयोजकत्वमा वडा नम्बर ११ का वडाध्यक्ष मोहन बास्तोला, २६ का अध्यक्ष नारायण बराल, २९ का वडाध्यक्ष चेतबहादुर गुरुङ र वडा सदस्य राममाया विक सदस्य रहेको लेखा समिति गठन गरेको हो । वडा नम्बर ९ का वडाध्यक्ष रामराज लामिछानेले प्रस्ताव र शोभामोहन पौडेलले समर्थन गरेपछि सभा अध्यक्ष महानगर प्रमुख मानबहादुर जिसीले नाम सभामा पढेर सुनाउनु भएको थियो । सभाले सर्वसम्मत रुपमा नाम पारित गरेको हो । त्यस्तै सभाले प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग कानुन निर्माण तथा कार्यान्वयन गरेर अगाडि बढन अनुमति समेत दिएको छ । महानगरको आर्थिक सुशासन कायम गर्ने उद्देश्यले लेखा समिति गठन गरिएको महानगर प्रमुख मानबहादुर जिसीले बताउनुभयो ।

महानगरले यसअघि ३९ वटा ऐन, कानुन, नियमावली र कार्यविधि निर्माण गरेको थियो । नगर सभासद्हरुले उठाएका प्रश्नको जवाफ दिँदै पोखरा महानगरका प्रमुख एवं सभाका अध्यक्ष मानबहादुर जिसीले नगरसभासद्हरुले राखेका विषयलाई राजपत्रमा प्रकाशन पूर्व संशोधन परिमार्जित गरी सम्बोधन गर्ने बताउँदै महागनरबासीको हित हुने कुरामा कसैसँग सम्झौता नगरी ऐन कानुन कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले ऐन नियम बनाएर काम गर्नुपर्ने भएकाले जनताले अपेक्षा गरे अनुसार काम गर्न नसकेको जस्तो देखिएको भएपनि थुप्रै काम भएको बताउनुभयो । उहाँले जनप्रतिनिधिले जनताका अपेक्षा अनुसार इमान्दरिताका साथ निष्पक्ष भएर काम गर्नुपर्नेमा जोड दिनुभयो ।


# बोलेर होइन गरेर देखाउने बेला



• लक्ष्मण तिमिल्सिना

समय परिवर्तनशील छ भन्नेहरुको ठूलै जमात नै भेटिन्छ बजारमा । तर समयको महत्व धेरैले बुझेको हुँदाहुँदै पनि व्यवहारिकतामा भने फरकपन ज्यादा भेटिन्छ । जब सम्म हामीले घरमा दाजु भाइको अंशबन्डा मिलाउन नसकेर अड्डा अदालत धाउन छोड्दैनौ तबसम्म देश विकासको सपना भिटामिन खुलाएर मुसोलाई हात्ती बनाउनु सरह नै हो,त्यो अधुरो नै हुनेछ । एक बित्ता जमिनका लागि आफ्नै दाजुभाइ मिलेर रहन नसक्ने बाटै सम्वृद्धि आशा गर्नु लोकको कल्याणमा देख्दै देख्दिन ।

समाजमा पछिल्लो समय हुटिट्याउले आकाश थाम्छु, बरु यथार्थ बने जस्तो देखिन थालेको छ तर आकासै आफ्नो बिर्ता भन्नेहरु परिदृश्यमा फरक अनुभूत हुँदैछन् । यसको माने यो होइनकी म पनि भन्दै छु हुटि्याउँले आकास थामिरहनेछ । तर साना तिना समुदाय समूहहरुले विकासका लागि गरेको अपत्यारिलो पहल र प्रयास प्रशंसायोग्य नै छन् । त्यो बाहेक समाज निर्माणको लागि पहल गर्ने स्थानीय तहको कामकाज मेलो




**पोखरा महानगरपालिकाले निर्माण गरेको पिच तथा ढलान बाटोको गुगलबाट लिएको तस्बिर**

फेला पारेर अगाडि बढेकै छ । यौटा पुस्ताले वास्तविक विकास देख्न नपाइ बुढौंली अवस्थामा पुगे ।

एकाथरि समाज विकासका अगुवा त बने तर उनीहरुको इमान्दारिता कसैको स्वार्थपूर्तिको हस्ताक्षर बनेकोमा उनीहरु सोच्ने फुर्सद नै पाएनन । आज देशमा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको पनि दुई वर्ष पुग्नै लागेको छ । तर विकास निर्माण जनताले चाहे जस्तो रातैमा असम्भव नै हो । तरपनि आशा जनप्रतिनिधि प्रति हुनु स्वाभाविक नै हो र हुन्छ पनि । स्थानीय तहको निर्वाचन त भएको छ तर संरचना बदलिएर, तसर्थ स्थानीय तहले आफ्नै नियम कानुन बनाएर अगाडि बढ्नु पर्ने चुनौतिको लगभग सामना भएको छ । पर्याप्त सम्भावनाका माझमा रहेर समयको सान्दर्भिकतामा पस्दै बोलेर मात्र होइन गरेर देखाउने बेला आएको छ ।

**मेरा बाको दाह्रीमा भंगेराको गुड**

दलहरुको चुनाबी घोसणापत्र यो वा त्यो नभनी हेर्दा एकादुई छोडेर आशा बाँडिएका थिए । सपनाहरु राते विकासलाइ सम्भव बनाउने खालका थिए, घोषणापत्र हेर्दा परदेशिएका नेपालीलाई तु का तु नेपाल बोलाई हालौ कि जस्तो पनि, तर व्यवहारिकता फरक पाटो हो । भए सम्म जनतालाई विकासवादी बनाउन सपना देखाउनु जरुरी हो र राजनीतिक दलहरुले त्यसै गरे । अब मेरा बाको दाह्रीमा भंगेराले गुड हाल्थ्यो भनेर जनताले विश्वास नगर्न सक्छन, चातुर्य प्रस्तुत गर्न सक्नेहरु नै पुन सफल हुनेछन् । मेरा बाको दाह्रीमा भंगेराले गुड हाल्ने कुरा साच्चै हो, कसरी भन्दा मेरा बाले दाह्री लामो पारेर काट्नु हुन्थ्यो र दाह्रीको ठूटा लगेर भंगेराले गुड हाल्ने गर्थ्यो बुझाउनु जरुरी देखिन्छ । यति कुरा बुझाउन सकेमा जनता नेता, कार्यकर्तालाई गाली गर्न खर्चिने समय विकासको लागि दिनेछन् । नेतृत्वले विकासको योजना तयारी गरी जनतालाई विकास निर्माणमा सँगसँगै लिएर अगाडि बढ्नु जरुरी देखिन्छ । हामीकँहा एउटा मानसिकताले छोपेको छ, भोट दिएसी सबै नेताकै जिम्मेवारी । खास नेतृत्वले नीति सही बनाइदिने हो, कार्यान्वयनका लागि जनता सचेत हुनै पर्छ । जुन देशमा जनता राज्यको नीति कार्यान्वयनमा इमान्दार देखिन्छन् सोही देश विकास निर्माणमा अगाडि देखिएका छन् ।

**जनप्रतिनिधि बुझ्दै, कर्मचारी हेर्दै**

२० वर्ष स्थानीय सरकारको जिम्मेवारी समाल्लेका कर्मचारीहरुले जनप्रतिनिधिको साथ पाएपछि किन नतिजा आएन र सोच्ने हो भने नतिजा राम्रै देखिनुपर्ने आकलन आउछ तर ब्यवहारत त्यो भैरहेको छैन ।



**चौतारो संरक्षण**

कर्मचारीहरु जिम्मेवारी बाँडिएको र बोझ कम भएको अनुभूत गरिरहे । स्थानीय तहका जनप्रतिनिधिहरुमा जिम्मेवारी बोध त भयो तर समन्वय कँहाबाट के गर्नुपर्ने अन्यौलता देखियो । भावनामा काम गनुपर्ने राजनीतिज्ञहरुलाई कानुन कौवाको फूल बनिदियो । यसको फाइदा लुटे केही कर्मचारीहरुले । कतिपय परिवेशमा स्थानीय तहका पराजित उम्मेद्वारहरु खबरदारीका नाममा विरोधका लागि समय कुरिरहे । फलत स्थानीय तहमा राजनीतिक नियुक्ति पाएका कर्मचारीहरुको क्षमता कतिले आफू भित्रै लुकाए त कतिले क्षमता प्रदर्शन गर्ने अवसर नै भेट्टाएनन् । विरोधका माझमा हुर्किएको जनप्रतिनिधिको दुई वर्ष सकारात्मक पाटो समाउन हम्मे हम्मे नै पारिएको अवस्था सहज महसुस हुन्छ ।

**जस्को तर्क चार, उस्कै अधिकार**

कछुवा र खरायोको दौडमा कछुवा प्रथम भयो भन्ने कथा सबैले सुनेकै हो तर एक पल्ट कछुवा र खरायोको दौडमा खरायो प्रथम भयो र यो कुरा यौटा बालाई चित्त बुझेंन र तत्कालै गएर सोधिहाले , कसरी यो सम्भव भयो र तब खरायोले भन्यो हामी हाम्रा बाउ बाजेको गल्तीलाई दोहोऱ्याने वाला छैंनौं किनकी हामीले हाम्रा बाउ बाजेको गल्तीबाट पाठसिकिसकेका छौं । खरायोको यो प्रश्नको जवाफ पछि बा अक्क न बक्क भए । यस्तै खालको समाजको वास्तविकता पनि परिवर्तित हुन जरुरी देखिन्छ । समाज रुपान्तरित गराउनु पर्ने जटिल परिवेशमा नेतृत्व वर्ग आफै परिवर्तित भई अगाडि बड्न नसकेमा समाज पछाडि पर्ने कुरामा दुइ मत नै छैन । प्रविधिले छोटो समयमा छलाङ मार्न सकेको मुलुकको लिस्टमा नेपाल अगाडि नै देखिन्छ । तर प्रविधिलाई अंगाल्दै लिनुपर्ने र जनतालाई दिनुपर्ने सेवा छरितो बनाउनका लागि लगभग पचासको घेरो टेकेका कर्मचारी उतिसारो चिन्तित देखिदैनन् । तसर्थ प्रविधिको प्रयोग अनिवार्य गराउनका लागि आवश्यक सीप क्षमता वृद्धिका लागि पहल गरेर भएपनि छरितो सेवाका लागि पहल गरिनु पर्छ नै । एउटा उखानै पनि छ नि जसको तर्क चार उस्को अधिकार, यसर्थ पनि आफ्ना योजनाहरु जनतामाझ पऱ्याउनु र कार्ययोजना व्यापक छलफलका माझबाट तय गर्नु दीर्घकालका लागि फलदायी बन्न सक्नेछ ।

र, अन्त्यमा

७५३ स्थानीय तहको अभिभावक प्रदेश सरकार बन्न सक्नुपर्छ । काननी तालमेल संघ तथा प्रदेश सरकार कै नेतृत्वमा बन्नु पर्नेछ । जसले गर्दा तिनै तहका सरकारका कामहरुमा समन्वय कायम हुनुका साथै एकीकृत विकासको अवधारणाले मूर्त रुप लिनेछ ।

*(तिमिल्सिना पोखरा महानगरपालिका प्रमुखको स्वकीय सचिव हुनुहुन्छ)*

# पहाडी भूभाग जोड्न 'कनेक्टिङ रोड'
## २७ सडक योजना बहुवर्षीय

**ईश्वर देवकोटा**



भूगोलको हिसाबले मुलुककै ठूलो महानगर बनेको पोखराका सबै वडालाई केन्द्रसँग जोड्ने कनेक्टिङ रोडको अवधारणालाई बहुवर्षीय आयोजनामा सम्पन्न गरिने भएको छ । महानगरबाट विनियोजिन चालु आव २०७५र ०७६ मा ४० करोड रुपैयाँ र गण्डकी प्रदेश सरकारद्वारा विनियोजित २ करोड रुपैयाँ बजेट छ ।

उक्त बजेटसहित महानगरले बहुवर्षीय योजना अन्तर्गत १ अर्ब १६ करोड ६६ हजार ५८ हजार लागत स्टिमेटसहितको टेन्डर आह्वान गरेको थियो । टेन्डरमार्फत निर्माण गर्ने कम्पनी (ठेकेदार)को समेत महानगरले टुंगो लगाइसकेको छ । सबैजसो सडकको लागत स्टिमेटभन्दा झन्डै ३५ देखि ४० प्रतिशतसम्म घटेर ठेक्का सम्झौता भएका छन् ।

चालु आवको मात्रै बजेटले नथेग्ने हुँदा बहुवर्षीय आयोजना अन्तर्गत महानगर र प्रदेश सरकारले सम्पन्न गर्ने गरी समझदारी समेत भइसकेको जनाइएको छ । २७ सडक मध्ये पोखरा केन्द्रसँग जोडिने ४ वटा सडकको योजनामा प्रदेश सरकारको ५० लाखका दरले २ करोड रुपैयाँ बजेट परेको थियो ।

'कनेक्टिङ रोडमा महानगर र प्रदेशको बजेट विनियोजन भएका १५ वटा सडकको आगामी आव २०७६ र ०७७ को भदौसम्म काम सक्ने गरी ठेक्का सम्झौता समेत भइसकेको छ,' सहरी पूर्वाधार महाशाखाका इन्जिनियर राजु रेग्मीले भन्नुभयो, 'बाँकी १२ सडकको ठेकेदार चयन भएको छ ।'

प्रदेश र महानगरको एउटै सडकका लागि परेको बजेट कार्यान्वयनका लागि समझदारी बनाइएको छ । बजेट जुधेका सवालमा कार्यान्वयनको पाटो सशक्त बनाउन महानगरकै अग्रसरतामा प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय र महानगरबीच समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

भौतिक प्रगतिको आधारमा प्रदेश मन्त्रालयलाई रकम हस्तान्तरण गर्नेछ । पोखरा १३ स्थित काहुँखोला पाटनबेंसी सडक, पोखरा १९ स्थित चितेपानी कृषि क्याम्पसहुँदै माछापुच्छ्रे गाउँपालिका जोड्ने सडक, पोखरा ११ स्थित मणिपालदेखि मौजा जोड्ने सडक र पोखरा २१ स्थित तिलाहर बासपानीहुँदै चिलाउने खर्क जोड्ने सडकमा प्रदेशको बजेट परेको थियो ।

यस वर्ष प्रदेशले बजेट छुट्टयाएका ४ सडकसहित १३ सडकको आगामी आवमा ग्राभेल सक्न महानगरले ७६ करोड ६६ लाख बजेट बहुवर्षीय योजना अनुसार सम्पन्न गर्न समझदारीपत्रमा हस्ताक्षर भएको हो । स्थानीय तह गठन भएसँगै निर्वाचित भएका पोखरा महानगरपालिकाका मेयर मानबहादुर जिसीले गाउँ सहर जोड्ने योजना स्वरुप कनेक्टिङ रोडको अवधारणा सार्वजनिक गर्नुभएको थियो ।

गत वर्ष यिनै सडकका लागि ४२ करोड रुपैयाँमा ट्र्याक खोल्ने काम भएको थियो । ट्र्याक खुलिसकेका सडकको स्तरोन्नति एवं नाला कटानको सामान्य काम भएको थियो । चालु आवमा ठेक्का सम्झौता भएका केही सडक पिच गर्ने योजनामा छन् ।

बागलुङ बसपार्कदेखि जामुनबोटहुँदै सराङकोट छिचालेर कास्कीकोट निस्कने सडक पिच हुनेछ । अन्य सडकको ग्राभेल सम्पन्न गर्ने सम्झौता भएको सहरी पूर्वाधार महाशाखाले जनाएको छ । यस वर्षदेखि ३३ वटै वडासँग महानगरका केन्द्र जोड्ने २९ सडकलाई सहरी पूर्वाधार महाशाखाले २७ योजनामा मर्ज गरेको हो । दुबै तर्फबाट एकैठाउँमा जोडिएका वडा ३३ को वडा कार्यालयदेखि ठूलाढुंगाहुँदै चैनपुर, सुरौदी सडकलाई मर्ज गरेको महाशाखाले जानकारी दिएको छ ।

कनेक्टिङ रोडमा परेका सबै सडकको आगामी २ वर्ष भित्र पिच सक्ने तयारी गरेको छ । जसका लागि प्रदेशले आगामी आवमा छुट्टयाउने बजेट अनुसार महानगरले आगामी वर्षका लागि बजेट विनियोजन गर्ने तयारी गरिरहेको छ । ग्रामीण इलाकाका नागरिकलाई विकटबाट निकट ल्याउन पनि कनेक्टिङको रोडको योजना महत्वका साथ लिइएको पोखरा महानगरपालिकाका मेयर मानबहादुर जिसीले बताउनुभयो । महानगरकै योजना भएकाले प्रदेश सरकारबाट प्राप्त सहयोगलाई समेत साथै कार्यान्वयन गर्ने र आगामी वर्षभित्र ग्राभेल सम्पन्न गरी छाड्ने उहाँको अठोट छ ।

*उहाँ समाधान दैनिक र देशसञ्चार डटकममा आवद्ध हुनुहुन्छ ।*


Pokhara Metropolitian City
**Office of Municipal Executive**
Newroad ,Pokhara
Gandaki Province ,Nepal
**Contract Record**

**पोखरा महानगरपालिकाले पहाडी भूभागलाई केन्द्रसँग जोड्न कनेक्टिङ सडक अन्तर्गत प्राथमिकतामा राखेका बहुवर्षीय योजनाहरु**

| S N | Name of Project | IFB No | Contract No | Category | Budget Code | Total Estimate | Contract Amount | Name of contractor | Authorized Represesntatives | Date of Agreement | Completion Date |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upgrading Shibalaya baseri batase manipal Connecting road,PMC-11 | 30.1/PMC/075-76 | 54/PMC/NCB/W/075-76 | Works | Connecting Road | 7,500,000.00 | 4,299,379.00 | City Builders, PMC-16 | Dil Bd. Thapa | 2076.01.02 | Aug-21,2019 |
| 2 | Upgrading Pame to Ward office 24 Connecting road | 28.6/PMC/075-76 | 48/PMC/NCB/W/075-76 | Works | Connecting Road | 7,500,000.00 | 4,676,040.00 | KD Construction, PMC-05 | Krishna Dhakal | 2075.12.12 | Aug-21, 2019 |
| 3 | Upgrading of Prathamik Swastha Kendra Shiva dhungha Linga PMC-21 | 35.3/PMC/075-79 | 75/PMC/NCB/W/075-76 | Works | Connecting Road | 10,000,000.00 | 6,235,751.00 | Pokhara Construction PVt. Ltd, PMC-08 | Som Raj Thapa | 2076.01.02 | Aug 25, 2019 |
| 4 | Upgrading of Kharane Rakhidada Road | 33.7/PMC/075-76 | 68/PMC/NCB/W/075-76 | Works | Connecting Road | 10,000,000.00 | 6,311,574.00 | GSR Nirman Sewa, PMC-05 | Ramchandra Timilsina | 2075.12.26 | Aug 20, 2019 |
| 5 | Upgrading of Jhanjarmare Demadi Okhle Road, PMC 28 | 28.1/PMC/075-76 | 43/PMC/NCB/W/075-76 | Works | Connecting Road | 10,000,000.00 | 6,622,831.00 | Bhattarai Builders, PMC-27 | Ishwar Babu Bhattarai | 2075.12.11 | Aug-20, 2019 |
| 6 | Upgrading of Syngkhudi Kadel Gaun Road | 33.6/PMC/075-76 | 67/PMC/NCB/W/075-76 | Works | Connecting Road | 10,000,000.00 | 6,671,386.00 | Kripesh and Krishma Construction | Bishwa Raj Bhattarai | 2075.12.26 | Aug 24, 2019 |
| 7 | Upgrading of Lekhnath Siromani Marga, PMC 27 | 28.3/PMC/075-76 | 45/PMC/NCB/W/075-76 | Works | Connecting Road | 15,000,000.00 | 8,819,437.00 | Mir Nepal Construction, PMC-27 | Madan Murari Ghimire | 2075.12.11 | Aug-20, 2019 |
| 8 | Upgrading of Ratikhahareghat Nirmalpokhari Road, PMC-15 | 41/PMC/075-76 | 90/PMC/NCB/W/075-76 | Works | Connecting Road | 15,000,000.00 | 9096567 | B.G. Nirman Sewa, PMC-15 | Buddhiman Gole | 2076.01.03 | Aug-21,2019 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 9 | Upgrading of Gharmikhola Jumleti Dhikidada sudakomukh Titepani Connecting Road, PMC-16 | 35.2/PMC/075-79 | 74/PMC/NCB/W/075-76 | Works | Connecting Road | 15,000,000.00 | 9,131,527.00 | City Builders | Dil Bd. Thapa | 2076.01.02 | Aug 25, 2019 |
| 10 | Upgrading Aamkuna Chilimdanda simalchaur Guntechaur Fulsedanda Deurai Sera Connecting road | 28.4/PMC/075-76 | 46/PMC/NCB/W/075-76 | Works | Connecting Road | 15,000,000.00 | 9,265,635.00 | Kumar Construction, PMC-06 | Anusha Pahari | 2075.12.15 | Aug-21, 2019 |
| 11 | Upgrading of Kulayan Mauja Connecting Road, PMC-13 | 35.1/PMC/075-79 | 73/PMC/NCB/W/075-76 | Works | Connecting Road | 10,000,000.00 | 9,430,195.00 | Monalisha Nirman Sewa, PMC-07 | Som Bd Gurung | 2075.12.29 | Aug 25, 2019 |
| 12 | Upgrading of Khapaudi Padeli Ward office Road, PMC 18 | 28.2/PMC/075-76 | 44/PMC/NCB/W/075-76 | Works | Connecting Road | 15,000,000.00 | 9,896,594.00 | Devchuli/Loyal JV, PMC-26 | Sandip Giri | 2075.12.11 | Aug-20, 2019 |
| 13 | Upgrading Aamalabisaune Tallothar Danda (Gharmi ) Amareswor Connecting road,PMc-19 | 30.2/PMC/075-76 | 55/PMC/NCB/W/075-76 | Works | Connecting Road | 15,000,000.00 | 10,694,429.00 | City Builders, PMC-16 | Dil Bd. Thapa | 2076.01.02 | Aug-21,2019 |
| 14 | Upgrading Thulakhet chainpur harpan Panchase Connecting road | 28.5/PMC/075-76 | 47/PMC/NCB/W/075-76 | Works | Connecting Road | 5,000,000.00 | 3,029,973.00 | KD Construction, PMC-05 | Krishna Dhakal | 2075.12.12 | Aug-21,2019 |
| 15 | Upgrading of Vijayapur Surke Maidan Road | 33.5/PMC/075-76 | 66/PMC/NCB/W/075-76 | Works | Connecting Road | 10,000,000.00 | 6,832,509.63 | Just in Time Construction, PMC-32 | Surendra Basnet | 2075.12.26 | Aug-21,2019 |
| 16 | Upgrading of Deurali Balgriha Kameregaunda Road, PMC-18 | 32.1/PMC/075-76 | 58/PMC/NCB/W/075-76 | Works | Connecting Road | 22,259,351.06 | Under LOI | | | | |
| 17 | Upgrading of Manipal Ryalchaur Mauja Bisauna Sikles Manang Sadak, PMC-20 | 32.2/PMC/075-76 | 59/PMC/NCB/W/075-76 | Works | Connecting Road | 95,769,993.88 | Under LOI | | | | |
| 18 | Upgrading of Ward Office to Thuldhunga surtane chainpur Suraudi Road, PMC-33 | 32.3/PMC/075-76 | 60/PMC/NCB/W/075-76 | Works | Connecting Road | 145,961,917.87 | Under LOI | | | | |
| 19 | Upgrading of Katre-Bamdi-Ghatichinna Road, PMC-23 | 32.4/PMC/075-76 | 61/PMC/NCB/W/075-76 | Works | Connecting Road | 102,305,404.20 | Under LOI | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 20 | Upgrading of Chitepani Agricultural Campus Raikar Machhapuchchhre Road, PMC-19 | 34.1/PMC/075-76 | 69/PMC/NCB/W/075-76 | Works | Connecting Road | 67,739,298.73 | Under LOI | | | | |
| 21 | Upgrading khatripairo kholabesi betayani Saurya sadak PMC-28-31 | 34.2/PMC/075-77 | 70/PMC/NCB/W/075-76 | Works | Connecting Road | 103,813,195.97 | Under LOI | | | | |
| 22 | Upgrading Mahendragufa armalakot mauja sadak PMC-16 | 34.3/PMC/075-78 | 71/PMC/NCB/W/075-76 | Works | Connecting Road | 74,818,595.85 | Under LOI | | | | |
| 23 | Upgrading tilahar Kaulepani tareveer Road PMC-22 | 34.4/PMC/075-79 | 72/PMC/NCB/W/075-76 | Works | Connecting Road | 30,623,850.19 | Under LOI | | | | |
| 24 | Upgrading of Shivalaya Thaple Tilahar Baspani Chilaune Kharka Road, PMC-21 | 39.1/PMC/075-79 | 83/PMC/NCB/W/075-76 | Works | Connecting Road | 71,089,204.75 | Under LOI | | | | |
| 25 | Upgrading of Arupata Kalika Road, PMC-28 | 39.2/PMC/075-79 | 84/PMC/NCB/W/075-76 | Works | Connecting Road | 31,908,316.64 | Under LOI | | | | |
| 26 | Upgrading of Kahunkhola Pairopani Chisapani Pokhari Mauja Dadagaun Road, PMC-13 | 39.3/PMC/075-79 | 85/PMC/NCB/W/075-76 | Works | Connecting Road | 102,721,536.69 | Under LOI | | | | |
| 27 | Upgrading of Baglung Buspark Kaskikot Road PMC 2,18 & 24 | 44/PMC/075-76 | 100/PMC/NCB/W/075-76 | Works | Connecting Road | 147,647,585.00 | Under LOI | | | | |
| | | | | | | 1,166,658,250.83 | | | | | |



**घरनक्साको विद्युतीय अभिलेखीकरणको शुभारम्भ गर्दै पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी।**

# ५ हजार घर नक्साको विद्युतीय अभिलेखीकरण

पोखरा महानगरपालिकाले घर नक्सा पासका पुराना कागजातलाई विद्युतीय अभिलेखीकरण सुरु गरेको छ । साविक लेखनाथ नगरपालिकाको कार्यालय (हालको वडा नम्बर २७) मा अभिलेखीकरणको पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले शुभारम्भ गर्नुभयो । अभिलेखीकरणको शुभारम्भ गर्दै महानगर प्रमुख जिसीले प्रविधि मैत्री सेवाले भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्ने बताउनुभयो ।

उहाँले सेवाग्राहीका सबै काम प्रविधि र अनलाइन मार्फत् भए कर्मचारीले सेवाग्राहीबाट लाभका कुरा गर्न नपाउने र त्यसले भ्रष्टाचारलाई कम गर्ने उल्लेख गर्नुभयो । 'सबै कामहरु सेवाग्राही र कर्मचारी बीचमुखामुख हुनै नपर्ने गरी व्यवस्थित गर्न आवश्यक छ,' उहाँले भन्नुभयो,' यसो गर्न सके रकमको बार्गेनिङ समेत हुँदैन ।'

महानगर प्रमुख जिसीले नक्सा शाखामा नक्सा पासका किताबका अभिलेख अव्यस्थित हुँदा मुसाले खाने, सेवाग्राहीले चाहेको बेलामा प्रतिलिपि नपाउने जस्ता समस्याको न्यूनीकरणमा विद्युतीय अभिलेखीकरणले सहयोग गर्ने बताउनुभयो । कार्यक्रममा महानगरका प्रमुख प्रशासकीय अधिकृत शेषनारायण पौडेलले अभिलेखीकरणले महानगरको कार्यालयलाई पेपरलेस बनाउन सहयोग पुग्ने उल्लेख गर्नुभयो ।

पौडेलले अनलाइन नक्सापास वडाबाटै सुरु गरेको महानगरले कर तथा राजश्वलाई समेत घरनक्सापाससँग जोडेर शुल्क निर्धारण गर्ने व्यवस्था मिलाउने कार्यलाई अघि बढाउने समेत बताउनुभयो । महानगरका सूचना अधिकारी गंगालाल सुवेदीले २०७३ अघिका झण्डै ६० हजार घर नक्सापासका किताबलाई विद्युतीय अभिलेखीकरण मार्फत् व्यवस्थित गरिने बताउनुभयो ।

महानगरपालिकाका वरिष्ठ इन्जिनियर पूर्णबहादुर गुरुङले एक हजार वर्ग फिट सम्मका घरहरुको नक्सापास वडाका प्राविधिकले गर्न सक्ने गरी अधिकार प्रयोजन गरिएको बताउँदै, योजनाका सम्झौतालाई समेत विद्युतीय अभिलेख गर्ने गरी अगाडि बढाइने उल्लेख गर्नुभयो । वडा नं. २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले विद्युतीय अभिलेखीकरणले सुशासनमा सहयोग पुग्ने बताउनुभयो ।

काठमाडौंको टेक्नोलोजी सेल्स कम्पनीले महानगरका घरनक्सा अभिलेखलाई व्यवस्थापन गर्नेछ । पहिलो चरणमा साविक लेखनाथका पाँच हजार दुईसय र महानगरका गरी दश हजार घर नक्सापास किताबलाई विद्युतीय अभिलेखीकरण गरिने आइटी इन्जिनियर असोक द्वारेले जानकारी दिनुभयो । उनका अनुसार चैत मसान्तसम्म ५ हजार नक्सा पास किताबलाई विद्युतीय अभिलेकखीकरण गरिएको छ । यो सफ्टवयर मार्फत योजनाका सम्झौता, राजश्व, प्रशासन लगायतका महत्वपूर्ण कागजातलाई पनि विद्युतीय अभिलेखीकरण गर्न मिल्ने उहाँले बताउनुभयो । सेल्स टेक्नोलोजीका प्रबन्ध निर्देशक राम रिमालले प्रविधिको प्रयोगले पेपर क्लिन महानगर बनाउन सहयोग पुग्ने बताउनुभयो ।



# महानगरले थाल्यो फेवाताल संरक्षणको काम

## हर्पनसहित ५ खोलामा सिल्ट्रेसन ड्याम बनाउने तयारी

मानवीय र प्राकृतिक अतिक्रमणको चपेटामा परेको फेवाताल संरक्षणको काम पोखरा महानगरले थालेको छ । पोखरा महानगरपालिकाले फेवातालमा जमेको माटो हटाएर तालको आकार बढाउने अभियानको थालनी गरेको छ । महानगरले खहरे खोलाले बगाएर ल्याएको माटो जमेर चौरमा परिणत भएको क्षेत्रको माटो हटाएको हो । सर्वोच्च अदालतले फेवाताल संरक्षणका लागि दिएको आदेशको पालना गर्दै महानगरले माटो हटाउने अभियान सुरु गरेको हो । खहरे खोलाले बगाएर ल्याएको माटो थुप्रिएर करिब ४ रोपनी ताल चौरमा परिणत भएको थियो । महानगरले उक्त क्षेत्रबाट २८ हजार घनमिटर माटो निकालेको छ । फेवाताल संरक्षणका लागि सर्वोच्च अदातलले पोखरा महानगरलाई फेवातालमा आउने ढुंगा, माटो रोक्न तीन वर्षभित्र सिल्ट्रेसन ड्याम बनाउन निर्देशन दिएको छ ।

**महानगर र प्रदेश सरकारले गरी फेवाताल संरक्षणको लागि ३४ करोडको योजना बनाएका छन् ।**

तालमा मिसिने पाँच वटा खोलामा पनि सिल्ट्रेसन ड्याम बनाउने तयारी महानगरले गरेको छ । सर्वोच्चको फैसलामा महानगरलाई जलाधार क्षेत्रको संरक्षण गर्ने जिम्मेवारी तोकिएको छ ।

अभियानको थालनी गर्ने कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको उपस्थिति रहेको थियो । उहाँले फेवाताल संरक्षणका लागि तीनै तहका सरकार मिलेर काम गर्ने बताउनुभयो । फेवाताल विश्वकै गहना हो मुख्यमन्त्री गुरुङले भन्नुभयो, 'तालको संरक्षण गर्ने दायित्व सबैको हो ।' पोखरा महागनरले ड्यामसाइडस्थित गाईघाटबाट पनि माटो निकालेको छ । पूर्वस्वास्थ्यमन्त्री एवं प्रतिनिधि सभाका सांसद खगराज अधिकारीको उपस्थितिमा ड्यामसाइडबाट माटो निकाल्ने कार्यको सुरुवात गरिएको थियो । फेवाताल संरक्षणका लागि सर्वोच्चले दिएको आदेशको कार्यान्वयनका लागि प्रदेश सरकारले समेत समिति गठन गरेको छ । प्रदेशका वन, वातावरण तथा पर्यटन मन्त्री विकास लम्सालको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरेको हो । फेवाताल संरक्षण र अतिक्रमणबाट रोक्न प्रदेश सरकारले एक्सन कमिटी गठन गरेको हो । 'फेवाताल संरक्षणको काम महानगरले थालनी गरेको छ', महानगरका प्रमुख मानबहादुर जिसीले



फेवातालको किनार खहरेस्थित बंगलामुखीमा खहरे खोलाले ल्याएर थुपारेको माटोजन्य पदार्थ निकाल्दै एक्साभेटर

भन्नुभयो, 'यसलाई निरन्तरता दिँदै माटो निकाल्ने अभियानलाई अझै व्यापक बनाउँछौं । पोखरामा महानगरले फेवाताल संरक्षणका लागि चालु आर्थिक वर्षमा ८ करोड रुपैयाँ विनियोजन गरेको छ । महानगर र प्रदेश सरकारले गरी फेवाताल संरक्षणको लागि ३४ करोडको योजना बनाएका छन् ।

अधिवक्ता खगेन्द्र सुवेदीले २०६७ माघ १० गते दायर गरेको रिटमाथि अध्ययन र वहस पछि न्यायाधीश ओमप्रकाश मिश्र र सपना प्रधान मल्लको इजलासले गएको पुस महिनामा फेवाताल अतिक्रमण गरी निर्माण भएका संरचना भत्काउन आदेश दिएको थियो । सर्वोच्च अदातले गरेको फैसला कार्यान्वन गराउन माघ २ गते पूर्ण पाठ महागनरलाई प्राप्त भएको र त्यसपछि कार्यान्वयनमा जुटेको महानगरका प्रमुख प्रशासकीय अधिकृत शेषनारायण पौडेलले बताउनुभयो ।

तत्कालीन समयमा विश्वप्रकाश लामिछाने संयोजकत्वको समितिले करिब ९ सय ५० जना व्यक्तिको लालपूर्जा नै खारेज गर्नुपर्ने सिफारिस गरेको थियो । १ हजार ६ सय ९२ रोपनी भन्दा बढी जग्गा विभिन्न व्यक्तिले आफ्नो नाममा दर्ता गरेको प्रतिवेदनमा उल्लेख छ । २०१८ सालमा १० वर्गकिलोमिटरमा फैलिएको फेवाताल २०६४ मा आइपुग्दा ४ दशमलव २० वर्गकिलोमिटरमा खुम्चिएको तथ्यांक छ ।

तालको संरक्षण, विकास र थप व्यवस्थित गर्न सरकारले ताल संरक्षण प्राधिकरण गठन गरेको छ । यसका लागि विधेयकसमेत प्रदेश सभाबाट पारित गरेको छ । सर्वोच्च अदालतले ६ महिनाभित्र फेवातालको चार किल्ला कायम गर्न सरकारका नाममा आदेश दिएको छ । यस्तै व्यक्तिको नाममा दर्ता भएको जग्गाको लालपूर्जा पनि एक वर्ष भित्रै खारेज गरी जग्गा तालको क्षेत्राधिकारमा ल्याउन निर्देशन दिइएको छ ।

**२८ हजार घनमिटर माटो निकालियो**

पोखराको फेवातालभित्रबाट २८ हजार घनमिटर माटो निकालिएको छ । महानगरपालिकाले तालमा थुप्रिएको २८ हजार घनमिटर माटो र गेग्रायान निकालेको हो । फेवातालको बंगलादी र गाईघाट क्षेत्रको माटो निकालिएको हो । त्यसमध्ये गाईघाटबाट १२ हजार घनमिटर र बंगलादीबाट १६ हजार घनमिटर माटो निकालिएको महानगरका सूचना अधिकारी गंगालाल सुवेदीले जानकारी दिनुभयो । तालको ४ रोपनी क्षेत्रको करिब २० हजार घनमिटर माटो निकाल्ने भने पनि ८ हजार घनमिटर बढी माटो निकालिएको महानगरपालिकाले जनाएको छ ।

महानगरपालिकाले हाललाई फेवातालको माटो निकाल्ने काम रोकेको छ । पोखरा हर्पन खोलामा सिल्ट्रेसन ड्याम बनेपछिमात्रै माटो निकालिने जानकारी महागनरका सूचना अधिकारी गंगालाल सुवेदीले दिनुभयो । 'सिल्सट्रेसन ड्याम कुन ठाउँमा राख्ने भन्नेबारे यकिन भइसकेपछिमात्रै बाँकी माटो निकाल्ने छौं,' उहाँले भन्नुभयो । हर्पनखोलामा ड्याम राख्न टेन्डर आह्वान गरिने उहाँले जानकारी दिनुभयो ।

हर्पन खोला लगायतका खोलाबाट फेवातालमा वर्षेनी थुप्रिने गेग्रायान, माटो नियन्त्रणको लागि सर्वोच्चले आदेश दिएपछि पोखरा महानगरपालिकाले चेकड्याम बनाउने तयारी थालेको छ । चेक ड्याम निर्माण गरी पानी मात्र ताल भित्र पस्ने व्यवस्था गर्न आदेशमा भनिएको छ ।

# नगरबसमा ई-टिकट



पोखरा महानगरभित्र सञ्चालन हुने सार्वजनिक यातायातमा ई-टिकेटिङ सिस्टम लागू हुने भएको छ । नेपाली नयाँ वर्षको आगमनसँगै सबै बसहरुमा स्मार्ट कार्ड मार्फत् भाडा तिर्ने गरी व्यवस्थापन मिलाउन लागिएको हो । यहाँका सार्वजनिक बस तथा ट्याक्सीहरुमा ट्राभल कार्डमार्फत् भाडा तिर्ने गरी महानगरले सम्झौता गरेको छ । यसको प्राविधिक व्यवस्थापन गरेको एनक्लाउड कम्पनी काठमाडौं, पोखरा महानगरपालिका र पोखरास्थित सार्वजनिक यातायात सम्बन्धित संस्थाहरुबीच आइतबार महानगरमा सम्झौता भएको छ ।

सम्झौता वैशाख, २०७६ बाटै लागू हुने भनिएपछि यसको प्राविधिक व्यवस्थापनका लागि कम्तिमा ६० दिन लाग्ने जनाइएको छ । कम्पनीका सिइओ दीपेन्द्र नारायण श्रेष्ठका अनुसार यो प्रविधि सुरु भएपछि व्यवसायीले प्रत्येक यात्रुलाई विशेष प्रकारको यात्राकार्ड उपलब्ध गराइनेछ । यात्रुले बोकेको त्यही कार्ड गाडीका सहचालकले मेसिनमा ‘टच’ गराउँनेछन् । लागेको भाडा कार्डबाट काटिनेछ । नेपाल बैंक लिमिटेडले यसमा सहकार्य गरेको छ । पहिलो चरणमा नगद नै लिएर सहचालकले ई-टिकट प्रदान गर्नेछ भने दोस्रो चरणदेखि यात्रु कार्ड उपलब्ध भइसकेकाहरुले कार्ड टच गरे पुग्छ । जिपिएस जोडिएकोले यात्रा गरेको ठाउँको रकम स्वत: कार्डबाट बैंकमा ट्रान्सफर हुनेछ । दोस्रो चरणमा चढेको ठाउँमा टच गर्ने र झर्दा समेत टच गर्दा आफूले यात्रा गरेको दूरी बमोजिम पैसा काटिने श्रेष्ठले जनाउनुभयो । तत्काललाई ८ सय सवारीमा यो सिस्टम जडान गरिनेछ ।

कार्डलाई १ सय ५० रुपैयाँ पर्ने र एक पटकमा एक हजार रुपैयाँसम्म राख्न मिल्ने प्राविधिक कम्पनीका सिईओ दिपेन्द्र नारायण श्रेष्ठले जानकारी दिनुभयो । मेसिन चलाउने तालिम पनि कम्पनीले दिनेछ । टिकेटिङ सिस्टम जडान र नियमित संचालनको लागि कम्पनीले पोखराका प्रत्येक बसबाट २ हजार २ सय रुपैयाँका दरले खर्च रकम लिनेछ ।

सबै बसमा लागू भए सेवा झनै प्रभावकारी हुने उहाँले बताउनुभयो । ‘सबै बसमा सिस्टम भयो र यात्रुसँग कार्ड भयो भने निकै प्रभावकारी माध्यम बन्छ । हामी त्यसका लागि पहल गरिरहेका छौं,’ श्रेष्ठले भन्नुभयो, ‘अहिले ८ सय वटा गाडीमा सिस्टम जडान गरेर सोही अनुसार कार्ड वितरण गर्छौं । आवश्यकता अनुसार यसलाई विस्तार गर्न सकिनेछ ।’

पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले घरघरमा हुने बस स्टेसन यो व्यवस्थापछि हट्ने र निश्चित स्टेसन कायम हुने बताउनुभयो । ‘अहिले घरको ढोका ढोकामा बसेर बस रोक्ने अवस्थाको अन्त्य हुनुपर्छ । भाडामा ठगिएको गुनासो पनि दिनहुँ सुन्नुपरेको छ,’उहाँले भन्नुभयो, ‘अब निश्चित स्टेसन राखिनेछन् । तोकिएको भन्दा बढी भाडा बुझाउनुपर्दैन । कार्ड बोकेर हिँडेपछि पैसा हराउने डर पनि रहँदैन ।’

जिसीले पोखराको ट्राफिक व्यवस्थापनको पहिलो चरणमा कार्ड सिस्टम लागू गर्न लागेको बताउनुभयो । उहाँका अनुसार पोखरामा चल्ने गाडीहरुको स्तरवद्धिमा पनि महानगरले जोड दिने बताउनुभयो । ‘कालो धुवाँ फाल्ने गाडीलाई रोक्ने पक्षमा महानगर लागेको छ । ‘युरो फोर मापदण्डका गाडी गुड्न थालिसके । हामी चाहीं पुरानै जमानामा छौं,’ उहाँले भन्नुभयो, ‘व्यवसायीसँग समन्वय गरेर गाडीको स्तरीयता कायम गर्ने हो । पोखरालाई पोखराजस्तो बनाउन सडक पनि राम्रो हुनुपर्छ । सडकमा गुड्ने गाडी पनि स्तरीय हुनुपर्छ ।’

तत्काल पोखरा नगरभित्रका गाडीमा जडान गर्ने र पछि लामो दूरीका गाडीमा पनि यो सिस्टम चलाउने पृथ्वी राजमार्ग बस सञ्चालक समितिका अध्यक्ष ऐनकुमार साईले बताउनुभयो । ‘यात्रु ठगिने सम्भावना पनि छैन । मालिक नोक्सानमा पनि जाँदैन । गाडीमा काम गर्ने सहयोगीलाई पनि भाडा उठाइरहने झण्झट पर्दैन,’ उहाँले भन्नुभो, ‘यो सिस्टम निकै प्रभावकारी छ । हामी सबैतिर लागू गर्न पहल गर्नेछौं । यसबाट सबैलाई फाइदा छ ।’

पोखरामा रहेका पृथ्वी बस समितिसहित पोखरा बस व्यवसायी समिति, स्थानीय श्रृंगा यातायात, बेगनासताल बस सञ्चालक समिति, विन्ध्यवासिनी बस व्यवसायी समिति, पोखरा फेवा यातायात प्रालि, र ट्याक्सी व्यवसायी समितिले ई-टिकेटिङ सिस्टममा जाने गरी सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । ई–टिकेटिङलाई लागू गर्नका लागि बसका चालक र सहचालकलाई तालिम प्रदान गरिएको छ ।

# फोहोर व्यवस्थापनमा गड्यौंला पालन





- कृष्णप्रसाद गौतम

**कुहिने फोहोरलाई कुहाएर व्यवस्थापन गरे ७५ प्रतिशत भन्दा बढी फोहोर घरमा नै व्यवस्थापन गर्न सकिन्छ भने बाँकी २५ प्रतिशत नकुहिने फोहोरलाई छुट्टयाएर नगरपालिकाको संकलन गर्ने स्थानमा व्यवस्थापन गर्न सकिन्छ।**

**पृष्ठभूमि :**
पोखरा महानगरपालिकामा बढ्दो सहरीकरणसँगै फोहोर (Wastege) पनि चुनौतीको रुपमा देखा परेको छ । फोहोर आफै उत्पन्न हुने बस्तु होइन । हामी सहरमा बसोबास गर्ने उपभोक्ताले दैनिक उपभोग गर्ने बस्तुबाट खान नमिल्ने चिज, बाँकी रहेको र फाल्न राखेको बस्तु वा चिज नै फोहोर भनेर मानिन्छ । हामीलाई फोहोर भन्ने बस्तु काम लाग्दैन र यसको कुनै मूल्य हुँदैन भन्ने छ । फोहोर व्यवस्थापन गरे आम्दानीको स्रोत बन्न सक्छ भन्ने लागेको छैन । हामीले बनाएको फोहोर हामीबाट व्यवस्थापन गर्नु पर्दछ भन्ने सोच कम मानिसमा मात्र भएको पाइन्छ । कुहिने फोहोरलाई कुहाएर व्यवस्थापन गरे ७५ प्रतिशत भन्दा बढी फोहोर घरमा नै व्यवस्थापन गर्न सकिन्छ भने बाँकी २५ प्रतिशत नकुहिने फोहोरलाई छुट्टयाएर नगरपालिकाको संकलन गर्ने स्थानमा व्यवस्थापन गर्न सकिन्छ ।

**फोहोर व्यवस्थापन सम्बन्धी धारणा :**
फोहोर उत्पादन हरेक व्यक्ति व्यक्तिबाट हुन्छ भने फोहोर व्यवस्थापनको जिम्मा नगरपालिकाको मात्र हो भन्ने सोच धेरै नागरिकमा छ । यो सोचलाई परिवर्तन गरी व्यवस्थापनमा मेरो पनि जिम्मेवारी, दायित्व हुनु पर्दछ भन्ने सोचमा विकास हुन पर्दछ। हरेक व्यक्तिले आफ्नो घरबाट निस्कने फोहोरलाई घरमा वर्गीकरण गरी प्रशोधनको माध्यमबाट घटाउनु पर्दछ । कुहिने फोहोरलाई प्रशोधन गरी प्रागांरिक मल बनाई करेसाबारीमा तरकारी बाली, पुष्पबालीमा राखेर ताजा अर्गानिक उत्पादन गरी आर्थिक अवस्था सुधार एव स्वस्थ्यकर खाना उत्पादन गर्न सहयोग गर्दछ ।

**फोहोर बढ्नको कारणहरु :**
१. बढ्दो सहरीकरण र जनसख्या वृद्धि
२. खाना उपयोग गर्ने बानी र खाने चिजमा आएको परिवर्तन
३. फोहोर व्यवस्थापनमा चेतनाको कमी

**१. बढ्दो सहरीकरण र जनसख्या वृद्धि :**
अहिले देशमा विभिन्न सुविधा एंव रोजगारीको लागि ग्रामीण क्षेत्रबाट सहरमा बसाइसराई गर्ने जनसख्या बढ्दो क्रममा छ । कोही ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने नाउँमा सहर आउने छन् कोही स्वास्थ्य, रोजगारी र सुरक्षा हुन्छ भनेर सहरमा बसाइ सर्ने वा कोठा भाडामा लिएर पनि सहर बस्न रुचाउने जनसख्या बढ्दो छ ।

**२. खाना उपयोग गर्ने बानी र खाने चिजमा आएको परिवर्तन**
पहिला खाजा खादा घरमा बनाएको मकै, भट्टमास, चिउरा, रोटी, पुवा प्रयोग गर्ने चलन थियो भने हाल चाउचाउ, मम, बर्गर होटल रेस्टुरेन्टमा तयार बनाएर एल्मुनियम फोलिले रेप गरेर घरमा ल्याई खाजा खाने चलन बढ्दो रुपमा छ भने हामीले बच्चालाई चकलेट, बिस्कुट, लेज, कुरकुरे जस्ता खाद्य वस्तुले बच्चाको स्वास्थमा असर मात्र गरेको छैन फोहोर बढाउन मद्दत पुर्‍याएका छौं । पहिला विवाह ब्रतवन्ध, अर्गो, छेवरको भोजभतेरमा दुना टपरी प्रयोग गर्थ्यौ जुन सजिलै कुही फोहोर कम गर्न मद्दत पुग्थ्यो भने अहिले प्लास्टिक, कागजबाट बनेका थाल पेलेट, चम्चा

र कपले प्रतिस्थापन गरेका छ जुन कुहिन बढी समय लाग्ने वा नकुहिने हुदाँ त्यसले फोहोर बढाउन र वातावरण प्रदुर्षण गराउन मद्दत गरेको छ ।

**३. फोहोर व्यवस्थापनमा चेतनाको कमी:**

फोहोरलाई पुन प्रयोग वा प्रशोधन गरी मोहोरमा परिणत गर्न सकिन्छ र हाम्रो घर टोल सहर वातावरण मैत्री बन्न सक्दछ भन्ने चेतनाको कमीले पनि फोहोर बढ्न टेवा पुगेको छ । फोहोरलाई घरमा जम्मा गरी गाडीबाट वा बोकेर ढल, नहर, खोल्सा, पोखरी, खोला वा नदीमा फालेर फोहोर झन बढ्छ र वातावरण मैत्री हुँदैन भन्ने चेतनाको विकास गराउनु पर्दछ ।

**फोहोरका प्रकार :**

- कुहिने फोहोर : फलफल र तरकारीको बोक्रा रेसा गुदी र भान्सामा बढी भएको चिज साथै घर वरिपरिको झारपात आदी ।
- नकुहिने फोहोर : खाद्य वा अखाद्य वस्तुलाई प्याकेजिङ गरिएका प्लास्टिक, बाक्लो कागज, बोतल वा सिसा र अन्य धातुका पदार्थहरु ।

**फोहोर व्यवस्थापन :**

कुहिने र नकुहिने फोहोरलाई अलग अलग पारेर छुट्टयाउँदा व्यवस्थापन गर्न सहज हुन्छ । कुहिने फोहोरलाई कम्पोस्ट मल बनाएर र गड्यौला पालेर मल बनाई फोहोरलाई मोहोरमा परिणत गर्न सकिन्छ ।

**गड्यौंला पालन** (Vermi-culture) :

कुहिने फोहोर (सागसब्जीको पात र बोक्रा, कमलो घाँसपात, पराल र फलफूलको बोक्रा ) लाई गड्यौंलाले खाएर पचाएर बिष्टाको रुपमा फाल्ने कालो स-साना दाना र यससँग सडेर कुहिएर बनेको मलको समिश्रणलाई गड्यौले मल (Vermicompost) भनिन्छ गड्यौंला पालेर मल उत्पादन गर्ने कामलाई Vermi-culture भनिन्छ ।

हाल सम्मको अध्ययन अनुसन्धान अनुसार संसारमा करिब ४ हजार प्रजातिका गड्यौंलाहरु पाइन्छ भने यिनीहरुलाई खास गरी २ भागमा विभाजन गरिएको छ ।

१. एन्डोजेइक (Endogieic)
२. इपिजेइक (Epigieic)

गड्यौंला अध्यारो मन पराउने र श्वासप्रश्वास छालाबाट गर्ने, भालेपोथी अंग एउटै गड्यौंला हुने प्राणी हो । एन्डोजेइक प्रजातिका गड्यौंलाहरु जमिनको भित्री भागमा रही माटो मात्र खाने गर्दछन् र माटो भित्र हुने सबै गड्यौलाहरु यस वर्गमा पर्दछन् । यिनीहरुलाई Vermi-culture मा प्रयोग गर्न सकिँदैन । इपिजेइक प्रजातिका गड्यौंलाहरु जमिनको सतहमा रही जैविक पदार्थहरु खाने र माटो कम खाने भएकोले यस प्रजातिका गड्यौंलाहरु पालन गरी मल उत्पादन गर्न उपयुक्त मानिन्छ । Vermi-culture का लागि प्रयोग हुने प्रजातिहरु निम्न प्रकारका छन् ।

- इस्निया फोइटिडा (Eisenia foetide)
- युडिलस युजिनियल (Eudrillus eugineal)
- पेरियोनक्स् एक्स्याभेटस् (Perionyx excavatus)
- लुब्रिकस रेबेलस् (Lubricus rebellus)
- ल्यामपिटो म्याउरिटी (Lampite mauritti)



Vermi-culture गर्न इस्निया फोइटिडा सबैभन्दा बढी प्रयोग हुने प्रजाति हो । यो प्रजाति अरु भन्दा छिटो खाना खाने, पाचन छिटो गरी छिटो मल उत्पादन गर्ने प्रजाति हो । यो २ देखि ३ इन्च लामो, मसिनो, रातो फुस्रो रंग र शान्त स्वभावको हुन्छ । यसको लागि उपयुक्त तापक्रम १० देखि ३२ डिग्री सेल्सियस र २० देखि ६० प्रतिशत ओसिलो भएको स्थान चाहिन्छ । भालेपोथी एउटै गड्यौंलामा हुने हुँदा संसर्गपछि दुबैले फूल पार्दछन् । जन्मेको ४० देखि ४५ दिन पछि सन्तान उत्पादन सुरु गर्दछन् । संसर्ग पछि २ देखि ३ दिनको बीचमा एउटा फूल (कोकन) पार्दछ र फूल पार्ने प्रक्रिया ४ देखि ६ हप्तासम्म लगातार चलिरहन्छ । एउटा फूलबाट ३ देखि ५ बच्चा निस्कन्छ ।



यो प्रजातिलाई घर भित्र वा बाहिर दुबैमा पाल्न सकिन्छ । पालन गर्न काठको बाकस, बाँसको टोकरी, डालो, बाटा, सिमेन्टको टप आदी प्रयोग गर्न सकिन्छ । पानी वा सोझो धाम पर्ने स्थान उपयुक्त हुँदैन । घर बाहिर पाल्दा छानाको व्यवस्था हुनु पर्दछ । गड्यौंला पाल्ने बाकस ३ फिट लम्बाइ, २ फिट चौडाइ र १.५ फिट चौडाइ उपयुक्त हुन्छ तर बाकसको पिधँमा पानीको निकास हुनु पर्दछ ।

**०२. ओछ्यान र गोबरमलको व्यवस्था :**

गड्यौंला पाल्ने भाडामा ओछ्यानको व्यवस्था हुन पर्दछ । ओछ्यानको लागि ३ देखि ४ इन्च बाक्लो जुट, पराल, काठको धुलो, नरिबलको जटा जस्ता बस्तुको प्रयोग गरी नरम ओछ्यानको व्यवस्था मिलाउनु पर्दछ । १ दिन अगाडिको ताजा मल वा पुरानो गोबर मल ३ मुठी छर्की दिनु पर्दछ । गोबर शिशु गड्यौलाको आहारा हो भने मलमा भएको सुक्ष्म जिवाणुले फोहोरलाई छिट्टै कुहाउन सहयोग गर्दछ ।

**०३. चाहिने चिसानको अवस्था :**

ओछ्यान वा सोत्तर र गोबरलाई पानीले राम्ररी भिजाउनु पर्दछ । सुख्खा वा बढी पानी भएको ठाउँमा गड्यौला बाच्न सक्तैन । बढी पानी भएमा गड्यौला पानीमा डुबेर मर्न सक्तछ र सुख्खा भएमा पनि गड्यौला सुकेर मर्दछ किनभने गड्यौंलाले छालाबाट आफ्नो स्वास प्रश्वास गर्दछ र यसको शरीरमा लगभग ८० प्रतिशत पानी नै हुन्छ ।

**०४. फोहोर वा कुहिने सामग्री राख्ने तरिका :**

ओछ्यान माथि १ हात (१८ इन्च) उचाइसम्म जैविक फोहोर राख्नु पर्दछ । १ हात भन्दा माथि फोहोर राख्न हुँदैन । बढी जैविक फोहोर राख्दा फोहोर कुहिने क्रममा तापक्रम बढ्न गई गड्यौंला उक्त स्थानमा जान सक्तैन र मल बन्न ढिलो हुन्छ । करिब २ हप्ता जति बाहिर कुहाएर फोहोर गड्यौलालाई प्रयोग गर्दा राम्रो हुन्छ ।

जैविक फोहोर भित्रको वातावरण ठिक छ वा छैन भनी जाच्नको लागि केही गड्यौंला र मल एक छेउमा राखी दिने, यदि वातावरण अनुकुल भएमा १० देखि १५ मिनेटमा गड्यौंला फोहोर भित्र पस्दछ । गड्यौला भित्र नगएमा अनुकुल नभएको बुझ्नु पर्दछ र त्यस फोहोरलाई प्रयोग नगरी केही दिन त्यसै राखी छोड्नु पर्दछ । गड्यौंला राखी सकेपछि जुटको बोरा वा परालले छोप्ने व्यवस्था मिलाउनु पर्दछ र मसिनो गरी काटेको जैविक फोहोरले करिब ४ इन्च बाक्लो गरी छोपी दिनुपर्दछ । गड्यौंलाले खाने काम बेडमा गर्दछ भने कास्टिङ (दिसा निकाल्ने काम) बेडको माथिल्लो सतहमा आएर गर्दछ । गड्यौंला अध्यारोमा मात्र बस्ने हुँदा प्रकाश छिरेमा वा उज्यालो भएमा बाहिर आउँदैन । भर्मिकल्चर गरेको भाडा छोपी दिनाले गड्यौंला त्यही फोहोरमा रहेर लगातार खान पाउँछ र माथि आएर दिसा गर्दछ ।

**०५. गडयौला मल संकलन गर्ने तरिका**

गड्यौलाले फोहोर खाएर दिसा गर्दछ र त्यो दिसा नै गड्यौला मल (Vermicompost) हो । सामान्यतया पालेको ३ देखि ४ महिनापछि यस्तो मल संकलन गर्न सकिन्छ । भर्खर निकालिएको मल कालो चिप्लो खालको साना–साना दाना जस्ता हुन्छ । भर्मिकम्पोस्टलाई २ तरिकाबाट संकलन गर्न सकिन्छ ।

**क. घोप्टाउने र मल छुट्टाउने**

छोपेको ढकनी हटाउने र माथि वा सतहमा रहेको खानेकरा सबै निकाल्नु पर्दछ । प्लास्टिक, कागज र कपडा केही विछ्याइ त्यसमाथि गड्यौलासहितको मल घोप्टाउने र त्यसलाई चुली पारेर थुर्पानु पर्दछ । थुप्रोलाई ५ मिनेट जति प्रकाशमा त्यसै छोड्ने जसले गर्दा गड्यौला तल्लो भागमा जम्मा हुन्छन् र माथिबाट मल अञ्जुलीले झिकेर एउटा अलग्गै भाडामा राख्न सकिन्छ । यसरी मल झिक्दै जाने र अन्त्यमा गड्यौलाको झुप्पा मात्र बाँकी रहन्छ र बाँकी रहेका गड्यौंला लाई पहिले जस्तै गरी भाँडामा पाल्न सकिन्छ ।

**ख. गड्यौला आफै छुट्टिने तरिका :**

ढकनी हटाएर सतहको खानेकरा सबै हटाई गड्यौलासहितको मल भाडाको एकछेउबाट सारेर अर्को तिर थुपार्ने र बाँकी भाग खाली गर्नु पर्दछ । खाली ठाउँमा पुरानो वा नयाँ बिछ्यौना राखेर त्यस माथि गोबर र जैविक फोहोर मिसाइ एक हात उचाइसम्म राख्नु पर्दछ । पुरानो थुप्रोमा खानेकुरा नपाएर गड्यौलाहरु नयाँ थुप्रो तिर आउँछ । १०,१२ दिन पछि पुरानो थुप्रोतिर मल मात्र बाँकी रहन्छ र मल मात्र भएको अवस्थामा मल निकाल्न सकिन्छ ।

**०६. मलबाट गड्यौलाको बच्चा निकाल्ने तरिका:**

गड्यौलाको मलसँगै थुप्रै स-साना गड्यौलाहरु र कोकनहरु हुन्छन् तसर्थ मल तुरुन्तै प्रयोग गर्न हुँदैन । यस प्रविधिमा गड्यौलाहरुको उत्पादन र वृद्धि गर्न उत्तिकै आवश्यक भएकोले संकलित मललाई एउटा अलग्गै भाडामा राख्नु पर्दछ । ४ देखि ६ हप्ता भित्र कोकनबाट बच्चा निकाल्न थाल्दछ । शिशु गड्यौलाहरु बयस्क भइसकेका हुन्छन् त्यसपछि यि गड्यौला छानेर मल प्रयोग गर्न सकिन्छ ।

**०७. गड्यौले मलका फाइदाहरु :**



यो मल गड्यौलाले फोहोर खाइ उत्पादन भएको हुँदा फोहोरमा भएको प्रचुर पौस्टिक तत्वबाट ५ देखि १० प्रतिशत मात्र उपयोग गरी अरु सबै तत्व मलसँगै निस्कन्छ । मलसँग चिप्लो पदार्थ (Mucus) बाहिर निस्कन्छ । जसमा असख्य लाभदायिक सुक्ष्म जिवाणु हुन्छन् । यो मलको प्रयोगले माटाको भौतिक, रसायनिक र जैविक अवस्थालाई राम्रो गर्दछ । यो मल कालो र नरम एंब गन्ध रहित हन्छ । यसमा भएको चिप्लो पदार्थले माटोमा हावा आगमन र पानी सोसी चिस्यान कायम राख्ने क्षमता बढाउँछ साथै खुकुलो माटोको कणलाई जोडेर राख्दछ र चिम्टाइलो माटोलाई खुकुलो बनाउन सक्ने हुँदा माटोमा जैविक गतिविधि बढाउन मद्दत गर्दछ । यो मलमा बिरुवालाई आवश्यक पर्ने मुख्य खाद्य तत्व र सुक्ष्म खाद्य तत्व दुबै पाइनुका साथै माटोको पिएच ७ देखि ७.५ कायम राख्न सहयोग गर्दछ । यो मलमा मुख्य खाद्य तत्वहरु नाइट्रोजन १.७५ देखि २.५ प्रतिशत, फस्फोरस १.५० देखि २.० प्रतिशत र पोटास १.२५ देखि १.७५ प्रतिशत पाइन्छ । यो मल बाली अनुसार फरक फरक भएता पनि सामान्यतया २ देखि ३ टन प्रतिहेक्टरका दरले राखेमा उपयुक्त हन्छ ।



**०८ महिलामैत्री कार्यक्रम :**

नेपालमा हालसम्मको परिस्थितिको अवस्थालाई नियाल्दा महिलाहरु खाना पकाउने, करेसा बारीमा काम गर्ने, बालबच्चाहरुको स्याहार सम्भार गर्ने कार्यमा अग्रणी भूमिका निर्वाह गरेको अवस्था छ ।

किचन (भान्छा कोठा) बाट निस्कने फोहोर व्यवस्थापन गर्न महिलाहरुको प्रमुख भूमिका भएकोले यस गड्यौंला पालन गरी गड्यौला मल उत्पादन कार्य महिलामैत्री कार्य हुनु स्वभाविक हो । समय कम लाग्ने, महिलाले सहजरुपमा परिचालन गर्न सक्ने, सक्रिय भूमिका निर्वाह गर्न सक्ने, महिलाको चाँसो रहने कार्यले यस कार्यक्रमलाई महिलामैत्री कार्य भन्न सकिन्छ ।

*(गौतम वडा नं. १९ का सदस्य तथा कृषि विज्ञ हुनुहुन्छ)*

# महानगर र प्रदेशको लगानीमा महिला सुरक्षा घर

हिंसामा परेका र विभिन्न कारणले सडकमा आउन बाध्य महिलाहरुलाई व्यवस्थित गर्न महिला सुरक्षा घर निर्माण हुने भएको छ । पोखरा महानरपालिका र गण्डकी प्रदेश सरकार बीच सुरक्षा घर निर्माण गर्न समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त लगानीमा सुरक्षा घर निर्माण गर्ने सहमति भएको हो । हिंसा पीडित महिला तथा बालबालिकाका लागि सुरक्षित आवाससहितको पुनर्स्थापना गृह निर्माण गरी सञ्चालन गर्ने सम्बन्धमा गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र पोखरा महानगरपालिकावीच प्रतिबद्धता पत्रमा हस्ताक्षर गरिएको हो । सुरक्षित आवाससहितको पुनर्स्थापनागृह स्थापना र सञ्चालनका लागि दुबै पक्ष तीन बुदाँमा सहमत भई प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका हुन् ।

सहमतिपत्रमा गण्डकी सरकारको तर्फबाट सामाजिक विकासमन्त्री नरदेवी पुन र महानगरकातर्फबाट प्रमुख मानबहादुर जिसीले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । सहमतिपत्रमा गण्डकी प्रदेश सरकार, समाजिक विकास मन्त्रालय र पोखरा महानगरपालिकाको साझेदारीमा महानगरभित्र हिंसा पीडित महिला तथा बालबालिकाका लागि प्रदेशस्तरीय सुविधा सम्पन्न सुरक्षित आवास सहितको पुनर्स्थापना गृह निर्माण गरी सञ्चालन गर्ने, महानगरभित्र निर्माण गरिने सुरक्षित आवाससहितको पुनर्स्थापना गृह विस्तृत लागत सहितको डिजाइन इस्टिमेट पोखरा महानगरपालिकाले चैत मसान्त भित्र तयार गर्ने र यसै आर्थिक वर्षभित्रमा सुरक्षित आवाससहितको पुनर्स्थापना गृह निर्माणको काम सुरुवात गर्ने तीन बुदें सहमति भएको छ । त्यस्तै सामाजिक विकास मन्त्रालयको दायित्व बारे पनि सहमति पत्रमा उल्लेख गरिएको छ ।

विस्तृत लागत स्टिमेट तयार भए पश्चात यस आर्थिक वर्षको बजेट उपलब्ध गराउने, सुरक्षित आवास गृह निर्माण तथा सञ्चालनका लागि बजेट विनियोजन गर्ने तथा आवश्यक स्रोत साधन र बजेटका लागि संघीय सरकारसँग समन्वय गर्ने सहमति पत्रमा उल्लेख छ । पोखरा महागनरपालिकाले आवश्यक जग्गा व्यवस्था गर्ने, विस्तृत लागत सहितको ड्रोइङ डिजाइन निर्माण गर्ने,डिजाइन अनुसार निर्माण कार्यलाई अगाडि बढाउने र सुरक्षित आवाससहितको पुनर्स्थापना केन्द्र निर्माण तथा सञ्चालनका लागि वार्षिक रुपमा बजेट विनियोजन गर्ने सम्झौतापत्रमा उल्लेख छ । १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा पोखरा आयोजित एक कार्यक्रममा उक्त सम्झौता गरिएको हो ।

## नगरबासीका लागि जारी गरिएको सार्वजनिक सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ नगरपालिकाको काम, कर्तव्य र अधिकार दफा ११ (झ) को आधारभूत स्वास्थ्य र सरसफाइ को (६) मा सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोर मैला व्यवस्थापन, (७) मा स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुन उपयोग, प्रशोधन, विर्सजन, र सोको सेवाशुल्क निर्धारण र नियमन तथा (१०) मा सरफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापन निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी भागिदारी आदि व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारकमा छ । सोही बमोजिम पोखरा महानगरपीलिकाले सार्वजजिक सूचना जारी गरेको छ । सो कार्यान्वयन गर्न नगरबासीहरुमा अनुरोध गरिन्छ ।

- घर/पसल/व्यवसायीहरुले अनिवार्य फोहोरको भाँडो राख्ने ।
- आफ्नो घर/पसल अगाडि तथा वरिपरिको आधा सडक पेटी सधै सफा राख्ने ।
- घर पसल वा कुनै पनि व्यवसायबाट संकलित फोहोर कुहिने र नकुहिने छुट्टायाइ कुहिने फोहोरलाई मल बनाइ घरको बोट बिरुवा, करेसाबारी तथा कौशी खेतीमा प्रयौंग गरौं । नकुहिने फोहोर मात्र महानगरपालिका वा फोहोर संकलनको लागि आउने साधनमा राखी पठाउँ ।
- सडक छेउमा रहेका पसल, कलकारखाना वा अन्य व्यवसाय गर्ने व्यवसायीले सडक पेटी अतिक्रमण गरी वा पैदल यात्रामा अवरोध हुने गरी फुटपाथमा पसल नराखौं ।
- सडक पेटी तथा चोक गल्लीमा मोटर साइकल राखी मर्मत गर्ने धुने काम नगरौं ।
- वर्षाद तथा कुनै पनि किसिमको पानी घर छतबाट पाइप राखी सडकमा नखसालौं ।

# महानगरमा स्वास्थ्य कार्यक्रमहरुको प्रगति तथा समीक्षा

(महानगरबाट सञ्चालित कार्यक्रम चैत मसान्तसम्म)

| क्र. स. | विवरण | पटक/स्थान | सेवाग्राही/ सहभागी संख्या | कै. |
|---|---|---|---|---|
| १ | नियमित मासिक बैठक | १० | ४० | |
| २ | वार्षिक समीक्षा | १ | ८५ | |
| ३ | महामारी नियन्त्रण (डेंगु) | १ | ३६/१९८८ | |
| ४ | भिटामिन ए कार्यक्रम | १ | ३७१५६९३३६४ | |
| ५ | PMTCT तालिम | ४ | १०३ | |
| ६ | DHIS2 तालिम | २ | २० | |
| ७ | विभिन्न दिवसहरु मनाउने | २१ | ५००० | |
| ८ | ज्येष्ठ नागरिक शिविर | १७ | ४८७८ | |
| ९ | मधुमेह परीक्षण | १ | ३६३ | |
| १० | महिला स्वयम सेवकलाई सम्मानजनक बिदाई | १ | ११ | |
| ११ | महिला स्वयम सेवकलाई पोशाक भत्ता वितरण | १ | ६५३ | |
| १२ | समुदायमा आधारित मधुमेह रोकथाम कार्यक्रम | १ | ८ वडा | |
| १३ | VIA तथा स्तन क्यान्सर सचेतना तथा स्क्रिनिङ क्याम्प | ८ | १६३७ | |
| १४ | सेटलाइट क्लिनिक | ८ | ६३ | |
| १५ | स्कुल स्वास्थ्य कार्यक्रम | ३३ वडाहरु | कक्षा ८ भन्दा माथिका सबै | |
| १६ | अनुगमन सुपरिवेक्षण | नियमित | ३९ | |
| १७ | निजी स्वास्थ्य संस्था अनुगमन | नियमित | ६५ | |
| १८ | न्यानो झोला खरिद | १ | ५००० थान | |
| १९ | औषधी खरिद | १ | पटक | |
| २० | UHPC संचालन | १ | वडा न. ८ | |
| २१ | विपन्न नागरिक उपचार सिफरिस | नियमित | ७८ | |
| २२ | रक्त सञ्चार सेवा | १ | ३०० | |
| २३ | Pre-VSC अभिमुखीकरण | ५ | १९७ | |
| २४ | VSC क्याम्प | ६ | स्वा.का. को संयोजनमा/४६ | |
| २५ | रक्तदान कार्यक्रम | १ | ६६ पिन्ट | |
| २६ | स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन | २ | वडा न. ४ र २९ | |
| २७ | कर्मचारी करारमा लिने कार्य | १ | १९ | |
| २८ | नियमित औषधी, उपकाण, खोप तथा स्वास्थ्य सामग्री आपूर्ति | ३ | ४१ संस्था | |
| २९ | कार्यालयका दैनिक कार्यहरु | नियमित | | |
| ३० | स्वस्थ जीवन (आयूर्वेद) कार्यक्रम | १ | ४५० | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सहरी स्वास्थ्य केन्द्र १७ मा आयूर्वेद सेवा निरन्तरता | ९ | पटक/२५० | |
| ३२ | डाटा सुदृढीकरण | १० | मासिक | |
| ३३ | स्वास्थ्यकर्मी आयूर्वेद कार्यक्रम | १ | १५ | |
| ३४ | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ स्तन्य वर्द्धक औषधी वितरण | ६ | १२० | |
| ३५ | गाउँघर सहरी क्लिनिक नसर्ने रोग व्यवस्थापन कार्यक्रम | ९ | ४८० | |
| ३६ | लुकेर बसेका क्षयरोगी पत्ता लगाउन समुदाय परिचालन | ३ | ११६ | |
| ३७ | चौबिस घण्टा सञ्चालन हुने स्वास्थ्य सेवामा क्षयरोग मैत्री सेवा सञ्चालन तथा निरन्तरता | ४ | स्थान | |
| ३८ | खुल्ला रक्तदान कार्यक्रम | १ | ६५ | |
| ३९ | महिला स्वयम सवेक अर्ध वार्षिक समीक्षा | १ | ६५३ | |
| ४० | विभिन्न अवसरमा प्राथमिक उपचार सेवा सञ्चालन | २१ | | |
| ४१ | महानगरका कर्मचारीहरुका लागि स्वास्थ्य शिविर | १ | ३६४ | |
| ४२ | आमा सुरक्षा कार्यक्रम | नियमित | | |
| ४३ | MPDSR कार्यक्रम | नियमित | | |
| ४४ | क्षयरोग कार्यक्रमको कोहर्ट विश्लेषण कार्यक्रम | २ | ४४ | |
| ४५ | प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम | २ | १५५ | |
| ४६ | Cat 2 बिरामीहरुका लागि पोषण खर्च वितरण | १ | ३२ | |
| ४७ | CB- DOTs अनुगमन | ७ | | |

महानगरपालिकाको स्वास्थ्य महाशाखाले सञ्चालन गरेका कार्यहरु प्रत्यक्षरुपमा जनतालाई सेवा र फाइदा पुग्ने किसिमका छन् भने महानगरीय स्वास्थ्य नीतिले अंगिकार गरेका विषयहरु समेटिने गरी कार्यहरु भएको देखिन्छ । माथि उल्लेखित कार्यहरुको अतिरिक्त नियमित गरिने कार्यहरु प्रगतिको रुपमा उल्लेख गर्न सान्दर्भिक नहुने हुँदा मुख्य कार्यहरु मात्र प्रस्तुत गरिएका छन् । महाशाखाको टेबलमा काम गर्ने जनशक्तिको कमी, धेरै स्वास्थ्य संस्थाहरु र महिला स्वास्थ्य स्वंय सेवकहरुको संख्या, बढ्दो जनसंख्या तथा सहरीकरण, बढी जनसंख्या चाप भएका वडाहरुमा स्वास्थ्य संस्था नहुनु तथा भएका वडाहरुमा पनि स्वास्थ्य जनशक्ति कम हुनुले अझै पनि महानगरले नागरिकहरुको आशा बमोजिम स्वास्थ्य कार्यक्रमहरु तथा सेवाहरु प्रवाहमा कठिनाइ व्यहोंर्दै आएको छ । उल्लोखित चुनौतीहरुको समाधानका लागि सबै वडाहरुमा स्वास्थ्य संस्था स्थापना गर्ने र दरबन्दी परित गरी बढ्दो सेवाग्राहीको चापलाई धान्न सक्ने जनशक्ति आपूर्ति गर्ने कार्य अगाडि बढेको छ ।

स्वास्थ्य महाशाखा
पोखरा महानगरपालिका

# नगरबासीमा अनुरोध

- प्लास्टिक झोला प्रयोगको कारण जतातत्तै फोहोर देखिएको र ढल नाला जामहुने गरेकोले प्लास्टिकका झोलाको वैकल्पिक प्रयोग गरौं ।
- कुनै पनि किसिमका प्रचार प्रसार गर्ने उद्देश्यले भित्ते लेखन, पोस्टर, ब्यानर नराखौं ।
- नदी सफा राख्न कुनै पनि किसिमका केमिकल युक्त तरल पदार्थ नदीमा नमिसाऔं ।
- जथाभावी फोहोर नगरी सहर सफा राखौं । अटेर गरी कानुनको पालना नगरी जथाभावी फोहोर फालेको देखिएमा फोहोर मैला व्यवस्थापन ऐन २०६८ नियमावली २०७० अनुसार रु १ (एक)लाख सम्म जरिवानावा ३ महिना सम्म कैद वा दुबै सजाय तथा विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक गरिनेछ ।
- पोखरा महानगरवासीहरुले घर निर्माण गर्ने क्रममा भवन निर्माण सम्पन्न लिन आउँदा आफ्नो घर कम्पाउन्डमा कम्तिमा दुई रुख रोपौं ।
- सार्वजनिक यातायातका साधनबाट सडकमा कुनै प्रकारका फोहोरमैला नफालौं ।
- पोखरामा चल्ने सबै यातायातका साधनहरुमा फोहोरमैला राख्ने भाँडो राख्ने गरौं ।

# पोखरा महानगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
आर्थिक वर्ष २०७५/०७६
## चैत्र महिनासम्मको आम्दानीको आवधिक फाँटवारी

| आय शीर्षक | अनुमानित आय | यो अवधिको आय | यो अवधिसम्मको आय | आयमा प्रगति 'प्रतिशतमा |
|---|---|---|---|---|
| १००००-राजस्व तथा अनुदान | ५,८७२,२५८,०००।०० | ९४,८०७,७६९।२९ | २,४८९,२६२,३५१।२९ | ४२।३९ |
| ११०००-कर | ७००,०००,०००।०० | २४,३३५,५१६।९२ | ४६३,४१०,८२५।९७ | ६६।२ |
| ११३००-सम्पत्ति कर | २८५,०००,०००।०० | १४,४९८,९०८।४५ | २०४,९४८,२७५।२२ | ७१।९१ |
| ११३१०-अचल सम्पत्तिमा लाग्ने कर | २०५,०००,०००।०० | ९,३२४,८०२।०० | १७०,५०९,८५९।७६ | ८३।१८ |
| ११३१३-सम्पत्ति कर | २०२,०००,०००।०० | ५,४४६,४०२।०० | १२०,२९०,१९६।६७ | ५९।५५ |
| ११३१४-भूमिकर-मालपोत | १,०००,०००।०० | ३,७२२,२१४।०० | ४७,९५७,०९४।०९ | ४७९५।७१ |
| ११३१५-घर जग्गा कर | २,०००,०००।०० | १५६,१८६।०० | २,२६२,५६९।०० | ११३।१३ |
| ११३२०-खुद सम्पत्तिमा लाग्ने चालु कर | ८०,०००,०००।०० | ५,१७४,१०६।४५ | ३४,४३८,४१५।४६ | ४३।०५ |
| ११३२१-बहाल कर | ७०,०००,०००।०० | ५,१६९,२७६।४५ | ३३,९७२,१३९।४६ | ४८।५३ |
| ११३२२-विटौरी कर | १०,०००,०००।०० | ४,८३०।०० | ४६६,२७६।०० | ४।६६ |
| ११४००-वस्तु तथा सेवामा आधारित कर | ६०,०००,०००।०० | ३,४७५,४७२।४७ | ४७,१४२,५६६।२५ | ७८।५७ |
| ११४२०-सेवा शुल्क | १०,०००,०००।०० | २,९५३,६७६।०० | ३६,४२२,६९१।७८ | ३६४।२३ |
| ११४२१-अचल सम्पत्ति मूल्याङकन सेवा शुल्क | १,०००,०००।०० | १४,८००।०० | ४०३,१६२।०० | ४०।३२ |
| ११४४०-अन्य सेवा शुल्क | १,०००,०००।०० | ८६,३९५।०० | १०,६१६,९३०।७८ | १०६१।६९ |
| ११४४२-पर्यटन पूर्वाधार शुल्क | १००,०००।०० | | | १०६१६।९३ |
| ११४४३-अध्ययन शुल्क | २००,०००।०० | १७,२००।०० | ८७,९००।०० | ४३।९५ |
| ११४४४-सार्वजनिक सुविधा उपयोग सेवा शुल्क | - | | ६१,१४०।०० | ० |
| ११४४५-सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | - | ४६,८००।०० | १४४,०००।०० | ० |
| ११४४६-सरसफाइ सेवा शुल्क | ७,१००,०००।०० | २,७२८,२४३।०० | २४,८३३,८३९।०० | ३४९।७७ |
| ११४४७-सवारी पार्किरू शुल्क | - | | ६२,५००।०० | ० |
| ११४४८-एम्बुलेन्स सेवा शुल्क | ५००,०००।०० | ६०,२३८।०० | १७८,२२०।०० | ३५।६४ |
| ११४४९-चलचित्र छायांकन सेवा शुल्क | १००,०००।०० | | ३५,०००।०० | ३५ |
| ११४५०-सवारी साधनमा लाग्ने कर | - | - | ८१,९५०।०० | ० |
| ११४५१-सवारी दर्ता तथा वार्षिक सवारी कर | - | | ८१,९५०।०० | ० |
| ११४७०-मनोरञ्जन तथा विज्ञापन | ५०,०००,०००।०० | ५२१,७९६।४७ | १०,६३७,९२४।४७ | २१।२८ |
| ११४७२-विज्ञापन कर | ३०,०००,०००।०० | | ८,४८२,०००।०० | २८।२७ |
| ११४७३-मनोरञ्जन कर | २०,०००,०००।०० | ५२१,७९६।४७ | २,१५५,९२४।४७ | १०।७८ |
| ११६००-अन्य कर | ३५५,०००,०००।०० | ६,३६१,१३६।०० | २११,३१९,९८४।५० | ५९।५३ |
| ११६१०-व्यवसायले भुक्तानी गर्ने | ८०,०००,०००।०० | ६,३६१,१३६।०० | ४४,२६२,७६७।५० | ५५।३३ |
| ११६१३-व्यवसाय कर | ८०,०००,०००।०० | ६,३४८,८०२।०० | ४४,०९४,४४७।०० | ५५।१२ |

| | | | | |
|---|---|---|---|---|
| ११६१४-व्यवसाय कर विदेशीको हकमा थप ५० प्रतिशत | - | १२,३३४।०० | १६८,३२०।५० | ० |
| ११६३०-प्राकृतिक स्रोत तथा कृषि | २७५,०००,०००।०० | - | १६७,०५७,२१७।०० | ६०।७५ |
| ११६३१-प्राकृतिक स्रोत कर 'दहत्तर वहत्तर | २५०,०००,०००।०० | | १६४,०५७,२१७।०० | ६५।६२ |
| ११६३२-मृत तथा मारिएका जिवजन्तुको हाड छाला सिरू प्वााख र कवाडी सामान निकासी | २५,०००,०००।०० | | ३,०००,०००।०० | १२ |
| १३०००-अनुदान | २,९१६,६००,०८०।०० | २,०००।०० | १,६२२,७८२,६२७।४४ | ५५।६४ |
| १३३००-अन्तरसरकार अनुदान | २,५५१,१८०,०००।०० | २,०००।०० | १,६०२,८२४,२६७।४४ | ६२।८३ |
| १३३०१-बाह्रय अनुदान | ५,०००,०००।०० | - | ६,२४२,६६०।०० | १२४।८५ |
| १३३०१।१-युनिसेफ | - | | ३,१२१,३३०।०० | ० |
| १३३०१।१-युनिसेफ | ५,०००,०००।०० | | ३,१२१,३३०।०० | ६२।४३ |
| १३३०२-प्रदेश सरकार अनुदान | ३६०,४२०,०८०।०० | - | १३,७१५,७००।०० | ३।८१ |
| १३३०२।१-प्रदेश सरकार वित्तीय समानिकरण अनुदान | - | | १००।०० | ० |
| १३३०२।१-प्रदेश सरकार वित्तीय समानिकरण अनुदान | २७,४३१,६९०।०० | | १००।०० | ० |
| १३३०२।२-प्रदेश सरकार सर्शत अनुदान | - | | ६,८५७,७५०।०० | ० |
| १३३०२।२-प्रदेश सरकार सर्शत अनुदान | ३२,९८८,३९०।०० | | ६,८५७,७५०।०० | २०।७९ |
| १३३०२।३-प्रदेश सरकार विशेष अनुदान | - | | | ० |
| १३३०२।३-प्रदेश सरकार विशेष अनुदान | ३००,०००,०००।०० | | | २।२९ |
| १३३१०-अन्तरसरकारी वित्तीय हस्तान्तरण | २,५५१,१८०,०००।०० | २,०००।०० | १,६०२,८२४,२६७।४४ | ६२।८३ |
| १३३११-नेपाल सरकारबाट प्राप्त निशर्त अनुदान | - | १,०००।०० | ३०७,२९३,२०७।७२ | ० |
| १३३११-नेपाल सरकारबाट प्राप्त निशर्त अनुदान | ६१४,४००,०००।०० | १,०००।०० | ३०७,२९३,२०७।७२ | ५०।०२ |
| १३३१२-नेपाल सरकारबाट प्राप्त वित्तिय समा( नीकरण अनुदान | - | | | ० |
| १३३१२-नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान | ६०,०००,०००।०० | | | ५१२।१६ |
| १३३१३-नेपाल सरकारबाट प्राप्त शशर्त अनुदान | - | | ३००,८७६,७५०।०० | ० |
| १३३१३-नेपाल सरकारबाट प्राप्त शशर्त अनुदान | १,२०४,२००,०००।०० | | ३००,८७६,७५०।०० | २४।९९ |
| १३३१४-नेपाल सरकारबाट प्राप्त विषेश अनुदान | १५०,०००,०००।०० | | | २००।५८ |
| १३३१५-सडकबोर्ड नेपाल | - | | १७,१८०,१७६।०० | ० |
| १३३१५-सडकबोर्ड नेपाल | १५,०००,०००।०० | | १७,१८०,१७६।०० | ११४।५३ |
| १३३१६-सहरी स्वास्थ्य प्रवर्द्धन पुर्वाधार निर्माण | - | | | ० |
| १३३१६-शहरी स्वास्थ्य प्रवर्द्धन पूर्वाधार निर्माण | ७,५८०,०००।०० | | | २२६।६५ |
| १३३१७-नेपाल सरकार सामाजिक सुरक्षा | - | | १७५,८७२,०००।०० | ० |
| १३३१७-नेपाल सरकार सामाजिक सुरक्षा | ५००,०००,०००।०० | | १७५,८७२,०००।०० | ३५।१७ |
| १३३१८-गरिबसाग विशेश्वर कार्यक्रम | - | | ३८०,०००।०० | ० |
| १४०००-अन्य राजस्व | १,७५५,६५७,९२०।०० | ३०,४३७,१४९।८७ | १६१,३३९,६३४।९९ | ९।१९ |
| १४००१-जनसहभागिता | ५००,०००,०००।०० | ४०,०३३,१०२।५० | १४२,५५३,३८८।३२ | २८।५१ |

| | | | | |
|---|---|---|---|---|
| १४००१।१-जनसहभागिता सौर्य सडका बत्ती | ५०,०००,०००।०० | ७०,०००।०० | ४,५८९,८३८।०० | ९।१८ |
| १४००१।२-जनसहभागिता पूर्वाधार विकास | ४५०,०००,०००।०० | ३९,९६३,१०२।५० | १३७,९६३,५५०।३२ | ३०।६६ |
| १४००२-नेपाल सरकारवाट प्राप्त राजश्व वा)डफाड वापत प्राप्तहुने अनुदान | - | | ९९,१७५,८७४।५७ | ० |
| १४१००-सम्पत्तिबाट प्राप्त आय | १,०६६,५००,०००।०० | - | २,५०२,९६०।०० | ०।२३ |
| १४१७०-राजस्व बाँडफाँडबाट प्राप्त आय | १,०६६,५००,०००।०० | - | २,५०२,९६०।०० | ०।२३ |
| १४१७१- | - | | | ० |
| १४१७२- | - | | | ० |
| १४१७६-पर्यटन शुल्क | २०,०००,०००।०० | | २,५००,७००।०० | १२।५ |
| १४१७७-घरजग्गा रजिस्ट्रेसन | ७००,०००,०००।०० | | १,०००।०० | ० |
| १४१७९-राजश्व बाँडफाँड प्राप्त | - | | ६३०।०० | ० |
| १४१७९-राजश्व बाँडफाँड प्राप्त | ३४६,५००,०००।०० | | ६३०।०० | ० |
| १४२००-वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम | ६८४,१५७,९२०।०० | ३०,१३१,५९०।८७ | १५७,४८४,८३८।८३ | २३।०२ |
| १४२४०-दस्तुर | ६८४,१५७,९२०।०० | ३०,१३१,५९०।८७ | १५७,४८४,८३८।८३ | २३।०२ |
| १४२४२-नक्सापास दस्तुर | ६०३,६५७,९२०।०० | २२,८६९,७१२।८६ | ९४,५८३,६७८।२७ | १५।६७ |
| १४२४३-सिफारिस दस्तुर | २५,०००,०००।०० | ५,९०४,७४०।५१ | ४७,९४४,४५०।८० | १९१।७८ |
| १४२४४-पञ्जिका दस्तुर | १,०००,०००।०० | ५७,१००।०० | ४३६,३१८।०० | ४३।६३ |
| १४२४५-नाता प्रमाणित दस्तुर | ३५,०००,०००।०० | २७७,८९३।०० | १,७३५,८८०।०० | ४।९६ |
| १४२४९-अन्य दस्तुर | १०,०००,०००।०० | १३,२००।०० | ५,९१५,६१०।०० | ५९।१६ |
| १४२५०-नक्सा फाराम दस्तुर | १,०००,०००।०० | ६९१,९२७।५० | ३,८२८,८६५।९२ | ३८२।८९ |
| १४२५१-नवीकरण दस्तुर | २,०००,०००।०० | १८३,७१७।०० | १,६३४,६८४।८४ | ८१।७३ |
| १४२५२-प्रतिलिपि दस्तुर | १,०००,०००।०० | १९,७८५।०० | १९६,६९९।०० | १९।६७ |
| १४२५३-नामसारी दस्तुर | २,०००,०००।०० | ५९,९६५।०० | ६२३,६०३।०० | ३१।१८ |
| १४२५४-संस्था दर्ता सिफारिस तथा नविकरण | ५००,०००।०० | ३४,८००।०० | ४९५,४४५।०० | ९९।०९ |
| १४२५५-टावर अनुमति दस्तुर | ५००,०००।०० | | | ९९।०९ |
| १४२५६-धितो मुल्यांकन दस्तुर | - | ६,८००।०० | ६५,८५४।०० | ० |
| १४२५७-उद्योग स्थापना सिफारिस दस्तुर | ५००,०००।०० | | ३,८००।०० | ०।७६ |
| १४२५८-घर जग्गा कर मुल्यांकन दस्तुर | २,०००,०००।०० | ११,९५०।०० | १९,९५०।०० | १ |
| १४३००-दण्ड जरिवाना र जफत | ५,०००,०००।०० | ३०५,५५९।०० | १,३५१,८३६।१६ | २७।०४ |
| १४३१०-दण्ड जरिवाना र जफत | ५,०००,०००।०० | ३०५,५५९।०० | १,३५१,८३६।१६ | २७।०४ |
| १४३१२-दण्ड ।जरिवाना | ५,०००,०००।०० | ३०५,५५९।०० | १,३५१,८३६।१६ | २७।०४ |
| कुल जम्मा | ५,८७२,२५८,०००।०० | ९४,८०७,७६९।२९ | २,४८९,२६२,३५१।२९ | ४२।३९ |

# सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा १९ सेवा निशुल्क




पोखरा महानगरपालिकाले आफ्ना नागरिकलाई सहज रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले सहरी स्वास्थ्य केन्द्र सञ्चालमा ल्याएको छ । पोखरा महानगरको पुरानो दमकल रहने ठाँउमा केन्द्र सञ्चालनमा ल्याएको छ । दमकल मार्ग नयाँ बजारमा १९ प्रकारका स्वास्थ्य सेवा निशुल्क रुपमा उपलब्ध गराउने गरी केन्द्र सञ्चालनमा ल्याइएको महानगरले जनाएको छ । बहिरंग सेवा, मातृत्व शिशुसेवा, सरुवा रोगको रोकथाम र उपचार, नसर्ने रोग, स्वास्थ्य जीवनशैली, आयूर्वेद र परम्परागत औषधी, स्वास्थ्य वातावरण प्रवर्द्धन, महामारी तथा विपद् व्यवस्थापन, ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सेवा र रिफर गर्ने लगायत १९ प्रकारका सेवा दिने गरी केन्द्र स्थापना गरिएको हो । सहरी स्वास्थ्य केन्द्रले रोग लागि सकेपछि उपचार गर्नुभन्दा रोगको बाटो छेक्नु जाति भन्ने नारासहित महानगरका ३३ वटै वडाका नागरिकलाई निशुल्क सेवा उपलब्ध गराउने सहरी स्वाथ्य केन्द्रका प्रमुख मधुमाया तिमिल्सिनाले जानकारी दिनुभयो ।

सहरी स्वास्थ्य केन्द्रमा एक चिकित्सक, एक जनस्वास्थ्य अधिकृत, २ जना हेल्थ असिस्टेन, कविराज एक जना, स्टाफ नर्स २ जना र कम्प्युटर अपरेटर गरी ११ जनाको दरबन्दीको व्यवस्था गरिएको छ । सहरी स्वास्थ्य केन्द्रको महानरका प्रमुख मानबहादुर जिसीले उद्घाटन गर्नुभएको थियो । आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले महानगरले केन्द्र सञ्चालन गरेको हो ।

## नगरबासीमा अनुरोध

- सफा सुन्दर महानगर निर्माणमा सबैले मलिर काम गरौं ।
- हरियाली सहर निर्माण गर्न सबै नगरबासी जुटौं ।
- पर्यटकलाई सधै हसिलो भएर स्वागत गरौं
- हाम्रा पर्व र सस्ंकृतिको संरक्षण गरौं



# अपांगता परिचयपत्र वितरण

पोखरा महानगरपालिकाले आपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरेको छ । पोखरा महागनरका उपप्रमुख मञ्जुदेवी गुरुङले वडा नम्बर २३ का पुष्कर राज उपाध्यायलाई पूर्ण अपाङ्ताको (रातो) पचिरयपत्र प्रदान गरेर सुरुवात गर्नुभयो । प्रक्रिया पुगेर आएका निवेदन, शारीरिक अवस्था, अस्पतालले दिएको सिफारिस र परिचयपत्र वितरण कार्यविधिका आधारमा परिचयपत्र वितरण गरिएको हो । परिचयपत्रमा प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नुपर्ने अपांगता परिचयपत्र वितरण कार्यविधिले गरेको छ । महानगरले १ सय ३५ वटा परिचयपत्र वितरण गरेको छ ।

'सरकारले अपांगताको वर्गीकरण गरेको छ,' उहाँले भन्नुभयो, 'हामीले त्यही कार्यविधिले व्याख्या गरेका आधारमा परिचयपत्र वितरण गरेका छौं ।' उपप्रमुख गुरुङले पूर्ण अपांगता भएका व्यक्तिलाई महानगर आउन असहज भएको बताउँदै वडा वडामै पुगेर वितण गनुपर्ने देखिएको बताइन् । 'पूर्ण अपांगता भएका व्यक्तिलाई असहज भएकाले अर्को पटकबाट क र ख वर्गको परिचयपत्र वडा तहमै पुगेर वितरण गर्ने व्यवस्था मिलाउने छौं ।'

महिला विकास तथा बालबालिका कार्यालय पोखरा महानगरपालिका मातहत आएपछि महानगरले अपांगता भएका व्यक्तिलाई परिचय पत्र वितरण सुरु गरेको हो । परिचयपत्र वितरणका लागि आवश्यक कार्यविधि र समिति नबन्दा अपांगता भएका व्यक्तिहरुले परिचयपत्र प्राप्त गर्न सकेका थिएनन् । महानगरले अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ पारित गरे लगत्तै पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङको संयोजकत्वमा गठित अपांगता परिचयपत्र वितरण समन्वय समिति गठन गरेको थियो ।

समितिले अपांगता परिचयपत्रका लागि कार्यालयमा दर्ता भएका निवेदन माथि छलफल गरेर परिचयपत्र उपलब्ध गराइएको सामाजिक विकास महाशाखा प्रमुख निर्मला शर्माले जानकारी दिनुभयो । उपप्रमुख गुरुङको संयोजकत्वको समितिको सदस्यमा प्रहरी निरीक्षक चन्द्रा गुरुङ, शिशुवा अस्पतालका डा.मिलन श्रेष्ठ, प्रदेश सामाजिक विकास मन्त्रालयका प्रतिनिधि विष्णुमाया पौडेल, २९ नम्बरका वडा सदस्य निर्मला पौडेल, स्वावलम्बन जीवन पद्धती समाजका अञ्जना केसी र शिव सापकोटा छन् । यसअघि बसेको बैठकले अपांगता भएका व्यक्तिले वडा कार्यालयको सिफारिस पत्र, सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिस पत्र, जन्मदर्ता, नागरिकताको प्रमापणपत्रको प्रतिलिपि र फोटोसहित महानगरपालिकाको सामाजिक विकास महाशाखामा निवेदन पेश गर्न अनुरोध गरेको छ ।

सरकारले अपांगता भएकालाई चार समूहमा विभाजन गरेको छ । चार समूहका अपांगता भएका व्यक्तिलाई फरक फरक रंगको परिचयपत्र वितरण गर्ने प्रमुख शर्माले बताउनुभयो । पूर्ण अशक्त अपांगता भएका व्यक्तिले रातो, अति अशक्त अपांगता भएका व्यक्तिले नीलो, मध्यम अपांगता भएका व्यक्तिले पहेलो र सामान्य अपांगता भएका व्यक्तिले सेतो रंगको परिचयपत्र गर्ने छन् ।

# उपमेयरसँग महिला कार्यक्रम



महिलालाई आयआर्जन मार्फत आर्थिक रुपमा सक्षम बनाउने उद्देश्यले पोखरा महानगरपालिकाले सञ्चालन गरेको उपप्रमुखसँग महिला कार्यक्रमले महिलामा उत्साह थपेको छ। पोखरा महानगरपालिका वडा नम्बर २३ घाँटीछिना र चापाकोटको बाम्दीका महिलाले उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत सस्तो व्याजमा ऋण प्राप्त गरेपछि उनीहरुमा उद्यमी बन्दै आयआर्जनको कार्यमा लाग्न उत्साह थपिएको हो ।

उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत सहकारीसँग सहकार्य शीर्षक मार्फत् घाँटीछिनाको प्रभावकारी महिला सहकारी संस्था र बाम्दीको सगरमाथा महिला विकास बचत तथा ऋण सहकारीले प्राप्त गरेको ९/९ लाख रुपैयाँ विपन्न, एकल महिलालाई ऋण प्रदान गरिएको छ । महिलाहरुलाई भैसी, बाख्रा, मौरी, व्यवसाय गर्नका लागि ऋण प्रदान गरिएको सगरमाथा महिला सहकारीका अध्यक्ष आशा नेपालीले बताउनुभयो । सहकारीले महानगरबाट तीन प्रतिशत व्याजमा लिएर ६ प्रतिशतमा लगानी गरेको छ ।

महिलाहरुलाई आर्थिक रुपमा सशक्त र आत्मनिर्भर बनाउने उद्देश्यले सहकारीको सहकार्य कार्यक्रम ल्याएको हो । पोखरा महानगरले ल्याएको उपमेयरसँग महिला कार्यक्रमको ऋण लगानीका लागि रकम लक्षित महिलालाई हस्तान्तरण गरिएको छ । दुबै ठाँउमा आयोजित छुट्टाछुट्टै कार्यक्रममा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले रकम वितण गर्नुभयो । उपमेयरसँग महिला कार्यविधिले विपन्न, एक र अपाङग महिलालाई ऋण लगानी गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । सोही कार्यविधिमा रहेर सहकारीले आह्वान गरेको प्रस्तावमा ऋण लगानी गरिएको प्रभावकारी महिला सहकारीका संस्थाका अध्यक्ष लोककुमारी क्षेत्रीले जानकारी दिनुभयो ।

उपप्रमुख मञ्जुदेवी गुरुङले रकम वितरण गर्दै उपमेयरसँग महिला कार्यक्रमले महिलालाई आत्मनिर्भर र आर्थिक रुपमा सवल, सक्षम बनाउने विश्वास व्यक्त गर्नुभयो । उनले थोरै पैशाले लगानी गरेर केही गर्छु भन्ने महिलाका लागि उपमेयरसँग महिला कार्यक्रमले सहयोग पुग्ने बताउनुभयो । उनले विगतमा महानगरले महिलाका लागि धेरै कार्यक्रम सञ्चालन गरेपनि उपलब्धिमूलक नभएको बताउँदै सिप सिकेर बसेका महिलालाई उद्यमी बनाउँदै आत्मनिर्भर गराउने योजनासहित कार्यक्रम ल्याएको बताउनुभयो । उनले महानगरको धेरै रकम तालिमका लागि खर्च भएको बताउँदै अब तालिम भन्दा उत्पादनलाई प्राथमिकता दिँदै महिलालाई आत्मनिर्भर बनाउने कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो ।

समाजमा महिलाहरु आर्थिक रुपमा सक्षम नहुँदा पछाडी परेको समेत उहाँले बताउनुभयो । प्रभावकारी महिला बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष टोपलीदेवी पराजुलीले पैशा प्राप्त गर्नेहरुले सही सदुपयोग गर्न आग्रह गर्दै समयमै ऋण चुक्ता गर्न आग्रह गर्नुभयो । प्रभावकारी सहकारीका कोषाध्यष राधादेवी गुरुङले वडा नम्बर २३ नमुना बन्नुपर्ने बताउँदै उपमेयरसँग महिला कार्यक्रमबाट आयआर्जनमा वृद्धि गर्दै सक्षमा हुनुपर्नेमा जोड दिनुभयो । सन्तबहादुर भुजेलले महिलालाई अगाडि बढाउने काम उपमेयरसँग महिला कार्यक्रमले गरेको बताउँदै नमुना बनाउनुपर्नेमा जोड दिनुभयो ।

# पोखरा महानगरपालिका कार्यालय
# टेलिफोन विवरण

| सि.नं. | टेलिफोन | शाखा |
|---|---|---|
| १ | ५२५३४० | प्रमुखको सचिवालय |
| २ | ५२११०५ | कार्यकारी कक्ष |
| ३ | ५२०६०० | फ्याक्स |
| ४ | ५२११०४ | प्रशासन विभाग |
| ५ | ५३२६८० | प्रमुख लेखा नियन्त्रक |
| ६ | ५२०३०१ | योजना |
| ७ | ५२१४६० | इन्टरकम |
| ८ | ५२७१७३ | इन्टरकम |
| ९ | ५२०३९२ | करशाखा |
| १० | ५५१४५५ | आ.प्र.शाखा |
| ११ | ५३७५५१ | आ.प्र.शाखा |
| १२ | ५४१९५६ | भण्डार शाखा |
| १३ | ५२०९७९ | सामाजिक विकास |
| १४ | ५४०५५०५५०१३६ | कानुन शाखा |
| १५ | ५५००६४ | योजना |
| १६ | ५४०२७८ | स्वास्थ्य विभाग |
| १७ | ५२१५०२ | उप-प्रमुख |
| १८ | ५३९९१६ | योजना नेत्रसर |
| १९ | ५२८५८५ | सरसफाइ शाखा |
| २० | ५२०२२२ | वारुणयन्त्र |
| २१ | ५२००२२ | बारुणयन्त्र |
| २२ | ५२०५१० | शान्तिवन ग्यारेज |
| २३ | ५५०२२९ | वातावरण शाखा |
| २४ | ५२०१०३ | गा.न.सा. |
| २५ | ५३२३०१ | शिक्षा विभाग |
| २६ | ४६५१०० | क्वाटर |
| २७ | ५२५६४० | सामाजिक विकास |
| २८ | ५२७६०४ | इन्टरकम |
| २९ | ५२४४२१ | निरीक्षण शाखा |
| ३० | ५३३३१३ | फेवाताल सरक्षण |
| ३१ | ५५१४०१ | स्मार्टसिटी/सहकारी |
| ३२ | ५५१४०३ | आलेप शाखा |
| ३३ | ५३०४४४ | आइटी |
| ३४ | ४१०२२४ | साविक लेखनाथ |
| ३५ | ५६००९७ | साविक लेखनाथ |
| ३६ | ५६००४४ | साविक लेखनाथ |
| ३७ | ५६०५६६ | साविक लेखनाथ |
| ३८ | ५६०३८० | साविक लेखनाथ |
| ३९ | ५६०१०९ | साविक लेखनाथ |
| ४० | ५६००८० | साविक लेखनाथ |
| ४१ | ५६००४५ | साविक लेखनाथ |
| ४२ | ५६००३१ | साविक लेखनाथ |
| ४३ | ५६०००२ | साविक लेखनाथ |
| ४४ | ५६०००१ | साविक लेखनाथ |
| ४५ | ५५०१३७ | डि. ई. |
| ४६ | ५०५०८८ | ल्यान्डफिल शाखा |

**नगरबासीको केही गुनासो भएमा प्रमुख प्रशासकीय अधिकृत र कुनै जानकारी वा सूचना आश्वयक परेमा सूचना अधिकारीलाई सम्पर्क गर्न अनुरोध गरिन्छ।**

**प्रमुख प्रशासकीय अधिकृत**
**९८५६००७१११**
**०६१-४२११०५**

**सूचना अधिकारी**
**०६१-५२११०४**

# जन निर्वाचित प्रमुख/उपप्रमुख/वडा अध्यक्ष र सदस्यहरुको नामावली तथा फोन सम्पर्क

| | | | | | |
|---|---|---|---|---|---|
| ० | श्री मानबहादुर जिसी | ९८५६० ०३०३५ | प्रमुख | | ०६१-५२५३४० |
| ०० | श्री मञ्जुदेवी गुरुङ | ९८५६० ०३०३४ | उप-प्रमुख | | ०६१ ५२१५०२ |
| **क्र.स.** | **वडा अध्यक्ष** | **महिला सदस्य** | **दलित महिला सदस्य** | **खुल्ला सदस्य १** | **खुल्ला सदस्य २** |
| १ | **श्री शारदा पराजुली** | **श्री प्रेमकुमारी शाही** | **श्री प्रेमदेवी परियार** | **श्री रुद्रप्रसाद च्वाई** | **श्री सहारा प्रधान** |
| | ९८५६० ०३००१ | ९८४६० ८७९३० | ९८४६० ४४१५४ | ९८४६० ५४४१९ | ९८४६० २५०९१ |
| २ | **श्री रामेश्वर मल्ल** | **श्री गोमा सुवेदी** | **श्री सुनीता विक सुनार** | **श्री गौतम विजूक्छे** | **श्री प्रमोद पराजुली** |
| | ९८५६० ०३००२<br>९८४६१ १९३१२ | ९८४६५ १३३९५ | ९८०६६ ५६७५५ | ९८४६० ३०५९९ | ९८४६० ४३९८२ |
| ३ | **श्री रवीन्द्रबहादुर प्रजू** | **श्री लक्ष्मी पराजुली** | **श्री सवी परियार** | **श्री जीतेन्द्र कायस्थ** | **श्री रवीन कायस्थ** |
| | ९८५६० ०३००३ | ९८४६६ ३९४४४ | ९८४६२ ०९५०४ | ९८०४१ ८०९६८ | ९८४६० २५९९८ |
| ४ | **श्री शंकरप्रसाद बास्तोला** | **श्री सरिता पराजुली** | **श्री विष्णुमया परियार** | **श्री सुवर्ण केसी** | **श्री पुष्करबहादुर श्रेष्ठ** |
| | ९८५६० ०३००४ | ९८४६२ २३९८९ | ९८१५१ १३००८ | ९८५६० ८७९३७ | ९८४६० २०६६८ |
| ५ | **श्री धनबहादुर नेपाली** | **श्री अञ्जु केसी** | **श्री हरिमाया विक** | **श्री उज्ज्वल खत्री** | **श्री पुष्पराज बराल** |
| | ९८५६० ०३००५ | ९८५६० ३६५७२ | ९८४६२ ८७५४२ | ९८४६० २१४७९ | ९८४६० ३०७४९ |
| ६ | **श्री जगतबहादुर पहारी** | **श्री पुष्पा घले पहारी कार्यापालिका सदस्य** | **श्री राममाया विक** | **श्री विष्णुबहादुर भट्टराई** | **श्री हरिकृष्ण पहारी** |
| | ९८५६० ०३००६ | ९८४६० २६३०६ | ९८४६० ६५७५३ | ९८५६० २०२७२ | ९८५६० २६०४० |
| ७ | **श्री रामचन्द्र बराल** | **श्री प्रभा पन्त** | **श्री सुकमाया नेपाली** | **श्री दिनबन्धु पौडेल** | **श्री किसोर बराल न्यायिक समिति सदस्य** |
| | ९८५६० ०३००७ | ९८५६० १५९३१ | ९८०४१ ३५१८२ | ९८५६० २००३० | ९८५६० २९६४८ |
| ८ | **श्री रुद्रनाथ बराल** | **श्री किरण गौतम** | **श्री लक्ष्मी कौसल** | **श्री कृष्णमान ठूसाजु** | **श्री पुष्पराज सिग्देल** |
| | ९८५६० ०३००८ | ९८५६० ६१८४१ | ९८१६१ ६१४८४ | ९८४६० २८६६५ | ९८४६० ६६६५९ |
| ९ | **श्री रामराज लामिछाने** | **श्री राममाया मानन्धर** | **श्री गीता चर्माकार** | **श्री नन्दराम गिरी** | **श्री सुरेश खवास** |
| | ९८५६० ०३००९ | ९८४६०२७२०२ | ९८४६२२६१९४ | ९८४६१५५५४८ | ९८५६०२४४२९ |
| १० | **श्री राजकुमार गुरुङ** | **श्री निशा मल्ल** | **श्री प्रतिभा विक** | **श्री दीपकबहादुर थापा** | **श्री सम्मरबहादुर श्रेष्ठ** |
| | ९८५६० ०३०१० | ९८४६०४२९२२ | ९८२४१ १६०४० | ९८५६० २६३९१ | ९८५६० ३६१२१ |
| ११ | **श्री मोहनप्रसाद बास्तोला** | **श्री तीर्थकुमारी गुरुङ** | **श्री टुकुरादेवी परियार** | **श्री जंगबहादुर हमाल ठकुरी** | **श्री मिनबहादुर गुरुङ** |
| | ९८५६००३०११ | ९८४६१६७९२० | ९८४६० २१२५३ | ९८५६० ११०२२ | ९८५६० २६८२८ |
| १२ | **श्री रामबहादुर कार्की** | **श्री सीता बास्तोला** | **श्री विष्णु विक** | **श्री निर्मलबहादुर थापा** | **श्री देशभक्त केसी** |
| | ९८५६० ०३०१२ | ९८४६० ८६७६२ | ९८१६१ ७२२५७ | ९८४६३ ०३०८१ | ९८५६० ३२६२७ |
| १३ | **श्री लेखबहादुर तामाङ'दर्शन'** | **श्री कृष्णकुमारी गुरुङ** | **श्री कमला विक** | **श्री रहिमुल्लाह मियाँ** | **श्री टंकप्रसाद भट्टराई** |
| | ९८५६० ०३०१३ | ९८५६० २६८६३ | ९८४६० ४४३५५ | ९८०४१ २२३१६ | ९८०४१ १२८४६ |
| १४ | **श्री प्रेमबहादुर कार्की** | **श्री यशोदा केसी भट्टराई कार्यपालिका सदस्य** | **श्री सुनकमली विक** | **श्री ढोलबहादुर गुरुङ** | **श्री जीतेन्द्रजगं थापा** |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९८५६० ०३०१४ | ९८५६० ३८७९० | ९८६७३ ५८९०२ | ९८०६५ ०२६०६ | ९८१७१ १५००२ |
| १५ | श्री प्रकाश पौडेल | श्री पार्वती कार्की<br>न्यायिक समिति सदस्य | श्री मन्दिरा परियार | श्री तोरणबहादुर<br>बानिया (जिसस गएको) | श्री रुकबहादुर गुरुङ |
| | ९८५६० ०३०१५ | ९८४६० ८६७९० | ९८०४१ ०५९१२ | ९८५६० २८८९१ | ९८४६० ३६८३८ |
| १६ | श्री जीवनप्रसाद आचार्य | श्री गुमादेवी अधिकारी<br>गौतम (जिसस गएको) | श्री विष्णुदेवी नेपाली | श्री राजेश गुरुङ | श्री मेहरमान थापा |
| | ९८५६० ०३०१६ | ९८४६२ ६०५२८ | ९८४६३ ५४१३० | ९८५६० २४७१८ | ९८४६२ ०९६९५ |
| १७ | श्री तीर्थराज अधिकारी | श्री राधिका शाही योगी<br>कार्यपालिका सदस्य | श्री तारादेवी परियार | श्री शान्ता देवी गुरुङ | श्री वैकुन्ठ भण्डारी |
| | ९८५६० ०३०१७ | ९८५६० १२४४४ | ९८०४१ ७२७९५ | ९८४६२ २०३४३ | ९८४६० २६३७० |
| १८ | श्री रणबहादुर थापा | श्री भोजकुमारी थापा | श्री सरला नेपाली | श्री हरि प्रसाद लम्साल | श्री ज्ञानबहादुर थापा |
| | ९८५६० ०३०१८ | ९८५६० ३८०६३ | ९८४६३ ४३२५६ | ९८४६० ३५२८७ | ९८४१३ ४११२३ |
| १९ | श्री शोभामोहन पौडेल | श्री कोपिला के.सी. | श्री तारादेवी परियार | श्री कृष्णप्रसाद गौतम | श्री कमलप्रसाद<br>बास्तोला |
| | ९८५६० ०३०१९ | ९८४६२ ३२७७९ | ९८१६१ ०३४६० | ९८५६० ७१८०० | ९८४६१ २०७४० |
| २० | श्री सीमबहादुर गुरुङ | श्री लक्ष्मी सुवेदी | श्री मनबुजा विक<br>कार्यपालिका सदस्य | श्री मोतीप्रसाद पौडेल | श्री भीमप्रसाद बास्तोला |
| | ९८५६० ०३०२० | ९८४६७ ७७६६२ | ९८१६६ ५०८५२ | ९८४६० ४८०१७ | ९८४६० ४४९०४ |
| २१ | श्री खगराज आचार्य | श्री अम्बिका थापा | श्री सीतादेवी विक<br>(जिसस गएको) | श्री नन्दलाल अधिकारी | श्री रामबहादुर गुरुङ |
| | ९८५६० ०३०२१ | ९८१६६ १६६०४ | ९८६६० ०९६४७ | ९८४६१ ०३५०९ | ९८०४१ ३०००२ |
| २२ | श्री मित्रलाल बराल | श्री ओम कुमारी गुरुङ | श्री सिता विक कामी | श्री मातृकाप्रसाद बराल | श्री चेतभक्त शर्मा बराल |
| | ९८५६० ०३०२२ | ९८४६० ६७७७१ | ९८०४१ ८७४३३ | ९८५६० २९६५२ | ९८४६८ १७९६६ |
| २३ | श्री विष्णुप्रसाद पराजुली | श्री गीता भट्टराई क्षेत्री | श्री यामकुमारी सुनार | श्री भरतराज भण्डारी | श्री दुर्गाबहादुर घले |
| | ९८५६० ०३०२३ | ९८४६० ३९०३० | ९८०४१ ४०६४७ | ९८०४१ ९२१४८ | ९८०४१ ६७७२६ |
| २४ | श्री ओम प्रसाद सुवेदी | श्री सन्तुदेवी सुवेदी<br>कार्यपालिका सदस्य | श्री मीना नेपाली | श्री सोबनाथ भट्टराई | श्री अग्निधर त्रिपाठी |
| | ९८५६० ०३०२४<br>९८५६० २६५२१ | ९८५६० ३९८४८ | ९८४६८ १७१४० | ९८५६० ६९६०४ | ९८५६० २६१८६ |
| २५ | श्री शोभाकर तिमिल्सिना | श्री लक्ष्मी अधिकारी | श्री तारा विश्वकर्मा | श्री दलबहादुर कुँवर | श्री जीतबहादुर कार्की |
| | ९८५६० ०३०२५ | ९८४६२ ८१६९२ | ९८१४१ ८८४५५ | ९८५६० २४६८० | ९७४६० १५१८४ |
| २६ | श्री नारायणप्रसाद बराल | श्री मुरली थापा | श्री शर्मिला विश्वकर्मा | श्री रामकृष्ण जिसी | श्री खड्कबहादुर<br>रानाभाट |
| | ९८५६० ०३०२६ | ९८४६० २८५८० | ९८०४१ ३४२२२ | ९८५६० ६१६३३ | ९८४६० ४०८१९ |
| २७ | श्री पूर्णकुमार गुरुङ | श्री बुद्धिमाया रिजाल | श्री सरस्वती सार्की | श्री प्रेमप्रसाद बराल | श्री शेखरनाथ लामिछाने |
| | ९८५६० ०३०२७ | ९८४६५ ११२५४ | ९८४६१ ५६५३० | ९८५६० ४१२६० | ९८४६० ४१७०२ |
| २८ | श्री निर्मल दियाली सुनार | श्री अम्विका बुढाथोकी | श्री कल्पना परियार | श्री विष्णुप्रसाद तिवारी | श्री बैनबहादुर अधिकारी<br>क्षेत्री (जिसस गएको) |
| | ९८५६० ०३०२८ | ९८४६१ ९७१६९ | ९८१३६ ६८३०१ | ९८४६६ ४०३०७ | ९८५६० ३८७८३ |
| २९ | श्री चेतबहादुर गुरुङ | श्री निर्मला पौडेल | श्री मनकुमारी सुनार | श्री थलबहादुर पाँडे<br>थापामगर | श्री हेमबहादुर बानिया |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९८५६० ०३०२९<br>९८४६० २४१०७ | ९८४६४ ५३१३१ | ९८०४१ ०५५७९ | ९८४६५ ७००६७ | ९८५६० ६१९९५ |
| **३०** | **श्री श्रीराम पोखरेल** | **श्री शारदा बास्तोला** | **श्री रमा नेपाली** | **श्री सोमलाल कँडेल** | **श्री चोलाप्रसाद बराल** |
| | ९८५६० ०३०३०<br>९८४६० ३०६८९ | ९८४६० ६१७६८ | ९८४६० २१३८२ | ९८४६२ १४४०६ | ९८४६२ ६८०८८ |
| **३१** | **श्री कमलबहादुर थापा** | **श्री साबित्री भण्डारी (जिसस गएको)** | **श्री विष्णु सुनार** | **श्री विण्णुबहादुर भुजेल** | **श्री पूर्णखर पाण्डे** |
| | ९८५६० ०३०३१ | ९८४६३ २०५८७ | ९८०६७ ६६६५५ | ९८४६३ २०६१७ | ९८१५४ ८४७४३ |
| **३२** | **श्री अक्कलबहादुर कार्की** | **श्री विष्णुमाया धमला** | **श्री सुनमाया नेपाली** | **श्री विष्णुप्रसाद तिवारी** | **श्री धर्मबहादुर बस्नेत** |
| | ९८५६० ०३०३२ | ९८४६८ ३१५८९ | ९८४६२ ८५२६० | ९८४६१ ५४८७३ | ९८४६० ६००७९ |
| **३३** | **श्री शिवप्रसाद आचार्य** | **श्री शान्तिदेवी आचार्य** | **श्री शोभा सार्की** | **श्री दीपक लामिछाने** | **श्री लीलबहादुर श्रेष्ठ** |
| | ९८५६० ०३०३३ | ९८५६० ४१८३२ | ९८२६१ २१०२४ | ९८५६० ४८८८० | ९८१४१ ९३५४२ |
| ० | बुधराज भुजेल (भीमसेन)<br>कार्यपालिका सदस्य | ओमप्रसाद गौचन<br>कार्यपालिका सदस्य | चतुरे विक<br>कार्यपालिका सदस्य | | |
| | ९८५६० ३२५८९ | ९८५६० २०६०३ | ९८४६१ ६३५१७ | | |

## दुर्घटनाबाट बच्न ध्यानदिई दुर्घटना हुनबाट बचौं

सिलिन्डर ल्याउँदा, लैजादा नगुडाऔं, भान्सामा सिलिन्डर सधै ठाडो राखीप्रयोग गरौं, सिलिन्डर सुताएर वा घोप्टाएर प्रयोग नगरौं । ग्यास चुलोको रेगुलेटर, पाइप, चुलो जस्ता उपकरणहरु गुणस्तर भएको मात्रप्रयोग गरौ । हरेक दुई वर्षमाग्याँसको पाइप फेरौं । काम सके पछि रेगुलेटर बन्दगर्न नर्बिसौं । खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्रखानापकाउने गरौं ।

**पोखरा महानगरपालिका कार्यालय**

## पोखरा महानगरको सूचना

- **खुल्ला राखिएका, फोहोरपानी प्रयोग गरिएका, भिंगा भन्केका माछा मासु खरिद बिक्री नगरौं/नगराऔं।**
- **घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भू–नोट मा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं।**
- **समयमै कर तिरौं। सभ्य नागरिकको परिचय दिऔं।**
- **जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका घटनादर्ताहरु समयमै गरौं।**

**पोखरा महानगरपालिका**

# पोखरा महानगरपालिका वडा कार्यालयका वडा सचिवहरुको विवरण:

| क्र.सं. | वडा नं. | साविक वडा/गाविस | वडा सचिव नामथर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | १ | पोखरा–१, बगर | कुलराज पौडेल | ९८५७६ २४८२४ |
| २. | २ | पोखरा–२, विन्ध्यवासिनी | याचना श्री खवास | ९८४६१ ५०६१९ |
| ३. | ३ | पोखरा–३, नदीपुर | मीना बराल पौडेल | ९८४६० ३६५०५ |
| ४. | ४ | पोखरा–४, गैह्रापाटन | केशवराज कोइराला | ९८१६६ ०४२३९ |
| ५. | ५ | पोखरा–५, मालेपाटन | अशोक सुनार | ९८४६६ ३९४६८ |
| ६. | ६ | पोखरा–६, बैदाम | सबिता ढुंगाना | ९८४६० ५०३९९ |
| ७. | ७ | पोखरा–७, रत्नचोक | नवराज सुवेदी | ९८४७७ ९०९८२ |
| ८. | ८ | पोखरा–८, सिर्जनाचोक | भेषराज शर्मा | ९८५११ ७६६३६ |
| ९. | ९ | पोखरा–९, नयाँबजार | लोकदर्शन कोइराला | ९८४६० २०१७६ |
| १०. | १० | पोखरा–१०, रामबजार | महेन्द्रबहादुर खवास | ९८४६० ४८७४४ |
| ११. | ११ | पोखरा- ११ र २१, फूलबारी र काँहु | सूर्यमोहन पौडेल | ९८४६० ३८७७८ |
| १२. | १२ | पोखरा–१२, माटेपानी | चन्द्रकानत तिमिल्सिना | ९८४६० २९५२९ |
| १३. | १३ | पोखरा–१३ र २२ मियाँपाटन र आर्बा | अञ्जु गुरुङ | ९८४६० ४७९२० |
| १४. | १४ | पोखरा–१४ र १८ मझेरीपाटन र छिनेडाँडा | अर्जुन सुवेदी | ९८५६० ८१०३६ |
| १५. | १५ | पोखरा–१५, कोलपाटन | गणेश पाण्डे | ९८४३७ ०२०६७ |
| १६. | १६ | पोखरा–१६ र २८, बाटुलेचौर/अर्मला | कृष्णप्रसाद गौतम | ९८४६७७३२६१ |
| १७. | १७ | पोखरा–१७, बिरौटा | सुभाष पौडेल | ९८५६० ६४८०० |
| १८ | १८ | पोखरा–२६, सराङकोट | राजेन्द्र पौडेल | ९८५६० ३६१७५ |
| १९. | १९ | पोखरा–१९ र पुरन्चौर १ देखि ९ लामाचौर र पुरन्चौर | कुलप्रसाद पौडेल | ९८४६२ १११४१ |
| २०. | २० | पोखरा–२० र मौजा १ देखि ९, भलाम र मौजा | कमलबहादुर वस्नेत | ९८४६२ ७९५१४ |
| २१. | २१ | पोखरा–२३ र २४ निर्मल पोखरी र कृस्ती | शोभाकान्त पोख्रेल | ९८४१७ १६५२३ |
| २२. | २२ | पोखरा–२५, पुम्दीभुम्दी | रामप्रसाद पौडेल | ९८५६० ३१३६६ |
| २३. | २३ | चापाकोट–१ देखि ९ र भदौरे तामागी ३ देखि ९ | शेरबहादुर कुँवर | ९८१४१ ८८१८७ |
| २४. | २४ | कास्कीकोट–१ देखि ९, कास्कीकोट | प्रमोदकुमार गुरुङ | ९८४९८ ८८४५७ |
| २५. | २५ | पोखरा, २७ र २९ हेमजा | ईश्वरीप्रसाद पोख्रेल | ९८५६० २३६७९ |
| २६. | २६ | लेखनाथ–३, ४ र ५ अर्घो र जल्धारे | विष्णुप्रसाद बराल | ९८५६० ६१०९८ |
| २७. | २७ | लेखनाथ –२, ६ र ७, अघौ र शिशुवा | लीलामणि भण्डारी | ९८५६०३६३५८ |
| २८. | २८ | माझठाना– १, ४, देखि ९ र कालिका– १ देखि ५, | झकनाथ पौडेल | ९८५७६ ५०१०७ |
| २९ | २९ | लेखनाथ –१, भण्डारढिक | स्थानेश्वर ढुंगाना | ९८५६० ३२५७९ |
| ३०. | ३० | लेखनाथ–८ र १२ शिशुवा र बरालथर | दुर्गा न्यौपाने | ९८४६० २६४७५ |
| ३१. | ३१ | लेखनाथ–९ देखि ११, बेगनासताल | रेशमलाल पौडेल | ९८५६०३३३५७ |
| ३२. | ३२ | लेखनाथ–१३ देखि १५, राजाको चौतारा | माधवप्रसाद तिवारी | ९८४९६ १४४९३ |
| ३३. | ३३ | लेखनाथ १६ देखि १८ भरतपोखरी | डिल्लीराम गिरी | ९८४६३ २३५८१ |




# पोखरा महानगरपालिकाको संक्षिप्त जानकारी

महानगरपालिकाको नाम :- पोखरा महानगरपालिका
जिल्ला :- कास्की
नगरपालिका स्थापना वर्ष :- २०१६
उप-महानगरपालिका स्थापना :- २०५२ माघ १८
महानगरपालिका स्थापना :- २०७३ फागुन २७
महानगरपालिकाको केन्द्र :- पोखरा महानगरपालिका वडा नं. ८ न्यूरोड पोखरा

*(२०७१ मंसिर १६ गते १० गाविस लामाचौर, भलाम, काहूँ, आर्वा विजय, निर्मलपोखरी, कृस्तिनाच्ने चौर, पुम्दीभुम्दि, सराङ्को, हेमजा र अर्मला गाभिएर उपमहानगरपालिका भएको, मिति २०७३ फागुन २७ गते ६ गाविस चापाकोट, कास्कीकोट, पुरुन्चौर, मौजा, कालिका र माझठाना साथै लेखनाथ नगरपालिका गाभिएर पोखरा लेखनाथ महानगरपालिका बनेको र महानगरको २०७५ असार १० गतेको नगर सभाबाट महानगरको नाम पोखरा महानगर राख्ने सिफारिसलाई मिति २०७५ साउन २३ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार मिति २०७५ भदौ २५ गते राजपत्रमा प्रकाशित भई पोखरा महानगरको नाम कार्यान्वयनमा आएको)*

टेलिफोन :- ०६१-५२१४६०, ५२०३९२
फ्याक्स :- ०६१-५२०६००
इमेल :- info@pokharamun.gov.np
वेबसाइट :- www.pokharamun.gov.np
वडा संख्या :- ३३

**जनसंख्या विवरण**

| वडा | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ४५४१ | ७६१७ | ७८९६ | १५५१३ |
| २ | २४६४ | ४२६१ | ४४६८ | ८७२९ |

| | | | | |
|---|---|---|---|---|
| ३ | २७५० | ४५४३ | ४९१९ | ९४६२ |
| ४ | २४९१ | ४३८८ | ४७३१ | ९११९ |
| ५ | ३९७३ | ७४३० | ७३७३ | १४८०३ |
| ६ | ३८६९ | ७००८ | ७७२१ | १४७२९ |
| ७ | ३४५१ | ६५४० | ६३३५ | १२८७५ |
| ८. | ७१३८ | १२५४१ | १३५३९ | २६०८० |
| ९ | ४२९५ | ८०५३ | ८५७३ | १६६२६ |
| १० | ४९१२ | ९५२२ | ८९४८ | १८४७० |
| ११ | ४०२३ | ७५९७ | ७११९ | १४७१६ |
| १२ | ३०१४ | ६१७२ | ५४४१ | ११६१३ |
| १३ | ४१४९ | ९२६५ | ७८१२ | १७०७७ |
| १४ | ३३०५ | ६९६५ | ६२६० | १३२२५ |
| १५ | ४३२८ | ९२४७ | ७७८० | १७०२७ |
| १६ | ५४६२ | १०४४८ | ९८३० | २०२७८ |
| १७ | ६९४४ | १३९८२ | १२७७० | २६७५२ |
| १८ | २०८० | ४४५५ | ३८९९ | ८३५४ |
| १९ | २६१० | ५८०४ | ४८२० | १०६२४ |
| २० | १०२७ | २२०८ | १८१४ | ४०२२ |
| २१ | २४३२ | ५२०४ | ३८८६ | ९०९० |
| २२ | १८३७ | ४०३३ | ३३५८ | ७३९१ |
| २३ | १३०० | २७२१ | २१९६ | ४९१७ |
| २४ | १५०८ | ३३०१ | २५९१ | ५८९२ |
| २५ | ३०१९ | ६६२९ | ५६३३ | १२२६२ |
| २६ | २९०३ | ६१५४ | ५२४० | ११३९४ |
| २७ | २३५८ | ५१०६ | ४४७७ | ९५८३ |
| २८ | १३०३ | २६८० | २०४७ | ४७२७ |
| २९ | २२६१ | ४९९३ | ३९६८ | ८९६१ |
| ३० | २७८६ | ५७३२ | ५०९१ | १०८२३ |
| ३१ | १९०८ | ४०४४ | ३३३४ | ७३७८ |
| ३२ | २७२१ | ५९२२ | ४७५५ | १०६७७ |
| ३३ | २४६८ | ५४५३ | ४३५३ | ९८०६ |
| जम्मा | १०५,६३० । | २१०,०१८ । | १९२,९७७ । | ४०२,९९५ । |

*राष्ट्रिय जनगणना २०६८ अनुसार*

महिला :- २१०,०१८
पुरुष :-१९२९७७
जम्मा :-४०२,९९५

घर धुरी संख्या :-१०५,६३०
क्षेत्रफल :- ४६४.२४ वर्ग कि.मी.

**सिमाना**

पूर्व - मादी र रुपा गाउँपालिका
पश्चिम - अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा

उत्तर - माछापुच्छ्रे र मादी गाउँपालिका
दक्षिण - स्याङ्जा र तनहुँ
क्षेत्रफलका हिसाबले सबैभन्दा सानो वडा - वडा नं. ४
क्षेत्रफल - ०.५१ वर्ग कि.मि.
क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो वडा - वडा नं. २३
क्षेत्रफल - ४७.४८ वर्ग कि.मि.

**विद्यालयको संख्या**

| आधारभूत | मा.वि. | क्याम्पस | विश्वविद्यालय | प्रा.शिक्षालय | तालिम/प्रशिक्षण केन्द्र |
|---|---|---|---|---|---|
| १०६ | ७० | १७ | १ | १ | १ |

**साक्षारता प्रतिशत**

| महिला | पुरुष | जम्मा ( कास्की जिल्लाको ) |
|---|---|---|
| ७५.३ ५ | ९०.१ ५ | ८२.३ ५ |

**स्वास्थ्य संस्था सम्बन्धी विवरण**

| अस्पताल | | | प्राथमिक स्वास्थ्य केन्द्र | सहरी स्वास्थ्य केन्द्र | हेल्थ पोस्ट | डेन्टल क्लिनिक | ल्याब | आयुर्वेद केन्द्र | पोलिक्लिनिक |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | शैय्या | | | | | | | |
| सरकारी | २ | ४० | ४ | १५ | १९ | ४८ | १७ | ३ | १५ |
| निजी | २३ | २१३६ | | | | | | | |

**ल्यान्डफिल साइटको अवस्था**

- ल्यान्डफिल साइटको क्षेत्रफल २०० रोपनी (जसमध्ये ८० रोपनी क्षेत्रफल फोहर पुर्ने प्रयोजन र बाँकी क्षेत्रफल कम्पोष्ट यार्ड, ट्रिटमेन्ट प्लान्ट, बफरजोन लगायत अन्य प्रयोजन)

**महत्वपूर्ण प्राकृतिक/धार्मिक/सांस्कृतिक/पर्यटकीय सम्पदाहरु**

**नदी/खोला**

- सेती नदी
- सुरौदी नदी
- काँहु खोला
- फुस्रे खोला
- हर्पन खोला
- याम्दी खोला
- विजयपुर खोला
- बुलौंदी खोला
- काली खोला
- गडुवा खोला

**ताल/पोखरी**

- फेवाताल
- बेगनासताल
- रुपाताल
- मैदीताल
- खास्टेताल
- गुँदेताल
- न्यूरेनीताल
- दिपाङ ताल
- पञ्चासे ताल
- कश्यप ताल
- कमल पोखरी

**मन्दिर/गुम्बा/ बिहार**

- विन्ध्यवासिनी मन्दिर
- ताल बाराही मन्दिर

- भद्रकाली मन्दिर
- अकलादेवी मन्दिर
- केदारेश्वर मन्दिर
- गुप्तेश्वर महादेव मन्दिर
- नारायणस्थान मन्दिर
- गीता मन्दिर
- राम मन्दिर, रामघाट
- कोटभैरव भरतपोखरी
- सदा शिव मन्दिर, ढुंगेसाँघु
- लक्ष्मीनारायण मन्दिर, अर्मला
- शोभा भगवती मन्दिर, रानीपौवा
- सिद्धेश्वर महादेव मन्दिर, फूलबारी
- गुप्तकालिका मन्दिर कास्कीकोट
- ठूलाकोट मन्दिर
- कालिका मन्दिर
- माटेपानी गुम्बा
- हेमजा गुम्बा
- धर्मशिला बुद्धविहार आदि ।
- विश्वशान्ति स्तूप, अनदूडाँडा

**कोट/ धरहरा/ भ्यु टावर**

- सराङकोट भ्यू टावर
- काहुँ धरहरा
- मट्टिखान भ्यू टावर
- पञ्चासे भ्यू टावर
- सुन्दरी डाँडा भ्यू टावर
- हुँडीकोट
- पुम्दीकोट
- अर्मलाकोट
- भुम्दीकोट

**गुफाहरु**

- महेन्द्र गुफा
- चमेरे गुफा
- हरिहर गुफा
- गुप्तेश्वर गुफा, भलाम
- सिद्ध गुफा
- सिता गुफा लगायत अन्य..
- कास्कीकोट दरबार
- रत्न मन्दिर, बाराहीघाट
- डेभिजफल्स आदि ।

**संग्रहालय**

१. अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय
२. गोर्खा संग्रहालय
३. पोखरा स्मृति संग्रहालय
४. क्षेत्रीय संग्रहालय
५. अन्नपूर्ण पुतली संग्रहालय

**साहसी खेल पर्यटनसँग सम्बन्धित**

१. प्याराग्लाइडिङ
२. जिप फ्लायर
३. बञ्जी जम्प
४. ट्रेकिङ
५. अल्ट्रालाइट
६. हाइकिङ
७. पोनी ट्रेक
८. र्‍याफ्टिङ
९. फिसिङ
१०. फुटबल, भलिबल र क्रिकेट लगायत अन्य खेलका अन्तर्राष्ट्रिय प्रतियोगिताहरु

**पार्क, उद्यान, बाटीका**

१. कोमागाने मितेरी पार्क
२. वसुन्धरा पार्क
३. पर्स्याङ बगैंचा पार्क
४. फूलबारी पार्क
५. मनकामना पार्क
६. शान्ति वन बाटिका आदि ।

**एफएम रेडियोको संख्या**

| क्र.स. | एफएम रेडियोको नामावली | ठेगाना | प्रकार | कैफियत |
|---|---|---|---|---|
| १. | हिमचुली एफएम | फिर्के - ७ पोखरा | सामुदायिक | |
| २. | पोखरा एफएम | चिप्लेढुंगा-४ पोखरा | व्यावसायिक | |
| ३. | माछापुच्छ्रे एफएम | चिप्लेढुंगा-८ पोखरा | व्यावसायिक | |
| ४. | अन्नपूर्ण एफएम | गैह्रापाटन-४ पोखरा | व्यावसायिक | |
| ५. | बिग एफएम | पोखरा -८ न्युरोड | व्यावसायिक | |
| ६. | रेडियो गण्डकी | पोखरा -९ नयाँबजार | सामुदायिक | |
| ७. | बाराही एफएम | राष्ट्रबैंकचोक पोखरा | व्यावसायिक | |
| ८. | रेडियो सराङकोट | पोखरा -४ चिप्लेढुंगा | सामुदायिक | |
| ९. | रेडियो नेपाल क्षे.प्र. केन्द्र | मालेपाटन पोखरा | सरकारी | |
| १०. | सुनौलो एफएम | चिप्लेढुंगा पोखरा | व्यावसायिक | सञ्चालनमा नरहेको |
| ११. | मेघा एफएम | न्युरोड पोखरा | व्यावसायिक | |
| १२. | रेडियो तरंग | तेर्सापट्टी, पोखरा | व्यावसायिक | |
| १३. | रेडियो छुनुमुनु | नयाँ बजार पोखरा | व्यावसायिक | सञ्चालनमा नरहेको |
| १४. | रेडियो सफलता | मासबार पोखरा | व्यावसायिक | |
| १५. | रेडियो हेमजा | हेमजा पोखरा | सामुदायिक | |
| १६. | अकला एफएम | लामाचौर पोखरा | व्यावसायिक | |
| १७. | रेडियो पश्चिम पोखरा | हेमजा पोखरा | व्यावसायिक | |
| १८. | रेडियो लेखनाथ | लेखनाथ पोखरा | व्यावसायिक | |
| १९. | रेडियो लेकसिटी | लेखनाथ पोखरा | व्यावसायिक | |
| २०. | रेडियो श्री एञ्जल | नयाँगाउँ पोखरा | सामूदायिक | |
| २१. | रेडियो जननी | सिर्जनाचोक पोखरा | व्यावसायिक | |
| २२. | रेडियो सारंगी | महेन्द्रपुल पोखरा | व्यावसायिक | |
| २३. | रेडियो गोर्खाली | सिमलचैर पोखरा | सामुदायिक | |
| २४. | नेसनल एफएम | लेखनाथ | व्यावसायिक | |
| २५. | इन्टरटेनमेन्ट एफएम | बगर | व्यावसायिक | |
| २६. | रेडियो सार्थक | जिरो किमी | व्यावसायिक | |
| २७. | एपोस्टल एफएम | बगर | व्यावसायिक | |
| २८. | अन्नपूर्ण म्युजिक एफएम | गैह्रापाटन | व्यावसायिक | |
| २९ | लाइभ एफएम | बगर | व्यावसायिक | |
| ३० | कास्की एफएम | सिर्जनाचोक | व्यावसायिक | |
| ३१ | समृद्धि एफएम | बिरौंटा | व्यावसायिक | सञ्चालनमा नरहेको |
| ३२ | स्पिड एफएम | पुम्दिभुम्दी | व्यावसायिक | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | रेडियो सिटी | नदीपुर पोखरा | व्यावसायिक | |
| ३४ | न्युज एफएम | बगर | व्यावसायिक | |

**टेलिभिजनको संख्या**

| क्र.स. | टेलिभिजनको नामावली | माध्ययम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | गण्डकी टेलिभिजन | केबल | नयाँबजार पोखरा | सामुदायिक |
| २. | गाल्डेन आई टेलिभिजन | केबल | चिप्लेढुंगा पोखरा | व्यावसायिक |
| ३. | फेवा टेलिभिजन | केबल | नयाँबजार पोखरा | व्यावसायिक |
| ४. | पोखरा टेलिभिजन | केबल | पृथ्वीचोक पोखरा | व्यावसायिक |

**पत्रपत्रिकाको संख्या**

| क्र.स. | पत्रपत्रिकाको नामावली | प्रकार | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | समाधान | दैनिक | पोखरा - ९ नयाँबजार | |
| २. | आदर्श समाज | दैनिक | पोखरा - ८ न्युरोड | |
| ३. | पोखरा हटलाइन | दैनिक | पोखरा - ८ न्युरोड | |
| ४. | हिमदूत | दैनिक | पोखरा - ३ तेर्सापट्टी | |
| ५. | पोखरापत्र | दैनिक | पोखरा- ९ नयाँबजार | |
| ६. | गोल्डेन न्युज | दैनिक | पोखरा-४ चिप्लेढुंगा | निरन्तर नभएको |
| ७. | कास्की आवाज | दैनिक | पोखरा-४ गैह्रापाटन | |
| ८. | पोखरा आवाज | दैनिक | पोखरा -३ पालिखेचोक | |
| ९. | आदर्श नेपाल | दैनिक | पोखरा -८ जाल्पारोड | हाल बन्द |
| १०. | हाम्रो कलम | दैनिक | पोखरा -९ नयाँबजार | हाल बन्द |
| ११. | ताण्डव | साप्ताहिक | पोखरा -९ नयाँबजार | |
| १२. | आरसी टाइम्स | साप्ताहिक | पोखरा -९ नयाँबजार | |
| १३. | परिज्ञान | साप्ताहिक | पोखरा -७ रत्नचोक | |
| १४. | आर्थिक आवाज | साप्ताहिक | पोखरा -८ सिर्जनाचोक | |
| १५. | पोखरेली न्युज | साप्ताहिक | पोखरा -९ नयाँबजार | |
| १६. | सबैको आवाज | साप्ताहिक | पोखरा -८ सिर्जनाचोक | हाल बन्द |
| १७. | सराङकोट | साप्ताहिक | पोखरा १६ बाटुलेचौर | |
| १८. | हिमाली आवाज | साप्ताहिक | पोखरा -८ सिर्जनाचोक | |
| १९. | आरटीआई | साप्ताहिक | | निरन्तर नभएको |
| २०. | तालबाराही | साप्ताहिक | | निरन्तर नभएको |
| २१ | सम्बोधन गण्डकी | साप्ताहिक | | निरन्तर नभएको |
| २२ | नादा टाइम्स | साप्ताहिक | | |